# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ५, अङ्क ३२, पूर्णाङ्क २२७ | २०७६ माघ २२ गते बुधबार | Wednesday, 5 Feb 2020 | www.eratokhabar.com | मूल्य रु. १०


## सुकुमबासीलाई विस्थापित गरे जनकारबाही गर्ने नेकपाको चेतावनी

नेपाल कम्युनिस्ट पार्टी कैलालीले भूमाफिया तथा दलालहरूले सुकुमबासी बस्ती बसेका जमिनहरूलाई खाली गर्दै बिक्रीवितरण गरिरहेको अवस्थामा २०५० सालदेखि बाढीपीडितका रूपमा बस्दै आएका कैलालीको घोराघोडी नगरपालिका ३ भोजपुर बस्तीमा अदालतको फैसलाका नाममा केही भूमाफिया तथा दलालहरूको मिलोमतोमा अदालतले गरेको निर्णयप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको बताएको छ। जिल्ला सेक्रेटरी करणले शुक्रबार प्रेस विज्ञप्ति निकाली २०५५ सालको सुकुमबासी आयोगका अध्यक्ष वीरबहादुर हमाललगायत केही अमूक व्यक्तिहरूको संलग्नतामा भूमाफिया अनिपाल भण्डाराका नाममा उक्त जमिन भएको भन्ने जालसाजी गरी बाढीपिडित,

बाँकी पृष्ठ ३ मा

# सातावव्यापी जनयुद्ध दिवस मनाउँदै नेकपा

■ रातोखबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले सातावव्यापी जनयुद्ध दिवस मनाउने भएको छ । जनयुद्धको धाराबाट आएका विभिन्न समूहहरूमध्ये धेरैले जनयुद्धको विचार, राजनीति र भावनाप्रतिकूल प्रतिध्रुवीय मार्गमा यात्रा गरिरहेका छन् । प्रचण्ड, बाबुरामलगायत कैयौं नेताहरू दलाल पुँजीवादको प्रतिनिधित्व गर्न पुगिसकेको समयमा नेकपाले भने जनयुद्धको भावना र मर्मलाई अझ माथि उठाउन चाहेको प्रस्ट देख्न चाहन्छ । त्यसैको अभिव्यक्तिका रूपमा उसले २५ औं जनयुद्ध दिवस मनाउन लागेको बुझिएको छ ।

जनयुद्ध दिवसअन्तर्गत फागुन १ गते देशव्यापी जनप्रदर्शन हुनेछ । जनसभामा वक्ताहरूले जनयुद्धका सन्दर्भमा समसमायिक विचारसमेत प्रवाह गर्नेछन् । त्यसक्रममा काठमाडौंमा जनसभा गर्ने बताइएको छ भने देशका अन्य भागमा पनि जनप्रदर्शन र सभाहरू आयोजना गरिनेछ । त्यसैगरी फागुन २, ३ र ४ गते विभिन्न रचनात्मक कार्यक्रमहरू गरिने भएको छ । फागुन ५ गते भने देशव्यापी रूपमा साहित्यिक कार्यक्रमहरू गरिने भएको छ ।




जनयुद्धको मुख्य लक्ष्य सामन्तवाद र साम्राज्यवादको जुवाबाट देशलाई स्वाधीन गराउनु थियो । आज भारत र अमेरिकी साम्राज्यवादले नेपाललाई झन्झन् पराधीन बनाउँदै लगेका छन् । भारतले नेपालका कालापानी, लिपुलेक, लिम्पियाधुरा कब्जा गरेर फौज तैनाथ गरेको छ भने अमेरिकाले एमसीसीको बाटो भएर नेपालमा फौजी अखडा कायम गर्ने प्रयास गरिरहेको छ । महाकाली सन्धि गरियो भने विकासले वायुपङ्खी घोडाझैं चमत्कार गर्छ भन्ने राष्ट्रघाती छवि बनाएका केपी वली देशको कार्यकारी प्रमुख भएका छन् । त्यसबेला महाकाली नदीको मुहान किटानी गर्ने र राणाकालमा भएको शारदा बाँधले ओगटेको सट्टाभर्नाको जग्गा ठोस गरेर पानी र विद्युत् आधाआधा गरेर मात्र सम्झौता गर्नुपर्ने अडान पनि राखिएको थियो । काङ्ग्रेस र एमालेले संयुक्त रूपमा उक्त राष्ट्रघाती सन्धि गरेका थिए । सोही सन्धिका कारण भारतलाई नेपालभित्र पस्न सजिलो भएको छ । सेवासुविधा लिन, भ्रष्टाभार गर्न र राष्ट्रघात गरेर प्रभु दाहिना पार्न सत्तापक्ष र प्रतिपक्ष एकै ठाउँमा उभिने गरेका छन् । देशद्रोही एमसीसी पारित गराउन पनि उनै देउवा-वली एकजुट भएका छन् । त्यस्तो अवस्थामा जनताको बलमा सदन र सरकारबाहिरबाट देशको रक्षा गर्ने प्रतिबद्धता आउनु र त्यसका लागि पहलकदमी लिनुलाई बाध्यात्मक विकल्प मान्नुपर्ने हुन्छ । जनयुद्ध दिवसको कार्यक्रमअन्तर्गत नेकपाले फागुन १० गते भारतले कब्जा गरेको भूमि फिर्ता गर्न र एमसीसी सम्झौता खारेज गर्न माग गर्दै देशव्यापी जनप्रदर्शन गर्ने भएको छ ।

... बाँकी पृष्ठ ३ मा

## ‘जनपत्रकार सङ्गठनको पैसा उठाउने नीति छैन’

जनपत्रकार सङ्गठनका सचिव सिर्जना तिम्सिना र कोषाध्यक्ष जानकी चौधरीले सङ्गठनको पैसा उठाउने नीति नभएको र हालैका दिनमा सङ्गठनको नाम जोडेर आर्थिक लेनदेन वा सङ्कलनका विषयमा भएको टिप्पणीप्रति सङ्गठनको ध्यानाकर्षण भएको जनाएका छन् । तिम्सिना र चौधरीले संयुक्त विज्ञप्ति जारी गर्दै सङ्गठनले कुनै पनि आर्थिक अभियान सञ्चालन नगरेको र त्यस्तो अभियान चलेमा केन्द्रीय समितिको पत्रमार्फत आग्रह

... बाँकी पृष्ठ ३ मा

## नेकपाद्वारा महँगीविरुद्ध देशैभर जनप्रदर्शन

नेकपाले शनिबार महँगीका विरुद्ध देशैभर प्रदर्शन गरेको छ । विभिन्न कार्यक्रमको तालिकासहित सङ्घर्षका कार्यक्रम घोषणा गरेको नेकपाले केन्द्रीय कार्यक्रमअनुसर नै शनिबार देशैभर महँगीविरुद्ध प्रदर्शन गरेको हो ।

यसैबीच राष्ट्रिय जागरण मञ्चले शनिबार चितवन जिल्लाको भरतपुर महानगरपालिका र पूर्वी चितवनको सिमलटाँडीमा बढ्दो महँगीविरुद्ध भव्य रूपमा जनप्रदर्शन गरेको छ । केन्द्रीय कार्यक्रमअनुसार उक्त जनप्रदर्शन गरिएको नेकपा चितवनले जनाएको छ ।

... बाँकी पृष्ठ ३ मा

## सुकुमबासीमारा, जग्गा दलालसँग लिएको पैसा पचाउन अनर्गल प्रचार : नेकपा





नेपाल कम्युनिस्ट पार्टी
Communist Party of Nepal
केन्द्रीय प्रकाशन विभाग

प्रेस विज्ञप्ति

केही दिनयता सञ्चार र सामाजिक सञ्जालमा नेकपाका नेताहरू र सञ्चारकर्मी भीमप्रसाद चापागाईं, सिर्जना तिमिल्सिनालगायतलाई बदनाम गर्ने र आफ्नो कमजोरी ढाकछोप गर्ने बदनियतपूर्ण विभिन्न टीकाटिप्पणी, भ्रमहरू प्रवाह भइरहेका छन् । कैलाली हरैया जग्गा दलाल तथा सुकुमबासीमारा विमल बस्यालसँग लिएको कथित चन्दा फिर्ता गर्न पार्टीले दबाव दिएपछि त्यो रकम पचाउन र आफ्नो कमजोरी छोप्न गरिएका हल्लाहरू भ्रमपूर्ण र खेदजनक भएको स्पष्ट गरिन्छ ।

बिरही
प्रयाक्सन इन्चार्ज

मिति : २१ माघ २०७६

■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय प्रकाशन विभागले प्रेस विज्ञप्ति जारी गर्दै सुकुमबासीमारा विमल बस्यालसँग लिएको कथित चन्दा फिर्ता गर्न पार्टीले दबाब दिएपछि त्यो रकम पचाउन र आफ्नो कमजोरी छोप्न गरिएका हल्लाहरू भ्रमपूर्ण र खेदजनक रहेको स्पष्ट पारेको छ ।

विभागका प्रयाक्सन इन्चार्ज विरहीले मङ्गलबार विज्ञप्ति जारी गर्दै भनेका छन्, ‘केही दिनयता सञ्चार र सामाजिक सञ्जालमा नेकपाका नेताहरू र सञ्चारकर्मी भीमप्रसाद चापागाईं, सिर्जना तिमिल्सिनालगायतलाई बदनाम गर्ने र आफ्नो कमजोरी ढाकछोप गर्ने बदनियतपूर्ण विभिन्न टीकाटिप्पणी, भ्रमहरू प्रवाह भइरहेका छन् । कैलाली हरैया जग्गा दलाल तथा सुकुमबासीमारा विमल बस्यालसँग लिएको कथित चन्दा फिर्ता गर्न पार्टीले दबाब दिएपछि त्यो रकम पचाउन र आफ्नो कमजोरी छोप्न गरिएका हल्लाहरू भ्रमपूर्ण र खेदजनक भएको स्पष्ट गरिन्छ ।’

## उमा भुजेललाई बिर्तामोड लगियो, पौडेल चन्द्रगढी हिरासतमा नै

■ रातोखबर संवाददाता/झापा



झापा प्रहरीले नेत्री उमा भुजेललाई बम विस्फोट र सङ्गठित अपराध दुईवटा मुद्दा लगाएको छ भने सुमनसिंह पौडेललाई बम विस्फोट, चन्दा असुली, सङ्गठित अपराध, हातहतियार, सार्वजनिक अपराध र राज्यविरुद्ध अपराध गरी ६ वटा मुद्दा लगाएको छ । नेत्री भुजेललाई सुनसरीबाट बिर्तामोड इप्रकामा ३ दिन राखेर बुधबार चन्द्रगढी जिल्ला प्रहरी हिरासत लगिएको छ । पत्रकार महासङ्घ जिल्ला शाखा झापाका उपाध्यक्ष तथा मानवअधिकार सञ्जाल झापाका अध्यक्षसमेत रहेका सुरेन्द्र थापा नेतृत्वको जनपत्रकार सङ्गठन नेपाल झापाका प्रवीण अधिकारीसमेतको टोलीले माघ १६ गते चन्द्रगढी हिरासतमा नेत्री भुजेलसँग भेटघाट गरेको छ ।

बम विस्फोट र सङ्गठित अपराधमा साधारण तारिखमा सुनसरी जिल्ला अदालतले जनही १० हजारको दरले रिहा

... बाँकी पृष्ठ ३ मा

## नेकपाका नेता माइला र नवीनसहित चारजना अदालतबाटै गिरफ्तार



■ रातोखबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा तत्कालीन उपत्यका विशेष ब्युरो इन्चार्ज माइला लामा र अर्का केन्द्रीय सदस्य नवीन विकसहित ४ जनालाई प्रहरीले अदालत परिसरबाटै गिरफ्तार गरेको छ । उच्च अदालत पाटनको आदेशमा आइतबार रिहा भएलगत्तै माइला लामा, नवीन विक, अनेम सङ्घ (क्रान्तिकारी) की केन्द्रीय महासचिव धीरेन्द्राकुमारी उपाध्याय र ईश्वर दमाईलाई प्रहरीले

... बाँकी पृष्ठ ३ मा

## बम विस्फोटसम्बन्धी मुद्दामा नेकपा नेता सुदर्शनलाई सफाइ



■ अशोक सुवेदी/काठमाडौं

अदालतले नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्य हेमन्तप्रकाश ओली ‘सुदर्शन’ लाई विस्फोटक पदार्थ विस्फोटन गराई कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, राज्यविरुद्धको अपराधसमेत घटनामा सफाइ दिएको छ ।

... बाँकी पृष्ठ ३ मा

# आत्मसमर्पणविरुद्ध कारबाही

देश/परिवेश

■ धर्मेन्द्र बास्तोला



हामीले पार्टी शुद्धीकरणकै बीचमा हिरासतमा पर्ने र पर्नेबित्तिकै आत्मसमर्पण गर्ने कार्यकर्तालाई न्यूनतम् ६ महिनाको कारबाही गर्ने र आत्मसमर्पणको प्रकृति हेरी त्योभन्दा बढी पनि कारबाही गर्ने निर्णय गर्‍यौं । यसबाट धेरै साथीहरू रुष्ट भएको देखापर्छ । सामाजिक दलाल पुँजीवादको प्रतिनिधित्व गर्ने नेकपाको सरकारले गिरफ्तार परेका कार्यकर्ता र नेताहरूलाई आत्मसमर्पण गराउने र नैतिक पतन गराउने अनैतिक र फासिस्ट नीति अवलम्बन गर्‍यो । यद्यपि सरकारी नीति मानिसको नैतिकता, विचार र आदर्शमाथिको हत्या गर्ने रहेको प्रस्टै छ तथापि पलायनको बाटो समात्ने कतिपय नेता र कार्यकताहरूले त्यसको प्रतिवाद गर्न नसक्नु परि स्थितिको सामना गर्न असमर्थ हुनु हो । कुनै पनि समाजको हरेक नागरिककालागि आफ्नो समाज राम्रो हुनु पर्छ, विकशित हुनु पर्छ र त्यसकालागि उपर्युक्त प्रकारको राजनीतिक व्यवस्था हुनु पर्छ, र त्यस प्रकारको व्यवस्थाकालागि क्रियाशील हुनु पर्छ भन्ने नैसर्गिक अधिकार सुनिश्चित हुनु पर्छ र हुन्छ पनि । र समाजवाद जस्तो मानव जातिकालागि सबै भन्दा उन्नत समाज निर्माणकालागि अभियानमा रहेका नेता कार्यकर्ताको गिरफ्तार, नियन्त्रण र जेल फासिवादी शाशकहरूबाट हुने हर्कत हुन । जहाँ फासीवादी सासन चलेको हुन्छ त्यहाँ यस प्रकारको विचारहरूको बन्ध्याकरण गरिन्छ र जनताका यि नैसर्गिक अधिकारहरूको हत्या गरिन्छ, ।

देशको राष्ट्रियताको रक्षा गर, सत्तामा बसेर रक्षा गर्न सक्दैनौ भने सत्ता छाड भन्न पाउनु सम्पूर्ण नेपालीको नैसर्गिक अधिकार हो । देशमा भ्रष्टाचार, महँगी, चेली बेचबिखन, मिटर ब्याज गरी घरबास उजाड गर्ने काम बन्द गर, नसके सत्ता छाड भन्ने अधिकार सबै नेपालीको नैसर्गिक अधिकार हो । देशमा राष्ट्रको सम्पत्तिमाथि खेलबाड गर्ने, माथिल्लो कर्णाली, अरुण तीन, मर्स्याङ्दी, बूढीगण्डकीजस्ता देशका प्राकृतिक स्रोतहरूको बिक्री बन्द गर, त्यसलाई राष्ट्रिय हितमा प्रयोग गर, जनताको आर्थिक उन्नतिको मेरुदण्ड बनाऊ, नसके सत्ता छाड भन्ने हरेक नागरिकको नैसर्गिक अधिकार हो । राज्यलाई कर तिर्नुपर्ने एनसेलजस्ता विदेशी माफियाहरूको घूस खाएर कर मिनाहा नगर, लाभअनुसारको कर असुल गर, सत्तामा बसेर यो काम गर्न नसक्ने हो

... बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# सुलेमानी बन्ने कि लेन्डुप दोर्जे

राष्ट्रियताका विषयमा नेपाली देशभक्त जनमत जुरुक्कै उठिहाल्छ । केपी वली सरकारका सञ्चारमन्त्री गोकुल बास्कोटाले 'प्रतिनिधिसभा' को अन्तर्राष्ट्रिय समितिमा भएको छलफलमा अमेरिकी योजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) पारित नगर्ने हो भने अमेरिकाले सुलेमानी बनाइदिन्छ भनेर दिएको धम्कीपछि सिङ्गो जनमत त्यो कायर र 'डरछेरुवा' अभिव्यक्तिका विरुद्ध केन्द्रीकृत बनेको छ । यसले राष्ट्रियताका लागि नेपाली जनता लेन्डुप होइन, सुलेमानी बन्न तयार छन् भन्ने राम्रो सङ्केत गरेको छ । सरकारी नेकपाकै सांसदले राष्ट्रघाती अभिव्यक्तिका विरुद्ध बास्कोटाको राजीनासम्म मागे । एमसीसीका कारण सरकारी पार्टीभित्रै महाकालीकाण्ड दोहोरिने सम्भावना बढ्दै गएको देखिएको छ ।

यतिबेला मुलुक निरन्तर राष्ट्रियताको बहस र आन्दोलनमा छ । एकातिर नेकपाको नेतृत्वमा राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाको रक्षा, स्वतन्त्रता र समानताको विषयलाई लिएर निरन्तर क्रान्ति जारी छ भने राष्ट्रियता रक्षाको माग गर्दै भ्रष्ट र तस्कर हरूलाई कारबाही गरेको आरोपमा नेकपाका कयौँ नेताहरू यतिबेला जेल र हिरासतको छिँडीमा कष्टपूर्ण जीवन बिताइरहेका छन् । सुलेमानी नबनेर लेन्डुप बन्न चाहेका भए कयौँ डरपोक र अवसरवादीहरूले झैँ उनीहरूले पनि पलायनको बाटो तताइसकेका हुन्थे तर इतिहासमा सधैँ लेन्डुपहरू मात्र कहाँ जन्मिन्छन् र ! नेपालमा 'सुलेमानी' हरू भएकै कारण मुलुकको अस्तित्व आजसम्म धानिएको छ र साम्राज्यवादहरूले अन्यत्रझैँ सीधै आक्रमण गर्न नसकेर केपी वली, शेरबाहादुर देउवा, प्रदी ज्ञवाली र गोकुल बास्कोटाहरू निर्माण गरिरहेका छन् । सुलेमानी कम्युनिस्ट क्रान्तिकारी वा अन्तर्राष्ट्रियतावादी भएकाले यहाँ सन्दर्भपात्र बनाइएका होइनन्, उनी अमेरिकी साम्राज्यवादको आतङ्कवादी र हस्तक्षेपकारी नीति र कार्यक्रमका विरुद्ध निरन्तर क्रियाशील रहँदारहँदैको अवस्थामा अमेरिकाको कपटपूर्ण र आतङ्कवादी आक्रमणमा मारिएकाले राष्ट्रवादका बिम्ब बनेका हुन् ।

केही दिनअघिसम्म कालापानी, लिपुलेक, लिम्पियाधुरालगायत नेपाली भूमि आफ्नो नक्सामा पार्ने र कालापनीमा सैनिक क्याम्प राख्ने भारतीय साम्राज्यवादविरुद्ध आन्दोलित नेपाली देशभक्ति धारा र जनआक्रोशलाई फकाएर, थर्काएर र छक्याएर भारतीय शासक खुसी पार्ने सरकारी धाराका बीच ध्रुवीकृत र केन्द्रित समाज आज अर्को राष्ट्रघाती योजना एमसीसीका विरुद्ध सतहमै उत्रिएको छ । आफ्ना विश्वासपात्र शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा षड्यन्त्रपूर्ण तरिकाले अमेरिकाले घुसाएको एमसीसी योजना केपी वली र प्रदीप ज्ञवालीका हातबाट संसद्बाटै पारित गराउने तयारी भइरहेको समयमा नेपाली जनमत भने आफ्नो देशको रक्षा, साम्राज्यवादी अमेरिकी धम्की र आक्रमणका विरुद्ध बलिदान दिने इरानी सुरक्षा बलका कमान्डर सुलेमानी बन्ने कि आफ्नो व्यक्तिगत र गुटगत स्वार्थमा स्वतन्त्र राष्ट्र सिक्किमलाई भारतमा विलय गराएर मुख्यमन्त्री बन्दै भुस्याहा कुकुरको जस्तो बदनाम र गुमानम मृत्यु मर्ने काजी लेन्डुप दोर्जे बन्ने भन्ने विषयमा बहसमा छ । सरकारका प्रवक्तासमेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटाको अभिव्यक्तिपछि त्यसका विरुद्ध देशभक्त धारा अझै क्रियाशील बनेको छ । जनमत राष्ट्रियताका पक्षमा एकोहोरिएपछि बाध्य भएर सरकारी नेकपाभित्र पनि यसले भुइँचालो ल्यायो । पार्टी फुटाएरै भए पनि शेरबहादुर देउवासँग मिलेर राष्ट्रघाती महाकाली सन्धि गरेका केपी वलीले यतिबेला एमसीसी पारित गराउन फेरि अर्को बल्छी थापेका छन्- झलनाथ खनालको संयोजकत्वमा एमसीसी पारित गराएरै छोड्ने दाबी गरिरहेका प्रदीप ज्ञवालीसहितको छानबिन समिति बनाएर । वार्षिक अर्बौं रुपैयाँ प्राप्त हुन्छ भनेर पार्टीलाई गुमराहमा राख्दै महाकाली सन्धि गर्ने वलीले फेरि असमान, राष्ट्रियताविरोधी र बदनाम सर्तसहितको ५५ अर्बको लोभमा संसद्बाटै एमसीसी पारित गराउने नयाँ प्रपञ्च अपनाएका छन् । देशभक्त नेपालीले निरन्तर चनाखो भएर दबाब दिइरहनुपर्छ ।

नेपालको राष्ट्रियता रक्षाको कुरा उठ्दा एकातिर बलभद्र कुँवर, अमरसिंह थापा, भक्ति थापा, भीमसेन थापाहरूको नाउँ निरन्तर आइरहन्छ भने यसका विरुद्ध राष्ट्रघाती सुगौली सन्धि गर्ने दरबारिया पात्र चन्द्रशेखर पाध्या (दाहाल) को नाउँ आउँछ । राष्ट्रियताविरुद्ध काम गर्दै भारतलाई स्वतन्त्र देश सिक्किम सुम्पिने नकारात्मक पात्र काजी लेन्डुप दोर्जेको नाउँ पनि सबैको मुखमुमै राष्ट्रघाती बिम्बका रूपमा झुन्डिरहने गरेको छ । यतिबेला अमेरिकी साम्राज्यवादको घातक सुरक्षा योजनाको एमसीसी पारित गर्नु प्रकारान्तरले लेन्डुप वा चन्द्रशेखर बन्नु हो भने यसको दृढतापूर्वक प्रतिरोध गर्नु प्रकारान्तरले 'सुलेमानी' बन्नु हो । देशभक्त नेपाली जनताले लेन्डुपपथ वा चन्द्रशेखरपथ नभएर प्रतिरोध वा विद्रोहको सुलेमानीपथ रोज्ने पक्का छ ।

अमेरिका उसको आर्थिक प्रतिस्पर्धी तथा उदीयमान अर्थतन्त्र चीनलाई घेर्न विभिन्न बहानामा एसियामा घुस्ने दाउमा छ । देउवा र वलीजस्ता कमजोर पात्रहरू सत्तामा रहेको समयमा आफ्नो षड्यन्त्रपूर्ण योजना पारित गराउने र त्यसैमा टेकेर नेपालमा सियो बनेर पसी मुसल बनेर निस्किने उसको षड्यन्त्र अब देशभक्त नेपालीले नबुझ्ने कुरै भएन । यसकै लागि अमेरिकाले इन्डो प्यासिफिक स्ट्र्याटेजीको जाल फिँजाएको छ र एमसीसी नामको आर्थिक अनुदानको चिप्लो गोलीभित्र याङ्कीहरू लिएर भित्रिने बहाना खोजिरहेको छ । इराकी संसद्ले आफ्नो मुलुकबाट अमेरिकी सैनिक फिर्ता पठाउने निर्णय गर्दा पनि इराकमा आफ्नो धेरै लगानी भइसकेकाले इराकबाट अमेरिकी सेना फिर्ता जाँदैन भनेर अड्डी लिइरहेको सबैका सामु छर्लङ्ग छ । त्यसैले नेपाल अहिले कुनै पनि साम्राज्यवादी शक्तिसँग घोषित/अघोषित रूपमा रणनीतिक साझेदारीमा लाग्नु राष्ट्रका लागि हितकर हुन सक्दैन । नेपालको भूराजनीतिक अवस्था, लामो समयदेखि अवलम्बन गर्दै आएको असंलग्न परराष्ट्र नीति र साम्राज्यवादी युद्ध एवम् सैन्य गठबन्धनका विरुद्ध नेपाली जनताको राजनीतिक चेतना र कुनै पनि साम्राज्यवादी मुलुकसँग गरिने सैन्य रणनीतिक साझेदारीमा संलग्न हुन उचित नहुने जनताको अडानका कारण अमेरिकी योजनाको इन्डो प्यासिफिक रणनीतिका विरुद्ध जनताले नेकपाद्वारा सञ्चालित प्रतिरोध सङ्घर्षमा लामबद्ध हुनु आवश्यक छ ।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# कम्युनिस्ट पार्टी र महिला नेतृत्वको सवाल



धीरेन्द्राकुमारी उपाध्याय 'भृकुटी'

*मातृसत्तात्मक युगको अन्त्य र दासयुगको सुरुआतसँगै शासक वर्गीय दृष्टिकोणबाट निर्देशित सत्तानीति र नेतृत्व हाबी भयो । त्यसपछि शोषित वर्गमाथि अन्याय, अत्याचार, शोषणदमनका हथकण्डा सुरु भए महिला समुदाय पनि दोस्रो दर्जाको नागरिकमा गठन गरिए । महिला वर्गले चारवटा सत्ता (आर्थिक, राजनीतिक, सामाजिक र संस्कृति) को उत्पीडनको सिकार हुनुपर्‍यो । सम्पत्तिको अधिकार, सत्ताको अधिकार, श्रमको अधिकार, शक्तिको अधिकार हुँदाहुँदा आफ्नो शरीरमाथिको अधिकारबाट समेत वञ्चित गराइयो ।*

### भूमिका

मानव समाजको उत्पत्ति उत्पादनका साधन र स्रोतमा भएको विकास र निजी सम्पत्तिको उदयले समाज दुई वर्गमा विभाजित भयो । आफ्नो वर्गको रक्षाका लागि सङ्गठित संस्थाका रूपमा रणनीतिक पार्टीको विकास भयो । सबै पार्टीहरूले आआफ्नो दृष्टिकोणअनुसारको नीति, योजना र कार्यक्रम अगाडि बढाए । बहुसङ्ख्यक सर्वहारा श्रमजीवी वर्गको प्रतिनिधित्व गर्ने संस्थाका रूपमा कम्युनिस्ट पार्टी देखापर्‍यो । जसको नेतृत्वमा विश्वमा अभ्यास गरिएका व्यवस्थामध्ये उन्नत व्यवस्था वैज्ञानिक समाजवादी व्यवस्था थियो । यसका जन्मदाता कार्ल मार्क्स र एङ्गेल्स हुनुहुन्थ्यो । उहाँहरूले सन् १८४८ मा कम्युनिस्ट घोषणापत्र प्रकाशित गर्दै सामन्तवाद र पुँजीवादको कुरीति र कुसंस्कारबाट विक्षिप्त भएका 'संसारका सर्वहारा श्रमजीवी वर्गमा उत्साह' पैदा भयो ।

लेनिनको नेतृत्वमा सञ्चालित अक्टोबर क्रान्तिमार्फत बोल्सेभिक कम्युनिस्ट पार्टीको नेतृत्वमा समाजवादी सत्ताको स्थापना भयो । उत्पीडित वर्गलाई राजनीतिक र आर्थिक रूपमा समान अधिकार सुनिश्चित गर्‍यो । समाजमा दोस्रो दर्जाका रूपमा रहेका महिलाहरूलाई पुँजीवादी सोचाइ र चिन्तन भएका प्रुँधो र लासालले महिलाहरूलाई 'चुलोचौकोमा फर्काइनुपर्छ । राजनीतिमा सरिक गराउनु हुन्न' भन्ने मान्यताका विरुद्ध लेनिनले जबसम्म महिलाहरूलाई राज्यका समग्र क्षेत्रमा समान अधिकारको ग्यारेन्टी गरिँदैन तबसम्म समाजको विकास पनि असम्भव छ । वर्गीय मुक्तिबाट मात्रै महिला मुक्ति सम्भव छ । उत्पीडित वर्गको मुक्ति र अधिकारको पहिलो अस्त्र वर्गसङ्घर्ष नै हो भन्ने उद्घोष गर्नुभयो । महिलाहरूलाई सिद्धान्त र व्यवहार दुवै हिसाबले समान अवसर प्रदान भयो । यसको निरन्तरता माओले पनि दिनुभयो । नेपाल कम्युनिस्ट पार्टीमा पनि २००६ सालदेखि २०५१ सालसम्म छिटफुट रूपमा प्रतिनिधि महिला पात्रका रूपमा मात्र देखापरे । दस्ताबेजमा महिला अधिकारका प्रश्न उठे पनि योजना निर्माणमा र कार्यान्वयनमा कहिल्यै प्रधान विषय बनाइएन । सङ्घर्षमा भने नेपाली महिलाले जहानियाँ राणाशासनको अन्त्य र निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्यका लागि कठोर सङ्घर्ष र महत्वपूर्ण योगदान पुर्‍याए ।

२०५२ सालमा सुरु भएको जनयुद्धले मात्र मालेमावादी सिद्धान्तलाई आत्मसाथ गर्दै आदर्श र व्यवहार दुवै हिसाबले महिलाहरूलाई राज्यका सबै निकायमा पुरुषसरह समान अधिकार प्राप्त नहुन्जेल उत्पीडनको थप क्षतिपूर्तिस्वरूप विशेषाधिकारको ग्यारेन्टी गर्‍यो । यसले पार्टी, सेना र सत्तामा ४० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्‍यो । गाउँगाउँमा सामन्ती-पुँजीवादी गलत संस्कार र संस्कृतिविरुद्ध सङ्घर्ष गर्दै सभ्य संस्कार र संस्कृतिको विकास भयो । अन्तरिम संविधान ३३ प्रतिशत महिला सहभागिता थप गर्‍यो ।

वर्गसङ्घर्षको नेतृत्व गरेको पार्टी र नेता वर्गीय दृष्टिकोणबाट विचलित भई पुँजीवादी दलाल संसदीय व्यवस्थामा विलय भए अनि पुँजी र शक्ति हुने महिला मात्र अगाडि आए । सङ्घर्षको बेला तय गरिएका नीति र योजना कार्यान्वयन हुन सकेनन् । महिला नेतृत्वहरू पनि पुँजीवादी संसदीय व्यवस्थाको पिछलग्गु हुन पुगे । प्रतिक्रान्तिकारी दलदलमा फसेपछि वर्गसङ्घर्षको सिद्धान्त नै परित्याग गरेपछि अन्ततः परिणाममा जे हुनु थियो त्यही भयो । अधिकार त शोषित वर्गले शासकसँग खोसेर लिनुपर्छ । मागेर कसैले दिँदैन । विद्यमान कम्युनिस्ट पार्टीको नेतृत्वमा सञ्चालित दलाल संसदीय व्यवस्था भनेको पित्तलमा जलप लगाएको नक्कली सुन हो । रूपमा चम्किन्छ, सारमा खोक्रो छ । नेपाली जनताले वर्तमानमा यिनको आशा गर्नु भविष्यमा धोकाशिवाय केही छैन । त्यसैले समयमै सत्य खोजौँ, विकल्प रोजौँ, भविष्यको बाटो उज्ज्वल बनाऔँ । यहाँ चर्चा गर्न खोजिएको नेपाली कम्युनिस्ट पार्टी र महिला नेतृत्वको सवाल हो ।

### कम्युनिस्ट पार्टी

कम्युनिस्ट पार्टी भनेको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी विश्व-दृष्टिकोणबाट निर्देशित मालेमावादी सिद्धान्तमा आधारित सर्वहारा वर्गको अग्रदस्ता हो । मार्क्सवादको आधारभूत सिद्धान्त भनेको वर्गसङ्घर्ष सशस्त्र सङ्घर्ष, बल प्रयोगको सिद्धान्त हो । यो पार्टीको रणनीतिक उद्देश्य साम्यवाद हो । कार्यनीतिक उद्देश्य जनताका आधारभूत समस्या पहिचान र समाधान गर्दै देश, काल र परिस्थितिअनुसार कार्यदिशा निर्माण गर्दै सामन्तवाद र पुँजीवादको अन्त्य गरेर समाजवादी व्यवस्था स्थापना गर्नु हो । पुँजीवादी समाजमा रहेको वर्गीय अन्तरविरोध समाधानका लागि यो सिद्धान्त जरुरी छ । यो सिद्धान्तबेगरका सुधारवादी पार्टी र नेता कम्युनिस्ट होइनन् । संसदीय पुँजीवादी पार्टी हुन् । प्रतिक्रान्तिकारीहरूले शान्तिपूर्ण ढङ्गले परिस्थितिअनुसार जानुपर्छ, यो सिद्धान्त पुरानो भइसक्यो भनेर भ्रम दिइरहेका छन् । यो भनेको वर्गीय दृष्टिकोणबाट विचलित पुँजीवादी पागलपना हो । जुनसुकै सिद्धान्त, विचार र नेतृत्वलाई जाँच्ने सत्यको कसौटी व्यवहार हो । व्यवहारमा वर्गसङ्घर्षको सिद्धान्त परित्याग गरेका छन् । साम्राज्यवादीहरूले आफ्नो भूमि अतिक्रमण गर्दा आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक हिसाबले नागरिकलाई खरिदबिक्री गर्दासमेत टुलुटुलु हेरेर बसेका छन् । सत्तामा पुँजी र पहुँच हुनेको हालीमुहाली बढेको छ । त्याग, तपस्या, योगदान र बलिदान गरेका क्षमतावान् जनशक्ति अपमानित भएका छन् । जनताका आधारभूत आवश्यकता, गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारको अभावले तड्पिएर विदेशीको गुलाम बन्नुपर्ने अवस्था छ । निगम पुँजीवादको एकाधिकारवादी चरित्रका कारण पुँजीपति वर्ग र सर्वहारा वर्गबीचको अन्तरविरोध चर्केर गएको छ । यस्तो सिद्धान्त लिएका नीति र नेता कम्युनिस्ट हुन सक्छन् त ? यस्तो पार्टीको नेतृत्वमा ल्याइने व्यवस्था पुँजीवादी संसदीय हुन्छ तर समाजवादी हुन सक्दैन ।

सच्चा कम्युनिस्ट पार्टीद्वारा निर्देशित व्यवस्थामा त उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्गको समान अधिकार सुनिश्चित गरिन्छ । प्रत्येक नागरिकलाई क्षमताअनुसारको काम, कामअनुसारको दामको व्यवस्था गरिन्छ । जनताका आधारभूत आवश्यकता गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारको जिम्मा राज्यको हुन्छ । राज्य नागरिकप्रति उत्तरदायी हुन्छ । समाजमा कसैले सम्मानित र कसैले अपमानित हुने अवस्थाको अन्त्य गरी सबैले सम्मानित जीवन जिउने अवसर प्रधान हुन्छ । निजी सम्पत्तिको राष्ट्रियकरण गर्दै समान वितरणको व्यवस्था गरिन्छ ।

दलाल पुँजीलाई निरुत्साहित गर्दै राष्ट्रिय पुँजीपतिलाई स्थान दिइन्छ । जल, जमिन, जङ्गलको सदुपयोग गर्दै कृषिमा आधुनिकीकरण, औद्योगिकीकरण, विद्युतीकरणद्वारा आत्मनिर्भर अर्थतन्त्र विकास हुन्छ । पराधीनताको अन्त्य गरिन्छ । उत्पादनका साधनमा सामाजिक स्वामित्व कायम हुन्छ । यस्तो व्यवस्था नै वैज्ञानिक समाजवादी व्यवस्था हो । यो व्यवस्थाले मात्र राष्ट्र समृद्ध, जनता सुखी र खुसी हुन्छ । दलाल संसदीय व्यवस्थाका ठेकेदारहरूले छरेको भ्रम र गुलिया नारामा विश्वास गर्‍यौँ भने समाज यथास्थितिमै रुमलिनेछ । गति प्रदान गर्न सक्नेछैन । अग्रगामी परिवर्तनका लागि सच्चा राष्ट्रवादी र प्रगतिशील शक्तिहरूको एकताबाट सङ्घर्ष जरुरी छ ।

### महिला नेतृत्वको सवाल

समाज विकासको प्रारम्भिक चरण जतिबेला उत्पादनका साधनमा सामाजिक मालिकत्व थियो । निजी सम्पत्तिको उदय भएको थिएन । समाज वर्गमा विभाजित भएको थिएन । समाज कबिला समाजमा थियो । यो समाजको मालिक महिलाहरूको ऐतिहासिक पराजय हो । मातृसत्तात्मक युगको अन्त्य र दासयुगको सुरुआतसँगै शासक वर्गीय दृष्टिकोणबाट निर्देशित सत्तानीति र नेतृत्व हाबी भयो । त्यसपछि शोषित वर्गमाथि अन्याय, अत्याचार, शोषणदमनका हथकण्डा सुरु भए महिला समुदाय पनि दोस्रो दर्जाको नागरिकमा गठन गरिए । महिला वर्गले चारवटा सत्ता (आर्थिक, राजनीतिक, सामाजिक र संस्कृति) को उत्पीडनको सिकार हुनुपर्‍यो । सम्पत्तिको अधिकार, सत्ताको अधिकार, श्रमको अधिकार, शक्तिको अधिकार हुँदाहुँदा आफ्नो शरीरमाथिको अधिकारबाट समेत वञ्चित गराइयो ।

'विद्रोह गर्नु जनताको अधिकार हो' भन्ने मान्यतालाई आत्मसाथ गर्दै मालेमावादी सिद्धान्तमा आधारित बहुसङ्ख्यक सर्वहारा श्रमजीवी वर्गको नेतृत्व गर्ने सर्वहारा वर्गको अग्रदस्ता कम्युनिस्ट पार्टीद्वारा विश्वमा सञ्चालित विभिन्न आन्दोलनमा महिलाहरूले असङ्ख्य कीर्तिमान कायम गर्दै आए । त्यही स्तरमा राज्यसत्तामा महिला सहभागिता कम्युनिस्ट पार्टीमा महिला नेता र कार्यकर्ताको विकास हुनसकेको छैन । यसको मुख्य कारण यसप्रकार रहेका छन्–

#### (१) शासक वर्गीय राज्यसत्ता

शासकवर्गीय दृष्टिकोणमा आधारित राज्यसत्ता नीति र नेतृत्वले आफ्नो वर्गको स्वार्थरक्षामा ध्यान केन्द्रित गर्दछ । उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गको अधिकारका लागि कहिल्यै सोच्दैन । शासकहरू त मुखमा रामराम बगलीमा छुरा गर्दछन् । सिद्धान्तमा एउटा र व्यवहारमा अर्कै गरेका छन् । जुन कम्युनिस्ट पार्टीले महिला अधिकार र मुक्तिलाई कागजमा मात्रै सीमित गर्छ यथार्थमा परिणत गर्न सक्दैन, त्यो कम्युनिस्ट हैन दलाल संसदीय हो । यो पुँजीवादीहरूको वर्गीय धर्म हो । उत्पीडित वर्गका नेताले पनि आफ्नो वर्गीय धर्मलाई परित्याग गरी अर्काको सेवा मात्रै गरेपछि 'श्रम गर फलको आस नगर' भनेझैँ हुन्छ । आफ्नो वर्गप्रति गद्दारी गर्नु ठूलो अपराध हो । यसको पहिचान र आत्मसमीक्षा गर्दै सर्वहारावर्गीय दृष्टिकोणलाई दृढताका साथ आत्मसाथ गर्नुपर्दछ । जबसम्म जनसङ्ख्याका आधारमा समान अधिकार सुनिश्चित हुँदैन तबसम्म निरन्तर सङ्घर्ष जारी राख्नुपर्छ । यो असल नेताको कर्तव्य हो ।

#### (२) नेताहरूमा रहेको पितृसत्तावादी चिन्तन

नेपालका सत्तासीन कम्युनिस्ट पार्टी र त्यसका नेताहरू पितृसत्तावादी सोचाइ र चिन्तनले ग्रसित छन् । सङ्घर्षको बेला विशेषाधिकारसहित अधिकारको वकालत गर्ने नेताहरू वर्गीय दृष्टिकोणबाट विचलित भएपछि दलाल संसदीय व्यवस्थाको असल पहरेदार भएपछि उत्पीडित, वर्ग, जाति, क्षेत्र र लिङ्गका समुदायलाई अधिकारको प्रत्याभूति गराउने महिला नेता र कार्यकर्ताको विकास गराउने कुरा आकाशको फल आँखा तरी मरजस्तै भएको छ । एङ्गेल्सले भन्नुभएको छ, 'पुँजीवादी व्यवस्था वेश्या व्यवस्था हो ।' पुँजीवादी पार्टी र व्यवस्थाले रूपमा हरियो घास देखाउँछन्, भित्र विषालु सर्प छोडिदिन्छन् । त्यो विषालु सर्पले आफ्नो बच्चाको माया त गर्ला तर अरूलाई सिध्याइदिन्छ । त्यस्तै दलाल संसदीय व्यवस्थामा महिला नेतृत्व आउन कि त श्रीमान् मर्नुपर्ने कि त पुँजी हुनुपर्ने, कि त पहुँच र शक्ति हुनुपर्ने गलत संस्कार र संस्कृतिको विकास भएको छ ।

नेतृत्वमा पुगेका महिला पनि पितृसत्तावादी चिन्तनको सिकार भएका छन् । आफू शक्तिमा पुगेपछि अरूको मतलब गर्दैनन् । आफूलाई चाहिएपछि मात्र महिला हक, अधिकार र मुक्तिका कुरा गर्ने प्रवृत्ति छ । यो पितृसत्तावादी प्रवृत्तिका विरुद्ध सम्पूर्ण महिला एकता बढ्दै वर्गीय मुक्तिसँगै महिला मुक्तिका लागि निरन्तर सङ्घर्ष गर्न जरुरी छ ।

#### (३) दासमनोवृत्ति र पिछलग्गुपना

वर्गविभाजित समाजदेखि नै महिलाहरू दासी हुँदै आएका छन् । दासयुगमा दास भए, मालिक हुन सकेनन् । सामन्तवादी युगमा नोकर भए, सामन्त हुन सकेनन् । पुँजीवादी युगमा मजदुर भए, मालिक हुन सकेनन् । सतीप्रथाजस्तो घृणित र निरङ्कुश व्यवहारबाट आएका महिलाहरू एकाएक धनीसँग गरिबले प्रतिस्पर्धा गर्न सक्दैनन् । यो सामाजिक नियम हो ।

इतिहासदेखि जरा गाडेर बसेको यो प्रकृतिका कारण महिलाहरूलाई राज्यसत्तामा उत्पीडनको क्षतिपूर्तिस्वरूप विशेषाधिकारसहित समान अधिकार लागू गर्नुपर्छ । कम्युनिस्ट पार्टीहरूमा महिला नेता र कार्यक्रमको विकासका लागि विशेष अवसर प्रदान गरी स्वच्छ र समान प्रतिस्पर्धाको वातावरण बनाउनुपर्छ । यो हुनसकेको छैन । सत्ताधारी नेकपाले आरक्षणको कुरा उठायो । यो पनि पुँजी र शक्ति हुने महिलालाई मात्र भयो । उत्पीडित वर्गका महिलालाई भएन ।

परम्परावादी प्रवृत्तिको गहिरो समीक्षा गर्दै महिला नेताहरूले 'कुखुरा भएर आँगन खोस्रने' हैन, 'चिल भएर संसारलाई हेर्न' सक्नुपर्छ । जबसम्म महिला नेताहरू समग्रताको परित्याग गरी अंशमा मात्रै रुमलिन्छन्, दासमनोवृत्ति र पिछलग्गुपनाबाट ... बाँकी पृष्ठ ३ मा

## आत्मसमर्पणविरुद्ध ...

भने सत्ता छाड भन्ने हरेक नागरिकको नैसर्गिक अधिकार हो । यसप्रकारको अधिकार के किसान, के मजदुर, के स्कुल, कलेज र विश्वविद्यालयका विद्यार्थी, के कर्मचारी, के सेना, के प्रहरी के राजनीतिक पार्टीका नेता-कार्यकर्ता, के अमीर, के भिखारी सबैको नैसर्गिक अधिकार हो र यसबारे सङ्घर्ष गर्नु सबैको समान जिम्मेवारी पनि हो । यसप्रकारका नाराहरू लगाउँदा, बोल्दा, राजनीतिक सभा-सङ्गठन गर्दा सरकारले गिरफ्तार गर्ने र जेलमा हाल्ने मात्र गरेन, विकृत समाजका सत्यहरू उजागर गरेबापत ५ लाखसम्म धरौटीको माग गरियो । अबआइन्दा यसप्रकारको काम गर्नेछैन भन्ने कबुलनामा बनाउने काम गरियो । यो मानिसको संवेदना, विचारमाथिको हत्या हो । अहिलेको सामाजिक दलाल पुँजीवादी पार्टी सबैभन्दा ठूलो हत्याराका रूपमा बदनाम भएको छ । यसप्रकारको सत्तासँग जब विचारको राजनीतिले काम गर्न छाड्छ, तब हतियार वा युद्धको राजनीति अगाडि आउँछ र फासिवादका आवश्यक ठेगानाहरूमाथि बम विस्फोट हुन पुग्छन् । यो पनि जनताको नैसर्गिक अधिकार हो ।

तर कम्युनिस्ट कार्यकर्ताहरूमा यो नैसर्गिक अधिकार प्राप्ति र स्थापित गर्नका लागि दृढतापूर्वक सङ्घर्ष गर्नेभन्दा पनि आत्मसमर्पण गर्ने, कागज गर्ने र निस्कने रुझान देखापर्‍यो । यो प्रवृत्तिलाई सबै कमरेडहरूले सच्याउन आवश्यक हुन्छ ।

अब प्रश्न आउँछ, बाहिर हुँदा क्रियाशील रहने कमरेडले सत्ताले गिरफ्तार गर्ने र हिरासतमा पुग्नेबित्तिकै किन आत्मसमर्पण गर्छ ? त्यसका पछाडिका कारणहरू यस्ता हुन सक्छन् : त्यसपछिको पहिलो कारण कार्यकर्ता र नेताहरू पनि मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक एवम् सैद्धान्तिक हतियारबाट सुसज्जित हुन नसक्नु हो । शुद्धीकरणको एउटा अभिप्राय कमरेडहरूलाई सैद्धान्तिक हतियारबाट सुसज्जित गर्नु हो । दोस्रो कारण हो- अवसरवाद । अवसरवादको कुरा के हो भने पार्टीको प्रतिष्ठा र ओज बेचेर कमाउ धन्दामा लाग्ने र गिरफ्तारीमा पर्नेबित्तिकै आत्मसमर्पण गरेर निस्कने । अनि जब पार्टीले अनुशासनको कारबाही गर्छ तब पार्टी छाडेर भागिहाल्ने किनकि उसका लागि अब पार्टी उपयोग गर्नका लागि एक कौडीको मूल्यबराबरको रहन्न । शुद्धीकरणको अर्को अभिप्राय यसप्रकारका कचरा पार्टीबाट हटाउनु र पार्टीलाई सफा र चुस्त गर्नु हो ।

आत्मसमर्पण गर्ने प्रवृत्ति बन्द गर्नुपर्छ । जसले त्यसप्रकारको कमजोरी गरेको छ उसले अनुशासनको पालना गर्नुपर्छ र उसले समाज र जनताको सुन्दर भविष्य निर्माण गर्ने अभियानमा समाहित हुनुपर्छ ।

**पलायनको प्रभाव**

खास-खास परिघटनाहरूले खासखास समयमा मानिसलाई भावनात्मक चोट पुर्‍याउने हुन्छन् । पछिल्लो समयमा पार्टीको जिम्मेवारपूर्ण पोलिटब्युरोमा पुगेका कमरेड जीवन्त र कमरेड गम्भीरले पार्टीबाट स्वतन्त्र भएको वक्तव्य सार्वजनिक गर्नुले एकप्रकारको चोट पुर्‍यायो । त्यस्तैगरी अन्य तमाम कमरेडहरूले पलायन हुने प्रवृत्ति देखाउनुले पनि चोट पुर्‍याउनु स्वाभाविक थियो । आमरूपमा हेर्ने हो भने पार्टीको नीति, क्रान्तिको उत्कृष्ट उद्देश्य, नेतृत्वको दृढता र जनताको सहभागितासहित यिनै नेता र कार्यकर्ताहरूको क्रान्तिप्रतिको प्रतिबद्धता देखेर पनि एकीकृत जनक्रान्तिको कार्यदिशामा करिब एक दर्जन योद्धाहरूको रगत बगेको छ । अहिलेसम्म हजारको वरपर कार्यकर्ताहरू गिरफ्तार भएका छन्, अहिले पनि अढाइ सयभन्दा बढी योद्धाहरू वीरतापूर्वक सङ्घर्ष गर्दै सरकारको हिरासत र बन्दी अवस्थामा छन् । दुस्मनका हरेक षड्यन्त्र र क्रान्ति निस्तेज गर्ने दलालहरूको योजना निष्फल गर्न, जेल र हिरासतका मोर्चाहरूमा तमाम नेता र कार्यकर्ताहरूले दृढताका साथ मुकाबिला गर्नुभएको छ । त्यो त्याग र बलिदानपूर्ण सङ्घर्षका अगाडि कमरेडहरूले स्वतन्त्र भएको जिकिर गर्नुभएको छ ।

जीवन्त र गम्भीरजस्ता कमरेडहरू भर्खर आन्दोलनमा लागेका होइनन्, सामान्य परिघटनाबाट प्रोत्साहित र दुरुत्साहित हुने स्तरका पनि होइनन् । कसैले कन्भिन्स गरेर एकीकृत जनक्रान्तिमा ल्याएका वा कुनै प्रलोभनमा परेर डोलायमान हुने पनि होइनन् । प्रचण्डसँगको भीषण वैचारिक सङ्घर्ष, किरणसँगको सम्बन्धविच्छेद हुँदै पार्टीको विकास र सङ्घर्षमा योगदान गरेका कमरेडहरूले एकाएक स्वतन्त्र हुने कुरा गर्नु ऐतिहासिक जिम्मेवारीप्रति गम्भीर नहुनु हो । हामीलाई आश्चर्य लाग्ने कुरा त के छ भने कतिपय कमरेडहरू क्रान्तिकारी काममा रहँदासम्म सामान्य रूपमा भए पनि क्रान्तिकारी काममा नै लागिरहने तर एमालेमा पतन भैसकेपछि एनजीओ र आईएनजीओको झोला बोकेर हिँड्ने गरेका छन् । उनीहरूले पार्टीमा रहँदा एनजीओ-आईएनजीओको साम्राज्यवादी ढाँचाको विरोध गरेका थिए र निश्चित रूपले आफ्नो कार्यक्षेत्रमा रहँदा सङ्घर्ष पनि गरेका थिए । तर जब उनीहरू एमालेमा पतन भए, उनीहरूले कुन सिद्धान्त, कुन राजनीति, कुन नैतिकतले पुनः त्यही साम्राज्यवादी संरचनाको झोला बोक्न सके ? यो अनैतिकता, अवसरवाद र वैचारिक पतनको पराकाष्टा देख्दा उदेक लाग्छ । क्रान्ति हारेको समयको मूल्याङ्कन गर्दै लेनिनले विश्लेषण गर्नुभएको थियो- रुसी राजनीतिमा नेताहरूको राजनीतिक कामलाई वेश्यावृत्तिले विस्थापित गरेको थियो । अहिले केही कमरेडहरूमा त्यही समस्या देखिएको त होइन भन्ने आभास हुन्छ ।

हुनत हामीलाई महान् जनयुद्धको नेतृत्व गरेको तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) क्षतविक्षत हुने कुराले निश्चय पनि मर्माहत बनाएकै छ । जीवनभरको रगत र पसिना, बुद्धि र वर्गत प्रचण्ड, किरण, बाबुराम, बादलजस्ता नेताहरूसँग क्रान्तिकारी सहयात्रामा टिमबद्ध भएर खर्च गरियो । देशमा राजतन्त्रको अन्त्य गरी गणतन्त्र पनि ल्याइयो तर शान्तिप्रक्रियाको षड्यन्त्रबाट उनीहरूको संसद्‍वादमा भएको पलायन र जनवादी गणतन्त्रको जन्मलाई तुहाउने हर्कतले अहिले पनि मर्माहत बनाएकै हुन्छ । युद्धका बङ्करबाट असहज समयमा सूचना प्रवाह गर्ने प्रभाकर, युद्धमोर्चामा कहिल्यै नडग्ने पासाङजस्ता कमरेडहरू प्रतिक्रान्तिकारी तुफानमा बढारिएर संसद्‍वादको रसातलमा पुग्ने घटनाले पनि हामीलाई मर्माहत बनाएकै छ । तर उनीहरूको पतनको प्रश्न विचार र राजनीतिको विषय भएका कारण भीषण प्रकारको बहस भयो । पार्टीलाई एकताबद्ध गर्ने प्रयत्न पनि अत्यधिक भयो तर विचार र राजनीतिमा जतिसुकै नजिक र प्रिय नेताहरू भए पनि सम्झौता गर्न सकिँदैनथ्यो र भएन पनि । किनभने वर्गसङ्घर्ष र वैचारिक सङ्घर्षलाई अन्तरसम्बन्धित रूपमा हेर्नु र त्यसअनुसार व्यवहार गर्नु कम्युनिस्टको ऐतिहासिक जिम्मेवारी हो । यसबाट प्रचण्ड, बाबुरामसहितका नेताहरूको संसद्‍वादमा भएको पलायनले नेपाली कम्युनिस्ट आन्दोलन र विश्व-कम्युनिस्ट आन्दोलनलाई जतिसुकै नोक्सान पुगे पनि त्यसको सामना गर्ने कुरा हुन्थ्यो र त्यो भई नै रहेको छ किनभने यो एउटा राजनीतिक डिस्कोर्स, राजनीतिक चुनौती र ऐतिहासिक चुनौती थियो ।

तर यो भीषण सङ्घर्षबाट आएका कमरेडहरूले एकाएक स्वतन्त्र हुने घोषणा गर्नु एकप्रकारले अनौठो, पीडादायक र जटिल विषय हो किनभने मानिसको प्रतिबद्धता परिस्थितिको अगाडि कसरी विसर्जित हुन्छ भन्ने उदाहरण यसले देखाउँछ र यसले यो पनि पुष्टि गर्छ- क्रान्तिकारी आन्दोलनको विकास गर्ने बाटोको महानता क्रान्तिबाहेक कहीँ पनि तुलना गर्न सकिँदैन । पार्टीमा क्रियाशील रहँदासम्म यिनै कमरेडहरूले आफ्नो बुताले भ्याएसम्म वैचारिक, राजनीतिक, सङ्गठनात्मक र सांस्कृतिक क्षेत्रमा सङ्घर्ष गरेका हुन् । उनीहरूले पनि अनेक प्रकारका षड्न्त्रहरू चिर्दै, अनेक प्रकारका प्रलोभनहरू पन्छाउँदै देश र जनताको मुक्तिका लागि मृत्युवरण गर्नुपरे पनि तयार हुने प्रतिबद्धता गरेका पनि हुन् तर स्वतन्त्र हुने घोषणासँगै दक्षिणपन्थी संसदीय बाटो समाउने निष्कर्ष भयो भने स्थिति निश्चित रूपमा त्यही विकास हुनेछ जस्तो प्रचण्ड र बाबुरामहरूसँगको भयो ।

तर यहाँ पुनः त्यही प्रश्न आउँछ- के कुनै व्यक्ति पूर्ण रूपले स्वतन्त्र रहन सक्छ ? वर्गसमाजभित्र वा भविष्यमा बन्ने साम्यवादमा पनि कोही व्यक्ति स्वतन्त्र रहन सक्छ ? यसका विषयमा माथि नै चर्चा भैसकेको छ । कोही पनि मानिस स्वतन्त्र रहन सक्दैन । कोही पनि मानिस असंलग्न रहन सक्दैन । कि त कमरेडहरूले क्रान्तिकारी आन्दोलनलाई निरन्तरता दिने ऐतिहासिक जिम्मेवारीमा समाहित हुनुपर्छ वा नेपालको दलाल पुँजीवादी सत्ताको सिकार बन्नु पर्नेछ । योभन्दा बाहिर स्वतन्त्रता हुन सक्दैन । विषयलाई यहाँ फेरि दोहोर्‍याउँदा त्यसप्रकारको स्वतन्त्रता केवल निर्जीव वस्तुमा मात्र सम्भव छ जो प्राकृतिक नियमअनुसार परिवर्तन र रूपान्तरण भैरहेको हुन्छ । मानिसले निरपेक्ष स्वतन्त्रता मृत्युवरण गरेपछि मात्र प्राप्त गर्न सक्छ । मानिस जीवित रहँदासम्म सामाजिक, दायित्व, राजनीतिक कार्य, इतिहासप्रतिको जिम्मेवारीबाट कहिल्यै स्वतन्त्र रहन सक्दैन । के कमरेडहरूले आफूलाई स्वतन्त्र भएको घोषणा गर्दा यी सैद्धान्तिक विषयमा ध्यान दिनुभएको छ ? हाम्रा क्रान्तिकारीहरूले स्वतन्त्र भएको घोषणा गर्दा दलाल पुँजीपतिहरू खुसीले गदगद हुन पुग्छन् किनकि स्वतन्त्र हुनु भनेको क्रान्तिकारीले एकप्रकारले राजनीतिक मृत्युवरण गर्नु हो । कमरेडहरूले यस विषयमा गम्भीर ध्यान दिनुहुनेछ ।

क्रमशः

## साताव्यापी ...

२०४८ सालमा चितवनको माडीमा भएको एकता महाधिवेशन (जसलाई समयक्रममा छैटौँ महाधिवेशन भनियो) ले नेपालमा 'दीर्घकालीन जनयुद्ध' कार्यदिशामार्फत नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने निर्णय गरेको थियो । सोही निर्णयअनुसार २०५२ फागुन १ गते जनयुद्ध सुरु गरियो । फागुन १ गते देशव्यापी सानाठूला सयौँ कारबाही भएका थिए । त्यसमध्ये पाँचवटा मुख्य कारबाहीहरू भए । त्यसमा रोल्पाको होलेरी, रुकुमको आठबिसकोट र सिन्धुलीको सिन्धुलीगढी प्रहरीचौकीमाथि आक्रमण भएको थियो । ती आक्रमण दुस्मनको सुरक्षा चौकीमाथि आक्रमण गर्ने, त्यसलाई विघटन गरेर नयाँ सत्ता स्थापना गर्ने पार्टीनीतिको अभिव्यक्तिका रूपमा गरिएका थिए । त्यसैगरी गोरखाको च्याङ्लीमा रहेको साना किसान विकास आयोजना नामको कृषि विकास बैङ्कको वित्तीय शाखामाथि आक्रमण भएको थियो जसलाई किसानको रक्षा र नोकरशाही पुँजीवादमाथि प्रतीकात्मक कारबाही मानिएको थियो । त्यसैगरी फागुन १ गते नै काठमाडौँ जडीबुटीस्थित बहुराष्ट्रिय कम्पनी पेप्सीकोलामाथि आक्रमण गरिएको थियो जसलाई एकाधिकार पुँजीवादमाथि आक्रमण भनिएको थियो । त्यसरी फागुन १ गते प्रतिक्रियावादी सत्ताको सुरक्षा, बहुराष्ट्रिय कम्पनी र दलाल तथा नोकरशाही पुँजी सबैतिर प्रतिनिधित्व गर्ने कारबाहीहरू भएका थिए ।

त्यसैगरी जनयुद्धपूर्व नै प्रतिबद्धतापत्र पनि सार्वजनिक गरिएको थियो । नेपाल कम्युनिस्ट पार्टीले आजको सन्दर्भमा कार्यदिशालाई थप विकास गर्दै 'एकीकृत जनक्रान्ति' तयार गरेको छ । हिजो सामन्तवाद र नेपाली जनताका बीचमा प्रधान अन्तरविरोध रहेको हुनाले नयाँ जनवादी क्रान्ति गर्नुपर्ने थियो तर आज नेपालमा दलाल पुँजीवाद नै सत्तारूढ भएका कारण क्रान्तिको चरण पनि मूलतः समाजवादी हुन्छ । त्यसकारण नेकपाले एकीकृत जनक्रान्ति कार्यदिशामार्फत वैज्ञानिक समाजवादी क्रान्ति गर्ने नीति लिएको छ । जनयुद्ध दिवसका सन्दर्भमा नेकपाले पार्टीपङ्क्ति र जनताका बीचमा पार्टीको यो वैचारिक, राजनीतिक र नीतिका सन्दर्भमा अभियानात्मक बहस चलाउने बताएको छ ।

## जनपत्रकार सङ्गठनको ...

गरिने भएकाले अहिलेसम्मलाई सङ्गठनका नाममा कसैले पनि आर्थिक गतिविधि गर्ने नीति नरहेकाले त्यस्तो कहीँकतै भएमा त्यसलाई निरुत्साहित तुल्याउन आग्रह गरिएको पनि जनाएका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'जनपत्रकार सङ्गठन नेपाल श्रमजीवी पत्रकारको हकहितका लागि निरन्तर सङ्घर्ष गर्दै आएको सङ्गठन हो । आगामी दिनमा पनि यसले आफ्नो सङ्घर्ष पत्रकार हकहितका लागि जारी राख्ने प्रतिबद्धता जनाउँछ । मिडिया काउन्सिल विधेयक, सूचना प्रविधि विधेयक एवम् प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कमजोर पार्ने सरकारी कदमहरूको विरोध गर्दै आएको अवगतै छ । हालैका दिनमा सङ्गठनको नाम जोडेर आर्थिक लेनदेन वा सङ्कलनका विषयमा भएको टिप्पणीप्रति हाम्रो ध्यानाकर्षण भएको छ । सङ्गठनले कुनै पनि आर्थिक अभियान सञ्चालन गरेको छैन । त्यस्तो अभियान चलेमा केन्द्रीय समितिको पत्रमार्फत आग्रह गरिने भएकाले अहिलेसम्मलाई सङ्गठनका नाममा कसैले पनि आर्थिक गतिविधि गर्ने नीति नरहेकाले त्यस्तो कहीँकतै भएमा त्यसलाई निरुत्साहित तुल्याउन आग्रह गरिन्छ ।'

## नेकपाद्वारा महँगीविरुद्ध ...

यसअघि नेकपाको केन्द्रीय कार्यक्रमअनुसार माघ १० गते बन्दीहरूको रिहाइको मागसहित उनीहरूका तस्बिरसहित प्रदर्शन गरेको थियो भने माघ १६ गते सहिद दिवस मनाएको थियो । यस्तै १८ गते महँगीविरुद्ध प्रदर्शन गरेको हो भने २० गते सांस्कृतिक कार्यक्रम गर्ने र २५ गर्ने बृहत् अन्तरक्रिया गर्ने नेकपाले जनाएको छ ।

## सुकुमबासीलाई विस्थापित ...

सुकुमबासी, मुक्तकमैया र थारू बस्तीको उठीबास लगाउने घृणित कार्यप्रति जस्तोसुकै कडा सङ्घर्ष गर्न पछि नहट्ने र सुकुमबासी बस्तीको जमिनसँग जोडिएका दलाल भूमाफिया वीरबहादुर हमाल र अनिपाल भण्डारा सुकुमबासीलाई विस्थापित गर्न लागिपरे जनकारबाही गर्ने चेतावनी दिएका छन् ।

कैलाली जिल्ला सेक्रेटरी करणले विज्ञप्तिमा भनेका छन्, 'हाम्रो जनप्रिय तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीले सुरुदेखि नै वैज्ञानिक भूमिसुधार लागू गर्नपर्ने विषय आत्मसात गरिरहेको सर्वविदितै छ । देशको वर्तमान राज्यप्रणाली र यसका मतियारहरू विश्वमा असफल सिद्ध संसदीय व्यवस्थालाई मलजल गरी लोकतन्त्रका नाममा जनतालाई भित्र विष लुकाइएको गुलियो मिठाइ वितरण गरी लुट मच्चाइरहेको अवस्था छ । केपी-पीके कम्पनीको वर्तमान कमाउनिस्ट सरकारले देशको राष्ट्रिय स्वाधीनतालाई बन्धक बनाएर राष्ट्रघात र जनघात थुपार्ने र यसको विरोध गर्ने पार्टीलाई प्रतिबन्ध लगाइरहेको अवस्थामा यसको फाइदा उठाउँदै केही भूमाफिया तथा दलालहरूले सुकुमबासी बस्ती बसेका जमिनहरू खाली गर्दै बिक्रीवितरण गरिरहेको अवस्थामा २०५० सालदेखि बाढीपीडितका रूपमा बस्दै आएका कैलालीको घोराघोडी नगरपालिका ३ को भोजपुर बस्तीमा पनि अदालतको फैसलाका नाममा केही भूमाफिया तथा दलालहरूको मिलोमतोमा अदालतले गरेको निर्णयप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ ।'

## उमा भुजेललाई ...

गरेको थियो । माघ १३ गते जिल्ला अदालत सुनसरी परिसरबाट नै गिरफ्तार गरेर झापा जिल्ला प्रहरी हिरासतमा लगियो ।

जिल्ला अदालत सुनसरीले गिरफ्तार गरेका भुजेल र पौडेललाई धरौटीमा रिहा गरेपछि गृह प्रशासनले राजनीतिक पूर्वाग्रहका आधारमा अदालत परिसरबाटै गिरफ्तार गरी झापा पुर्‍याएर झूट्टा मुद्दामा फसाउने तारतम्य गरेको देखिन्छ ।

## नेकपाका नेता माइला ...

अदालत परिसरबाटै गिरफ्तार गरेको हो ।

गिरफ्तार गरिएपछि अदालत परिसरमा पत्रकार हरूसँग कुरा गर्दै नेकपाका नेता माइला लामाले भने, '१७ हजार मान्छेको हत्यामा संलग्न केपी र प्रचण्डहरूले न्यायप्रेमी क्रान्तिकारी आवाजलाई दबाउन खोजेको प्रतिक्रिया दिए । उनले भने, ' आफूलाई लोकतन्त्रवादी भन्ने खड्कप्रसाद वली र प्रचण्डहरू जो १७ हजार मान्छेको हत्यामा संलग्न छन्, ती हत्याराहरू आज न्यायप्रेमी आवाजहरूलाई फेरि जेलमा कैद गर्ने र स्वतन्त्रताका आवाजहरूलाई दबाउने कोसिस गरेका छन् ।'

उनले भने, 'सामान्यतः अदालतको रिहा गर्ने आदेशलगत्तै परिसरबाट छोडिन्छ र उनीहरूलाई परिवारको सम्पर्कमा जान दिइन्छ । तर यसपटक हामीलाई यहाँबाट पुन जेल लैजाने, जेलपछाडि अन्य हिरासतमा लैजाने त्यो षड्यन्त्र र त्यो नाटक मञ्चनको योजनामा अहिले हामीलाई जुन कारागारमा छौँ त्यहाँ लगिँदैछ । जुद्धशमशेर र मोहन शमसेरहरूले जतिबेला नेपाली जनताले प्रजातन्त्रको अपेक्षा गरेका थिए, त्यसबेला प्रजातन्त्रका पक्षमा आवाज उठाउनेहरूलाई जेलमा बन्दी बनाएर उनीहरूका परिवर्तनका आवाजहरू थुन्ने कोसिस गरेका थियो । अहिले आफूलाई लोकतन्त्रवादी भन्ने खड्क वली र प्रचण्डले ठीक त्यसैगरी न्यायप्रेमी आवाजहरूलाई कैद गर्ने कोसिस गरेका छन् ।'

गिरफ्तार गरिएका चारजनामध्ये प्रहरीले तीनजनालाई सुनसरी लगेको छ भने ईश्वर दमाईलाई काठमाडौँको रानीपोखरीमा राखिएको छ । बम विस्फोटको मुद्दामा थुनामा राख्ने ललितपुर जिल्ला अदालतको आदेश बदर गर्दै उच्च अदालतले उनीहरूलाई रिहा गर्न आदेश दिएको हो । तर अर्को मुद्दामा अदालत परिसरबाटै उनीहरूलाई प्रहरीले पुनः गिरफ्तार गरेको हो ।

ललितपुर जिल्ला अदालतले एनसेल मुख्यालयमा भएको बम विस्फोटको घटनामा संलग्न रहेको भन्दै लामासहित नेकपा नेताहरूलाई पुर्पक्षमा पठाउने फैसला गरेको थियो । त्यस्तै जिल्ला अदालतले राज्यविरुद्धको अपराधसमेत ठहर गरेको थियो । जिल्ला अदालतको उक्त आदेशलाई उच्च अदालतले बदर गर्दै नेताहरूलाई रिहा गर्न आदेश दिएको हो । उच्च अदालतका मुख्य न्यायाधीश नहकुल सुवेदी र न्यायाधीश श्रीकान्त पौडेलको इजलासले विहीबार चारै नेतालाई निर्दोष ठहर गर्दै रिहा गर्न आदेश दिएको थियो । उनीहरूलाई विभिन्न समयमा गिफ्तार गरिएको थियो र ललितपुर जिल्ला अदालतमा भएको थुनछेक बहसपछि उनीहरूलाई पुर्पक्षाको लागि कारागार चलान गरेको थियो ।

यसैबीच फोटो खिच्न पुगेका पत्रकारहरूलाई समेत प्रहरीले गिरफ्तार गरेको थियो ।नेकपा नेताहरू रिहा हुने भएपछि रिपोर्टिङ गर्न अदालत परिसरमा पुगेका ३ पत्रकारलाई समेत प्रहरीले गिरफतार गरेको थियो । तर उनीहरूलाई प्रहरीले २ घण्टापछि रिहा गरिसकेको छ । पत्रकारहरू अथक मासिकका प्रकाशक तथा प्रधानसम्पादक खम्बु चन्द, अनलाइन डबली डटकमका सम्पादक पत्रकार धनञ्जय बुढा र रेडियो मिर्मिरेका पत्रकार साहस भट्टलाई प्रहरीले गिरफ्तार थियो । त्यस्तै खेलाडी पुरुषोत्तम बुढाथोकी र विद्यार्थी राजनलाई पनि प्रहरीले सोही स्थानबाट बिनाकारण गिरफ्तार गरेको छ ।

## बम विस्फोटसम्बन्धी ...

पाटन उच्च अदालतमा बिहीबार भएको बहसमा नेता सुदर्शन निर्दोष रहेको फैसला भएको हो ।

ललितपुर जिल्ला अदालतले एनसेलको मुख्यालय नख्खुमा भएको बम विस्फोट राज्यविरुद्धको मुद्दामा थुनछेकका लागि पुर्पक्षमा पठाउने फैसला गरेको थियो । उक्त फैसलाविरुद्ध उच्च अदालत पाटनमा पुनरावेदन गरिएको थियो । बिहीबार भएको बहसमा उच्च अदालतका मुख्य न्यायाधीश नहकुल सुवेदी र न्यायाधीश श्रीकान्त पौडेलको इजलासले उक्त घटनामा नेता सुदर्शन निर्दोष रहेको आदेश दिएको हो ।

ललितपुर जिल्ला अदालतको आदेश बदर गरिपाऊँ भन्दै परेको रिट निवेदकतर्फबाट वरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ताहरू कपिलचन्द्र पोखरेल, कान्तिराम ढुङ्गाना, खिमानन्द अधिकारी, रामकृष्ण भण्डारी, सन्तोष कोइराला, वासुदेव तिवारी, चूडाबहादुर निरौला र राजु अधिकारीले बहस गरेका थिए ।

नेकपाका नेता सुदर्शनमाथि लगाइएको हातहतियारसम्बन्धी अर्को मुद्दामा भने पुर्पक्षका लागि थुनामै राख्ने जिल्ला अदालत ललितपुरको आदेशलाई उच्च अदालतले सदर गरेको छ । हातहतियार र राज्यविरुद्धको मुद्दा लगाइएपछि नेकपाका नेता सुदर्शनले आफ्नो किताब र कम्प्युटर राखिएको झोलामा हातहतियार र विस्फोटक पदार्थ बनाउन प्रयोग हुने सामग्री राखेर प्रहरीले झूट्टा मुद्दा लगाएको बताएका छन् । उनले भनेका छन्, 'मलाई २०५५ सालमा बाजुराबाट गिरफ्तार गर्दा प्रहरीले लखेटेपछि एक्लै कुदेको थिएँ । पछि कहाँबाट झोला ल्याएर विस्फोटक पदार्थ हालेर मुद्दा लगाएको थियो । अहिलेको प्रहरीले त्यतिसम्म नगर्ला भनेको त अहिलेको प्रहरीले पनि यस्तो गरेछ ।'

राज्यको अर्बौं कर छली गरेर विवादमा आएको एनसेलको नख्खुस्थित मुख्यालयमा २०७५ फगुन १० गते बम विस्फोट भएको थियो । उक्त घटनामा दोषी ठहर गर्दै प्रहरीले नेपाल कम्युनिस्ट पार्टीका तत्कालीन मध्यकेन्द्रीय कमान्ड इन्चार्जसमेत रहेका सुदर्शनसहितका नेताहरूलाई चैत ९ गते गिरफ्तार गरेको थियो ।

एनसेलमा भएको विस्फोट र हातहतियार मुद्दामा ललितपुर जिल्ला अदालतले पुर्पक्षाका लागि वैशाख ९ गते नेताहरूलाई नख्खु कारागार चलान गरेको थियो । त्यसैगरी सूर्य भुजेल, दोर्जी शेर्पा, डिकेन्द्र राई, शिव धिमाल, लोकेन्द्र खड्का र बुद्धबहादुर सिंतानको विस्फोटक पदार्थसम्बन्धी मुद्दामा पनि उच्च अदालतले ललितपुर जिल्ला अदालतको आदेश सदर गरेको छ ।

## कम्युनिस्ट पार्टी र ...

मुक्त हुँदैनन् तबसम्म महिला मुक्ति र नेतृत्व विकास असम्भव छ । अहिलेसम्मका विश्व कम्युनिस्ट पार्टी र आन्दोलनमा नेत्री रोजा लग्जमबर्गपछि क्रान्तिकारी महिलानेत्री जन्मिन सकेका छैनन् । यो महिला आन्दोलनकै लागि ठूलो विडम्बना हो । यसलाई गम्भीरताका साथ मनन गर्दै महिला नेताहरूले वैचारिक दृढता, क्रान्तिकारी इमानदारीता साथ कम्युनिस्ट अगाडि बढ्नु आजको टड्कारो आवश्यकता हो ।

**निष्कर्ष**

माओ भन्नुहुन्छ, 'उत्पीडित वर्गको अधिकारका लागि राज्यसत्ताबाहेक सबथोक भ्रम हो ।' 'दलाल संसदीय पुँजीवादमा विलय भइसकेका नामधारी कम्युनिस्ट पार्टीबाट उत्पीडित वर्गको अधिकार नेतृत्व विकास र मुक्तिको आशा गर्नु भनेको भ्रमशिवाय अरू केही होइन ।' अहिलेसम्मको दलाल संसदीय व्यवस्था र नेतृत्वको व्यवहारले 'सिसाले सजिएका गोली' भन्दा 'चिनीले बेरिएका गुलिया गोली दसगुणा खतरनाक हुन्छन्' भन्ने साबित भइसकेको छ ।

यसको गहिरो समीक्षा गर्दै उत्पीडित वर्गले आफ्नो मुक्तिका लागि मुख्य प्रश्न राज्यसत्ता प्राप्त गर्नु हो । त्यो राज्यसत्ता सर्वहारावर्गीय विश्वदृष्टिकोणबाट सुसज्जित कम्युनिस्ट पार्टी र नेतृत्वबाट मात्रै सम्भव छ । यसर्थ मालेमावादी सिद्धान्तमा आधारित पुनर्गठित नेपाल कम्युनिस्ट पार्टी र यसले लिएको एकीकृत जनक्रान्तिको कार्यदिशाबाट मात्रै दलाल संसदीय व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादी सत्ता स्थापना सम्भव छ । यसर्थ सर्वहारावर्गले आफ्नो सत्ता प्राप्तिका लागि श्रमिक वर्ग, सर्वहारा वर्ग, मध्यम वर्गका साथै प्रगतिशील राष्ट्रवादी शक्तिहरूको एकताबद्ध सङ्घर्ष आजको आवश्यकता हो ।

(लेखक भृकुटी हाल महिला कारागार सुन्धारामा बन्दी जीवन बिताइरहेकी छिन् ।)

वर्ष ५, अङ्क ३२, पूर्णाङ्क २२७
रातो खबर साप्ताहिक

# केरुङे गिटी र केपी–पीकेको समाजवाद : यस्तै त हो नि ‘ब्रो’

डा. सुवर्णबाबु सापकोटा⁄रोहित बस्तोला

समाजवाद उन्मुख भनिएको व्यवस्थामा एउटा व्यापारिक समूहले दुई तिहाइको सरकारमा मन्त्रीहरूको जिम्मेवारी नै फेरबदल गरिदिएको, सरकारी मुखपत्रले नै विदेशीको एजेन्डा बोलेको अनि किसानहरू आफ्नो उत्पादनको मूल्य नपाएर हरेक वर्ष आन्दोलित भएको सुन्न र देख्नुपर्दा व्यवस्थाले खुट्टा कहाँ टेकेको रहेछ त भन्ने प्रश्न अचिन्त्य हुँदैन ।

सन् २०१७ को जनवरीमा जर्मन पत्रिका ‘डि चाइट’ ले बर्लिननजिकै कुनै समय कम्युनिस्ट समाजवादी पूर्वी जर्मनीमा रहेको विशाल औद्योगिक क्षेत्र ‘बिटरफेल्ड वल्फन’ मा कसरी वैकल्पिक अति दक्षिणपन्थी राजनीतिक शक्तिको उदय हुँदैछ भनेर खोजमूलक लेख प्रकाशित गरेको थियो । त्यसको केही अंश यस्तो थियो- सन् १९८९-१९९० को विन्ड अफ चेन्जलगत्तैको एकीकरणले पूर्वी (समाजवादी) र पश्चिम (पुँजीवादी) जर्मनीमाझ डरलाग्दो आर्थिक, सामाजिक र राजनीतिक खाडल उत्पन्न गऱ्यो (जुन आज एकीकरणको २६-२७ वर्षपछि पनि प्रेक्षणीय छ) । पूर्वी र पश्चिम जर्मनीको एकीकरणलाई एकीकरणभन्दा पनि इतिहासको अन्त्य भन्ने फुकुयामापथीय जमात पनि ठूलो छ । बर्लिनको पर्खालसँगै पश्चिमी खुला बजारमा आधारित अर्थतन्त्रमा प्रायः पूर्वी जर्मनीका राज्य नियन्त्रित कलकारखाना धराशायी हुन पुगे । फलस्वरूप कुनै समय समाजवादी इस्ट ब्लकका ‘वल्फन ओरीजिनल’ जस्तो अभूतपूर्व उद्योग, कलकारखाना र खानी भएका ‘बिटरफेल्ड वल्फन’ लगायत सहरहरू एकाएक सुनसान खण्डहरजस्तै हुन पुगे । ‘बिन्ड अफ चेन्ज’ ले ल्याएको भुमरीमा पश्चिमतिर वा नजिकका ठूला सहरतिर बसाइँ सर्न सक्ने युवा, शिक्षित र स्वस्थले आफूलाई सुरक्षित महसुस गरे जुन आजपर्यन्त जारी छ। नसक्नेजति एउटा मधुरो नोस्टाल्जिया बोकेर बस्न बाध्य भए। उक्त भयानक सामाजिक-आर्थिक खाडल पुर्ने प्रयासका रूपमा राज्यकोष र युरोपियन युनियनको ठूलो धनराशि खर्च गरेर पूर्वी जर्मनीमा सुधारका कार्यक्रमहरू थालिए जुन आजपर्यन्त जारी छ । उदाहरणका लागि “डि चाइट” पत्रिकाका अनुसार लगभग २०० मिलियन युरो राज्यकोषको प्रयोग गरेर ‘बिटरफेल्ड वल्फन’ सहरमा समाजवादी पूर्वी जर्मनी रहँदाको ‘विशाल कोइला भएको प्रदूषित क्षेत्र’ लाई पुनर्निर्माणसहित ठूलो तालका रूपमा विकसित गरियो। तर पुनर्निर्माण सकिएलगत्तै उक्त तालका महत्वपूर्ण भागहरू मात्र २.९ मिलियन डलरमा एक अर्बपतिको कम्पनीलाई स्थानीय सरकारले बेचिदियो । अर्थात् पुनर्निर्माणका निम्ति राज्यकोषको प्रयोग गरियो तर अन्ततः त्यसको फाइदा एउटा पुँजीपतिले लिन पुग्यो, सार्वजनिक सम्पत्ति निजी बनायो ।

तालको अस्वाभाविक निजीकरणले त्यस क्षेत्रमा एउटा नयाँ बहस उत्पन्न गरिदियो- प्राकृतिक स्रोतका मालिक को हुन्- राज्य, जनता वा पुँजीपति ? यो बहसमा लामो राजनीतिक इतिहास बोकेका र त्यहाँको स्थानीय सरकार चलाएका जर्मन वामपन्थी (डी लिन्के), समाजवादी (एसडीपी), क्रिस्चियन प्रजातान्त्रिक ‘सीडीयू’ चान्स्लर मर्केलको पार्टी), पर्यावरणमैत्री (ग्रिन पार्टी) जस्ता राजनीतिक दलहरू पुँजीपतिका पक्षमा मौन बसिदिए भने केही वर्षअघि मात्रै स्थापना भएको चरम दक्षिणपन्थी “अल्टनेटिभ फर जर्मनी” भन्ने दल पो जनताका पक्षमा उभियो । यस्तो अनपेक्षित तरङ्गलाई केहीले “वर्गसङ्घर्षको नयाँ स्वरूप” भनेका छन् । कडा मेहनत गरेर जेनतेन गुजारा गर्ने वर्गले ठूलो कर राज्यलाई बुझाउँदै गर्दा ‘एस्पिरिन’ बनाउने प्रख्यात “बायार केमिकल्स” र “अमाजन” जस्ता बहुराष्ट्रिय कर्पोरेटहरूले लगभग नगन्य कर बुझाउने तथ्यलाई कुनै राजनीतिक दलले मुद्दा नबनाएको देख्दा स्थानीय जनता भयभीत र दुःखी छन् । उनीहरू टेलिभिजन र सार्वजनिक कार्यक्रममा ‘सीडीयू’, ‘डी लिन्के’, ‘एसपीडी’ र ‘ग्रिन पार्टी’ जस्ता राजनीतिक दलले बोलेका कुरा बुझ्दैनन् किनभने ती दलहरू पुँजीपतिको भाषा बोल्छन् जुन क्लिष्ट हुने गर्दछ । यसरी स्थापित व्यवस्था र राजनीतिक दलले स्थानीय जनताको भाषा बोल्न छोडेर कर्पोरेट पुँजीपतिको कठपुतली भएपछि अती दक्षिणपन्थी “अल्टरनेटिभ फर जर्मनी” वैकल्पिक शक्तिका रूपमा देखापरेको छ जुन असामान्य राजनीतिक विकास हो । हुनत वैश्वीकरणले ल्याउने वेदनीय आर्थिक प्रतिकूलताको समाधान “अल्टरनेटिभ फर जर्मनी” सँग पनि छैन तर उनीहरू न्यूनतम् ग्रामीण जनताको कुरा सुनिरहेका छन् र जनताको भाषामा उनीहरूले सुन्न चाहेको बोलिरहेका छन् । यो नयाँ राजनीतिक बहाव प्रतिरूपीय आवरणमा फ्रान्स, बेलायत, नेदरल्यान्ड, डेनमार्क, हङेरी, अस्ट्रिया, पोल्यान्डलगायत सर्वत्र युरोपभरि उत्कलित छ । यो भयो ‘विन्ड अफ चेन्ज’ पछिको अवस्था ।

९० को दशकमा समग्र ‘इस्ट ब्लक’ पतन हुँदै गर्दाको प्रख्यात भनाइ छ- १० वर्षमा पोल्यान्ड, १० महिनामा हङेरी, १० सातामा पूर्वी जर्मनी अनि १० दिनमा चेकोस्लाभियाको व्यवस्था ढल्यो र समय आएपछि १० मिनेट वा १० सेकेन्डमा रोमानियाको व्यवस्था ढल्नेछ । सोभियत नेता ब्रेजनेभ र पूर्वी जर्मन नेता होनेकरको भ्रातृत्वपूर्ण ओठे चुम्बनको ग्राफिटी बोकेर उभिएको बर्लिन पर्खालको “इस्ट साइड ग्यालरी” हेर्दा प्रायः मस्तिष्कमा प्रश्न उब्जन्छ । लाखौँको बलिदानबाट स्थापित भएको आदर्श समाजवाद मानिएको त्यत्रो ‘सोभियत’ अनि यत्रो ‘इस्ट ब्लक’ के अमेरिकी कारणले मात्रै ढल्यो होला त ? समाजवादी पूर्वी जर्मनीको “राष्ट्रिय जनसेना” मा ३० वर्ष बिताएर अहिले ‘बिटरफेल्ड वल्फन’ को सुनसान मासु पसलका सञ्चालक र आईबीएममा थुप्रै ‘प्याटेन्ट’ सहित सफल वैज्ञानिकका रूपमा सेवानिवृत्त दुवै पूर्वी जर्मन नागरिकका बुझाइ समान छन्- “उनीहरूले हामीलाई समाजवादमा जाने भने । हामीले विश्वास गर्‍यौँ । सुन्तला वा केरा पाउनका लागि लामो लाममा बस्नुपरे पनि समाज ठिकै थियो । चुनौतीपूर्ण अर्थतन्त्र हामीले सहेकै थियौँ । सानोतिनो काम सबैलाई थियो । तर मुख्य कुरा हामीलाई त समाजवाद भनेर उनीहरूले “ब्युरोक्र्याटिक डिक्टेटरसिप” मा पो पुऱ्याएछन् जहाँ जनताको हैन, लालनोकरशाही र सेटिङवालाहरूको नियन्त्रण थियो र व्यवस्थाले तिनकै भाषा बोल्थ्यो । यस्तो रहेछ विन्ड अफ चेन्जअघिको भोगाइ ।

अर्थात् व्यवस्थाले बहुमत जनताको भाषा नबोली केही एलिटको मात्रै भाषा बोल्दा समाजवाद वा पुँजीवाद दुवैमा अन्ततः समस्या हुँदो रहेछ। फलतः अत्यन्तै बलशाली व्यवस्था पनि ढल्दा रहेछन् । वा व्यवस्थाविरोधी जनकुण्ठा अनेक रूपमा निस्किन सक्ने रहेछन् । जस्तै अच्युतकृष्ण खरेलले ०५४ सालतिर रजहर थानाको भवन उद्घाटन गर्दा अघिल्लो पङ्क्तिमा पैँलेटी कसेर थपडी बजाउने स्कुले विद्यार्थीहरूले नै स्नातक पढ्दा त्यही थानामा आफ्नै भान्छाको प्रेसर कुकर पड्काए ।

नेपाली समाजले गएको १५-२० वर्षमा अभूतपूर्व राजनीतिक उथलपुथल देख्यो । सुगौली सन्धिले अङ्ग्रेज सरकारका रेसिडेन्ट काठमाडौँमा बसेर नेपालको राजनीतिलाई आफ्ना बफादारहरूको पुनरुत्पादन केन्द्र बनायो । नेहरूले २००७ सालको सम्झौतामार्फत नेपालमा भारतीय ‘स्थापित’ संस्थापनको विश्वासपात्रको सुनिश्चिततालाई निरन्तर गर्दै भारतीय पुँजी र स्वार्थको एकाधिकार अनन्तकालसम्म अनुरक्षति गर्ने षड्यन्त्र बोकाए । आधुनिक नेपाली राजतन्त्र सक्रिय रहेको २९-३० वर्षलाई हामीले असफल सामन्ती व्यवस्था भन्यौँ । राष्ट्रिय पुँजीको विकासमा बाधा भन्यौँ र निषेध गर्‍यौँ । दरबारमा विराजमान भएको सामन्त देख्यौँ । सामन्तवाद ढल्यो भन्यौँ तर घरमा आफूले बिहान-बेलुका खाएको जुठो थाल दिदी, बहिनी, भाउजू र आमातिर सार्दा आफ्नै दिमागभित्रको सामन्तवाद देखियो कि देखिएन होला ? सामन्तवाद दरबारमा हैन, दिमागमा हुँदो रहेछ भन्ने बुझियो होला कि बुझिएन होला ? यसबाहेक ‘हामीले लगानी गरेको आयोजनाबाट मात्रै बिजुली खरिद गर्छौं’ भन्ने स्वधूर्त छिमेकीको प्रज्ञापनपछि राष्ट्रिय पुँजी विकासमा वास्तविक बाधा त ‘भारतीय पुँजीको एकाधिकार’ रहेछ भन्ने द्विविधा हट्यो होला कि हटेन होला ? ‘दरबार हत्याकाण्ड’ पछि सिंहासनमा दिल्ली, ब्रसेल्स र भ्याटिकन देखियो कि देखिएन होला ? जे होस् हामीले व्यवस्था परिवर्तन गर्‍यौँ तर धेरै निदर्शनविहीन वर्ष बिताउँदै घोषणा गरिएको समाजवाद उन्मुख व्यवस्थाको किंस्वरूप भयानक दारुण र वेदनावत् देखिन्छ ।

यस व्यवस्थाले आफ्नो शैशवकालको सुरुआत नै राष्ट्रिय उद्योगहरू अर्थतन्त्र सुधारका नाममा कौडीको भाउमा पुँजीपतिको जिम्मा लगाउँदै नेपाली अर्थतन्त्र धराशायी बनाएर गरेको हो । यसको दुःखद् ललिताभिनय कस्तो देखियो भने देशमा भएको डेमोग्राफिक परिवर्तनमा उद्योग चलाएर भन्दा उद्योगको अचल सम्पत्ति “प्लटिङ” गरेर दसौँ गुणा मुनाफा कमाए पुँजीपतिहरूले । जनताको सम्पत्तिबाट पूरै मुनाफा एउटा पतीत पुँजीपतिले उपभोग गऱ्यो जुन आजपर्यन्त जारी छ। अर्थात् दरबारको सामन्तले गर्न नसकेको भारतीय पुँजीको एकाधिकारको सेवा ‘ जनताका प्रतिनिधि’ हरूले गरे । यसमा तत्कालीन सत्तामा रहेको दलको मुख्य भूमिका हुने भए पनि संसदीय व्यवस्थामा प्रतिपक्षको समर्थनबिना यस्तो “डिल” सम्भव हुने चीज होइन रहेछ ।

अर्थात् बदलिएको राजनीतिक-सामाजिक परिवेशमा “चिची पनि पापा पनि” खाँदै उदाएको एउटा बिचौलिया वर्गले पक्ष, प्रतिपक्ष र राज्यका अन्य अङ्गबीच सर्वसहमतिको वातावरण मिलाउने अर्थात् ‘सेटिङ मिलाउने’ काम गर्दो रहेछ। यो सेटिङ मिलाउने “उडुस वर्ग” को व्यापकता अहिले हाम्रो समाजको एउटा वर्गीय चरित्रजस्तो हुन पुगेको छ । ठमेलको मसाज पार्लर, दूतावास अनि प्रधानमन्त्रीको क्याबिनसम्म सेटिङ यही वर्गीय चरित्रले मिलाउँदो रहेछ। यही ‘सेटिङ मिलाउने’ ‘उडुस वर्ग’ को उदयसँगै हाम्रो समाजमा एउटा ‘उत्तरआधुनिक नवसामन्ती” व्यवस्था भावित भएको छ। यस उडुस वर्गमा टेकेको ‘उत्तरआधुनिक नवसामन्ती” व्यवस्थाको पिरामिडमा तलतिर प्रायः श्रम नगर्ने औसत राजनीतिक कदका कार्यकर्ता र पुँजीपति छन् भने टुप्पोतिर केही जोर अध्यक्ष कमरेडहरू र केही जोर सभापति दाइहरू देखिन्छन् । फलस्वरूप व्यवस्थाको चरित्र यसरी प्रकट हुन्छ- अध्यक्ष कमरेड र सभापति दाइहरूका दायाँबायाँ यती होल्डिङ, चौधरी, दुगड, महतो, गोल्छा, सुमार्गी, प्रसाईं, एनसेललगायत उभिन्छन् ।

केही वर्षअघि नवलपुरको केरुङे खोलाको नदीजन्य स्रोतको ठेक्काविवाद बाहिर आयो । ठेकेदार विष्णु कार्की नेपाली काङ्ग्रेसका महासमिति सदस्य रहेछन् जसलाई तत्कालीन स्थानीय विकास अधिकारीले कारबाहीस्वरूप जरिबाना तिराएका रहेछन् । जरिबाना तिरेलगत्तै ठेकेदारले देवेन्द्रराज कँडेल, बालकृष्ण खाँड र दिवंगत खुमबहादुर खड्कामार्फत शेरबहादुर देउवा हुँदै तत्कालीन कम्युनिस्ट प्रधानमन्त्री प्रचण्डको जोडबलमा स्थानीय विकास अधिकारीको सरुवा गराएछन । मुख्य कुरा नवलपुरको केरुङे खोलाको गिट्टीबालुवाको १२ करोड काङ्ग्रेसको महाधिवेशनमा खर्चस्वरूप पुगेको रहेछ । अब केरुङे खोलामा नियम मिचेर अवैध उत्खनन हुन नपाउँदा ‘उडुस वर्ग’ र “उत्तरआधुनिक नवसामन्तवादी” व्यवस्थाको आर्थिक समीकरण बिग्रिने भयो । यो एउटा प्रतिनिधि घटना हो जहाँ सत्ता पक्ष र प्रतिपक्ष दुवै एउटै टिममा छन् । एकखाले सहमति छ किनभने हुन सक्छ धादिङका खोलाहरूबाट नेकपाले महाधिवेशन खर्च पाउँछ, हेटौँडाका वा सप्तरीका खोलाहरूबाट अन्यले पाउँछन् । अर्थात् यसरी जनताको साझा सम्पत्तिबाट “उडुस वर्ग” ले फाइदा लिँदैछ र त्यसैको बुईमा चढेर ‘उत्तरआधुनिक नवसामन्तवादी” व्यवस्था फास्टाउँदैछ ।

भारतमा दीक्षित जनयुद्धका गोर्खाली भाष्यकारले ६ अर्ब राजस्व छलीमा बदनाम भएको चौधरी समूहको मुखियालाई दायाँ राखेर राष्ट्रिय पुँजी विकासको प्रवचन ‘दुम्कौली’ को सभाकक्षमा दिँदै गर्दा थोरै माथिको गाउँ ‘झाक्रे’ बाट भर्भराउँदो उमेरमा तिनै भाष्यकरको कमान्डमा प्राण आहुती गर्ने ‘अनमोल’ शून्यसरी विलीन भए । लगभग अर्बमा भ्रष्टाचार गरेका चूडामणि गौतम, उनले तिरेको केही लाखको धरौटी, प्रत्येक राजनीतिक दलका नेता र अर्थमन्त्रीसँगको उनको सिद्धिकारक सहकार्य अनि उनका पक्षमा मुद्दा लड्न रातारात तयार भएका नामी सुशीलत्व लब्धवर्ण संविधानविद् वकिल साहेबहरू- अद्भुत सँगम । वाइड बडी, शान्ति मिसन, आयल निगम, जनमुक्ति सेनाको शिविर, अन्य थुप्रै अर्बहरू । सूची लामो र अत्यायत हुन पुग्छ जसको पछिल्लो कडी ‘एनसेल’ अनि ‘यती होल्डिङ’ हो जहाँ राज्यका सम्पूर्ण अङ्गहरू सेटिङमा काम गर्दैछन् र सहरमा मौनता छ ।

कल्पना गरौँ त ५०-६० अर्ब भनेको कति हो ? यो रकमको २५ प्रतिशत मात्रै खर्च गर्दा पूरै राज्यसंयन्त्र खरिद गर्न सकिने देखिन्छ । त्यसैले त जनता ‘लिम्पियाधुरा, लिपुलेक र कालापानी’ भन्छन् । राज्यव्यवस्था कहिले ‘बालुवाटारको जग्गा’ भन्छ, कहिले ‘एनसेल’ भन्छ, कहिले ‘यती होल्डिङ’ भन्छ, कहिले ‘एमसीसी’ भन्छ ।

ज्ञातअज्ञात सबै कुख्यात मुद्दामा केरुङे गिट्टीमा जस्तै राज्यका सबै अङ्ग र पक्ष अर्थात् व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको सर्वसम्मत विदूषित सहकार्य सुदृश्य छ जसको नाभीमा सेटिङ मिलाउने “उडुस वर्ग” निविष्ट छ। यस्तो ‘नेक्सस’ तयार भएको छ जहाँ सेटिङबाट आर्जेको धन जग्गा प्लटिङमा पुगेको छ। निजी विद्यालयमा पुगेको छ। निजी नर्सिङ होम र अस्पतालमा पुगेको छ । सपिङ मलमा पुगेको छ। गाउँगाउँका मिटर ब्याजी वित्तीय संस्थामा पुगेको छ। कल्पना गरौँ त कस्तो सुनिएला ! “माओ त्सेतुङले तियानमेन स्क्वायरमा ८ आना घडेरी लिए रे अथवा लेनिनले मस्को गोर्की पार्कको नजिकै र स्टालिनले रेडस्क्वायरछेउ ५-५ आना घडेरी सन्तानका नाममा जोडे रे । अथवा लेनिन, स्टालिन र माओलाई जग्गा दलालले ठगेछ र सरकारले क्षतिपूर्तिबारे सोच्दैछ ।” अर्थात् यहाँ जिन्दगीभरि ४ आना जग्गाको पछि दौडनेले हामीलाई आफ्नै इतिहासमाथि थुक्न सिकाउँदा रहेछन् ।

यति हुँदा पनि हाम्रो एकखाले आदर्श आशा हुँदो रहेछ- यस्तो “नेक्सस” भत्कियोस् तर तथ्याङ्कले अर्को डरलाग्दो यथार्थ देखाउँछ। गाउँको वडाध्यक्ष प्रत्यासीले औसत केही लाख, मेयरका प्रत्यासीले करोडमा खर्च गर्नु परेपछि बहुमत जनप्रतिनिधि तिनै हुने भए जसले सेटिङ गर्न सक्छ अर्थात् टिप्परवाला, डोजरवाला, आरामिलवाला, इँटाभट्टावाला, क्रसरवाला, मिलवाला, ठेक्कावाला, स्कुल-कलेजवाला, अस्पतालवाला, ब्याङ्कवाला अर्थात् सेटिङवाला अर्थात् उडुस वर्गबाहेक यो राजनीतिक व्यवस्थाभित्र अरू टिक्नै सक्दैन । अर्थात् “सदन” देखि “वडा” सम्म अधिकांश सेटिङवाला । यसरी सेटिङवाला ‘उडुस’ वर्गले कैद गरेको अर्थतन्त्र बोकेर स्वाभिमानी नागरिकले उभिने नसक्ने निर्वाचन र व्यवस्थामार्फत कतै न कतै त अवस्य पुगिएला तर समाजवादमा भने पुगिँदैन ।

टाक्सिएको पुँजीवादको गर्भबाट जन्मिएको निरपेक्ष लुटको सम्पत्तिको वैधानिकताको अर्थ ‘ प्रजातन्त्र वा गणतन्त्र वा

... बाँकी पृष्ठ ५ मा

# स्ववियु चुनावबारे उपकुलपतिलाई ज्ञापनपत्र

काठमाडौँ : स्वतन्त्र विद्यार्थी युनियनको चुनावलाई लिएर अनेरास्ववियु (क्रान्तिकारी) ले त्रिभुवन विश्वविद्यालयका उपकुलपति धर्मकान्त बास्तोलालाई मागपत्र बुझाएको छ । उसले आफ्नो सङ्गठनमाथि अघोषित रूपमा प्रतिबन्ध लगाएर गरिने स्ववियु चुनावको औचित्य नभएको समेत बताएको छ। नेपाल कम्युनिस्ट पार्टी निकट अखिल क्रान्तिकारीको उपत्यका क्षेत्रीय समन्वय समितिअन्तर्गत त्रिवि जिल्ला समितिले मागपत्र बुझाएको हो। त्रिवि जिल्ला समितिका अध्यक्ष मदन चापागाईंको नेतृत्वमा गएको विद्यार्थीको एक टोलीले मङ्गलबार दुईबुँदे मागपत्र बुझाएको छ।

त्रिविले घोषणा गरेका स्ववियु चुनावबारे अखिल (क्रान्तिकारी) ले ध्यानाकर्षण भएको बताएको छ । आफ्नो सङ्गठनमाथि सरकारले अघोषित रूपमा प्रतिबन्ध लगाएर घोषणा गरिएको चुनावको कुनै औचित्य नरहेको समेत अखिल (क्रान्तिकारी) ले बताएको छ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपतिलाई बुझाइएको मागपत्रमा आस्थाको आधारमा गिरफ्तार गरिएका सङ्गठनका नेता-कार्यकर्तामाथि लगाइएका झूट्टा मुद्दा खारेज गरी रिहा गर्नुपर्ने र अखिल (क्रान्तिकारी) का साथै सङ्गठनका शान्तिपूर्ण गतिविधिमाथिको हस्तक्षेप बन्द गरिनुपर्ने माग क्रान्तिकारीले राखेको छ। आफ्नो सङ्गठनमाथि प्रतिबन्ध लगाएर गरिने स्ववियु चुनाव बहिष्कार गर्न बाध्य हुने अखिल क्रान्तिकारीले चेतावनीसमेत दिएको छ।

अखिल क्रान्तिकारीको मागपत्र बुझ्दै उपकुलपति बास्तोलाले चुनावमा भाग लिने वातावरण बनाउन आफूले पहल गर्ने बताएका थिए । उनले अखिल क्रान्तिकारी चुनावमा आए शान्तिपूर्ण गतिविधिमाथि हस्तक्षेप र नेता-कार्यकर्ताको गिरफ्तारी नगर्नेबारे सरकारसँग पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। त्रिभुवन विश्वविद्यालयले फागुन १४ गते स्ववियु चुनावको घोषणा गरेको छ।

# स्ववियु निर्वाचन खारेज गर्ने चेतावनी

काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) कैलाली जिल्ला समितिले राष्ट्रघाती अमेरिकी मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता गरी देशलाई अमेरिकी प्रयोगशाला बनाउने होडबाजीमा दलालहरू तम्सिरहेको परिस्थितिमा हुने स्ववियु निर्वाचन विद्यार्थीहरूका अधिकारको ग्यारेन्टी नगर्ने, राष्ट्रिय स्वाधीनताको रक्षा पनि गर्न नसक्ने र सङ्गठनमाथि अघोषित रूपमा प्रतिबन्ध लगाएर गरिने स्वतन्त्र विद्यार्थी युनियनको चुनावको कुनै औचित्य नभएको भन्दै खारेज गर्न आह्वान गरेको छ । सङ्गठनका कैलाली जिल्ला अध्यक्ष सुवास जोशीले बिहीबार विज्ञप्ति निकाली सङ्गठनमाथि लगाइएको प्रतिबन्ध र विद्यार्थी नेताहरूमाथि थुपारिएका झुट्टा मुद्दा खारेजको माग गर्दै बन्दी नेताहरूलाई ससम्मान रिहा गरी समानुपातिक र समावेशीसहितको नयाँ स्ववियु निर्माणका लागि सङ्गठनलाई निर्बाध रूपमा स्ववियु निर्वाचनमा भाग लिने वातावरण बनाउन जिल्लाका सम्पूर्ण क्याम्पस प्रशासनलाई आवश्यक पहल गरदिन जोडदार माग गरेका छन् ।

# अराजक गतिविधि रोक्न नेकपाको चेतावनी

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी नारायणी ब्युरोले कथित नागरिक मञ्च पार्टी निकट हो भन्दै चितवन जिल्लामा पार्टी र नेतृत्वका विरुद्ध भ्रम उत्पन्न गरी दलाल सरकार र सत्तालाई सहयोग पुग्ने अराजक र अनधिकृत काम गरेकाले अमर गोपाली र पुरन राईलाई पार्टीबाट साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरेको छ । ब्युरो इन्चार्ज शीतलले बुधबार प्रेस विज्ञप्ति निकाली अमर गोपाली र पुरन राईले पार्टीका नाममा भ्रम उत्पन्न गरी अराजक गतिविधि गरेको पाइएमा पार्टीलाई सूचना गरी सहयोग गरिदिनहुन सम्पूर्ण उद्योगी, व्यापारी, व्यवसायी, शिक्षक, कर्मचारीलगायत जनसमुदायमा अनुरोध गर्दै उनीहरूले उक्त गतिविधि जारी राखेमा पार्टी उचित कारबाही गर्न बाध्य हुने चेतावनीसमेत दिएका छन् ।

ब्युरो इन्चार्ज शीतलले विज्ञप्तिमा भनेका छन्, ‘कथित राष्ट्रवादी सचेत नागरिक मञ्च नेपालनामक सङ्गठन गठन गरी चितवन जिल्लामा यसको नेतृत्वमा रहेका भनिएकाहरूबाट गरिएको गतिविधिप्रति हाम्रो पार्टीको ध्यानाकर्षण भएको छ । अनधिकृत र अराजक गतिविधि गर्दै आएको नागरिक मञ्च र हाम्रो पार्टीबीच कुनै राजनीतिक सम्बन्ध छैन । यसको नेतृत्व गरेको भनिएको अमर गोपालीले पार्टी नीतिविपरीत गतिविधि गरेकाले हाम्रो पार्टीले २०७६ साल साउनमा जिल्ला सदस्यबाट निलम्बन गरेको थियो भने पुरन राई भन्नेले गत वैशाखमा प्रहरी हिरासतमा रहेको समयमा हाम्रो पार्टी परित्याग गरी दलाल सरकारसँग आत्मसमर्पण गरेकाले पार्टीले त्यतिबेलै साधारण सदस्य पनि नरहने गरी निष्कासन गरिसकेको बे.होरा सबैलाई अवगत नै छ ।’

इन्चार्ज शीतलले विज्ञप्तिमा अगाडि भनेका छन्, ‘हाल कथित नागरिक मञ्च हाम्रो पार्टी निकट हो भन्दै चितवन जिल्लामा पार्टी र नेतृत्वका विरुद्ध भ्रम सिर्जना गरी दलाल सरकार र सत्तालाई सहयोग पुग्ने अराजक र अनधिकृत काम गरेकाले अमर गोपालीलाई पार्टीको साधारण सदस्य पनि नरहने गरी निष्कासन गरिएको छ ।’

ब्युरो इन्चार्जले विज्ञप्तिको अन्त्यमा भनेका छन्, ‘साथै हाम्रो पार्टीबाट साधारण सदस्य पनि नरहने गरी निष्कासन गरिसकेका अमर गोपाली र पुरन राईले पार्टीका नाममा भ्रम सिर्जना गरी अराजक गतिविधि गरेको पाइएमा हाम्रो पार्टीलाई सूचना गरी सहयोग गरिदिनहुन जनसमुदायमा अनुरोध गर्दछौँ । साथै उनीहरूले यस्तो गतिविधि जारी राखेमा हाम्रो पार्टी उचित कारबाही गर्न बाध्य हुनेछ ।’

# सहिद परिवारद्वारा स्मृति सभा आयोजना

**बुटवल** : सहिद परिवार सङ्गठन नेपाल रूपन्देहीले सहिद दिवसका अवसरमा सैनामैनामा स्मृति सभा सम्पन्न गरेको छ । निरङ्कुश राणा शासनका विरुद्ध प्रजापरिषद्को नेतृत्वमा सङ्घर्ष गर्दा राणा सरकारले हत्या गरेका सहिदहरू गङ्गालाल श्रेष्ठ, दशरथ चन्द, धर्मभक्त माथेमा र शुक्रराज शास्त्रीको स्मृतिमा उक्त सभा गरिएको हो ।

उक्त सभामा सहिद परिवार सङ्गठन नेपालका विभिन्न नेताहरूले सम्बोधन गरेका थिए । स्मृति सभामा रूपन्देही जिल्लाका सहिद तथा बेपत्ता परिवारलगायत सयौँको सहभागिता रहेको थियो । स्मृतिसभाका वक्ताहरूले सहिद तथा बेपत्ता परिवारले नेपालका हरेक आन्दोलन वा क्रान्तिमा बलिदान गर्ने महान् सहिदहरूको सपना पूरा नभएको भन्दै आगामी दिनमा सङ्घर्ष जरुरी रहेको बताएका थिए । उनीहरूले दलाल संसदीय व्यवस्थामा सहिदहरूका सपना पूरा नहुने बताए । साथै वक्ताहरूले वैज्ञानिक समाजवादी व्यवस्थाको विकल्प नभएकाले नेकपामाथि लगाइएको प्रतिबन्ध खारेज हुनुपर्ने, अमेरिकी साम्राज्यवादको रणनीतिक योजनामा नेपालमा ल्याइएको इन्डोप्यासिफिक रणनीति र एमसीसी खारेज गर्नुपर्ने र राष्ट्रियताका पक्षमा थप सङ्घर्ष गर्नुपर्ने बताएका थिए ।

# माइला लामासहित नेकपाका चार नेतालाई रिहाइ आदेश

**काठमाडौं** : नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा तत्कालीन उपत्यका विशेष ब्युरोका इन्चार्ज माइला लामा ‘प्रज्वल’ सहित चारजनालाई रिहा गर्न अदालतले आदेश दिएको छ। पाटन उच्च अदालतले लामासँगै नेकपा अर्का केन्द्रीय सदस्य नवीन विश्वकर्मा, अनेमसङ्घ (क्रान्तिकारी) की महासचिव धीरेन्द्राकुमारी उपाध्याय र ईश्वर परियारलाई रिहा गर्न आदेश गरेको हो।

ललितपुर जिल्ला अदालतको एनसेलको केन्द्रीय कार्यालयमा बम विस्फोट गराएको घटना र राज्यविरुद्धको अपराधमा दोषी ठहर गर्दै पुर्पक्षमा पठाउने फैसलालाई उच्च अदालतले बदर गर्दै नेताहरूलाई रिहा गर्न आदेश दिएको छ। जिल्ला अदालत ललितपुरको आदेशविरुद्धको रिट निवेदन उच्च अदालतमा परेको थियो । उच्च अदालतका मुख्य न्यायाधीश नहकुल सुवेदी र न्यायाधीश श्रीकान्त पौडेलको इजलासले बिहीबार चारजनालाई निर्दोष ठहर गर्दै रिहाइको आदेश दिएको हो। उनीहरू सबैलाई ललितपुर जिल्ला अदालतले पुर्पक्षका लागि भन्दै नख्खु कारागार चलान गरेको थियो । बन्दीहरूका तर्फबाट वरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ताहरू कपिलचन्द्र पोखरेल, कान्तिराम ढुङ्गाना, खिमानन्द अधिकारी, रामकृष्ण भण्डारी, सन्तोष कोइराला, वासुदेव तिवारी, चूडाबहादुर निरौला र राजु अधिकारीले बहस गरेका थिए ।

# तस्करी नरोकिए जनकारबाही गर्ने नेकपाको चेतावनी

नेपाल कम्युनिस्ट पार्टी झापाले मेचीनगरको ज्यामिरगढी, काँकडभिट्टा, नकलबन्दा, बाहुनडाँगी, तिरिडलगायतको नाकाहरूबाट हुने तस्करी तत्काल बन्द गर्न चेतावनी दिएको छ । नेकपाले अन्यथा तस्करहरूमाथि जनकारबाही चेतावनी पनि दिएको छ ।

जिल्ला सेक्रेटरी श्रीजङ्गले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यतिबेला देशको अर्थतन्त्र दलालहरूको पञ्जामा कैद भएको छ । यसको असर आमनेपाली जनसमुदायले भोगिरहनुपरेको छ । देश र जनताको अधिकारका निम्ति लडिरहेको हाम्रो पार्टीलाई सरकारले प्रतिबन्ध लगाएर देशैभर दलाल, भ्रष्ट र तस्करहरूलाई जनप्रतिनिधिका रूपमा खडा गरेर वैधानिक रूपमा देशलाई लुटिरहेको छ । हाम्रो पार्टी प्रतिबन्धको बेवास्ता गर्दै जनताको घरदैलोमा गएर निरन्तर दलाल, भ्रष्ट, तस्कर, भूमाफिया, कमिसनखोरहरूको भण्डाफोर गर्दै आमजनसमुदायलाई एकीकृत जनक्रान्तिमा गोलबद्ध गर्दै अघि बढिरहेको छ ।'

विज्ञप्तिमा भनिएको छ, 'यसै सन्दर्भमा नेपालको पूर्वी नाकाका रूपमा चिनिने झापाको मेचीनगर नगरपालिकाबाट भ्रष्ट जनप्रतिनिधि र प्रहरीको सेटिङमा नेपालबाट भारततर्फ दिनहुँ पशु चौपायासँगै सुख्खा सुपारी, छोगडा, हरियो मटर, सुकुमेल, चाइनिज नास्पाती, फोरेनगुड्सजस्ता सरसामानहरू ठूलो परिमाणमा तस्करी गरिरहेको व्यापक जनगुनासोले हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण गराएको छ । दुईतिहाइ बहुमत प्राप्त केपी र पीकेमण्डली सरकार जनतालाई ढाड सेक्ने गरी कर लगाउने र तस्कर, दलालहरूलाई छूट दिने अनि जनआवाजलाई दबाउन बुट बजार्ने काममा व्यस्त रहेको छ । यस्तोखाले गतिविधिले सरकार जनताको नभएर दलाल, भ्रष्ट र तस्करहरूको रहेको कुरा स्पष्ट छ । यस्ता घिनौला हर्कतहरू जनताका सामु छताछुल्ल भएर एकपछि अर्को गर्दै आइरहेको छ । यस्ता गलत रवैयाका विरुद्ध आमजनसमुदाय सडक सङ्घर्षमा उत्रिनुको विकल्प छैन ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'मेचीनगरको ज्यामिरगढी, काँकडभिट्टा, नकलबन्दा, बाहुनडाँगी, तिरिडलगायतको नाकाहरूबाट हुने तस्करी तत्काल बन्द गर्न यसै विज्ञप्तिमार्फत सूचित गरिन्छ । अन्यथा हाम्रो पार्टी देश र जनताका पक्षमा रहेर तस्कर हरूमाथि जनकारबाही गर्न बाध्य हुनेछ । त्यसबाट उत्पन्न परिस्थितिको जिम्मेवार केपी, पीके र बादल कम्पनी रहने यसै विज्ञप्तिद्वारा अवगत गराइन्छ ।'

# लक्ष्मण पौडेलको स्वास्थ्यस्थिति गम्भीर
# उपचार नगरेर मार्ने षड्यन्त्र गरेको आरोप

नेपाल कम्युनिस्ट पार्टीका सुनसरी इन्चार्ज लक्ष्मण पौडेल बाथ रोगले थलिएको अवस्थामा चिकित्सकले छालामा क्यान्सर भएको आशङ्का गर्दै बायस्पी (क्यान्सर परीक्षण) गर्न सिफारिस गरेका छन् । तर प्रशासनले उपचार नगरिदिएकाले प्रहरी हिरासतभित्रै मार्ने षड्यन्त्र गरेको आरोप परिवारका सदस्यहरूले लगाएका छन् । गत भदौ ७ गते सुनसरी जिल्लाको इटहरी नप, पचरुखीबाट पौडेल गिरफ्तार भएका हुन् । प्रहरीले विस्फोटक पदार्थ र सङ्गठित अपराध मुद्दा लगाएर २ महिना हिरासतमा राखेको थियो । मङ्सिर ६ गते सुनसरी जिल्ला अदालतले २५ हजार धरौटीमा रिहा गर्ने फैसला गऱ्यो । तर प्रहरीले अदालत परिसरबाटै गिरफ्तार गरी झापा जिल्लाको अनारमनी हिरासतमा लगेर बम विस्फोटसम्बन्धी मुद्दा दर्ता गऱ्यो । झापा जिल्ला अदालतले मङ्सिर २८ गते १ लाख धरौटी माग गरेर रिहा गऱ्यो । तर प्रहरीले अदालत परिसरबाटै फेरि गिरफ्तार गरेर सवारी आवागमनमा अवरोध पुऱ्याएको अर्को मुद्दा लगायो । झापा जिल्ला अदालतले २५ हजार धरौटीमा फेरि रिहा गर्न आदेश दियो । अदालत परिसरबाटै फेरि गिरफ्तार गरेर सुनसरी जिल्ला, धरान पुऱ्याएर विस्फोट तथा सङ्गठित अपराध मुद्दा दर्ता गऱ्यो । सुनसरी जिल्ला अदालतले साधारण तारेखमा रिहा गऱ्यो । पौडेललाई पुनः गृहजिल्ला उदयपुर लगेर मङ्सिर २८ गते सङ्गठित अपराध र विस्फोटक पदार्थ मुद्दा लगाइयो ।

पछिल्लो समय उदयपुर जिप्रकामा रहेका लक्ष्मण पौडेल बाथ रोगले थलिएकै अवस्थामा जिल्लाका चिकित्सकले छालाको क्यान्सर भएको पूर्वानुमान गरेर छालाको बायोस्पी गर्न सिफारिस गरेका छन् । छालामा एलर्जी भएकै समयमा उक्त परीक्षण गर्नुपर्ने हुन्छ । जिल्लामा उक्त उपचारको व्यवस्था नभएको र अन्यत्र नलगेकाले उपचार भएको छैन ।

बिर्तामोडस्थित कन्काई अस्पतालमा झापा प्रहरीले उपचार गराएको थियो भने सुनसरी प्रहरीले इटहरीको साधनहीन सामान्य नर्सिङहोममा जाँच गराएको थियो । माघ २ गतेदेखि १२ गतेसम्म जिल्ला अस्पताल गाईघाटमा भर्ना गरी उपचार गरियो तर रोगले भन् चाप्दै लगेको छ । माघ १६ गते उपचार र रिहा गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरिएको छ तर प्रहरी र गाईघाट अदालतले जवाफ पठाएका छैनन् । सत्तारूढ पार्टीका नेताहरू हिरासतमा पुगेर आत्मसमर्पण गर्न दबाब दिइरहेको पौडेलकी जीवनसँगिनी रीताले बताएकी छिन् । तर युवा नेता पौडेलले 'मेरो उपचार नगरेर हिरासतबाट लास निकालोस् तर आत्मसमर्पण गर्दिनँ' भनेको श्रीमतीले बताएकी छिन् । परिवारले जीवनरक्षाको माग गर्दै राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी दर्ता गराएको छ । रोगले च्यापेपछि माघ २० गते पौडेललाई पुनः अस्पताल भर्ना गरिएको छ । तर जिल्ला प्रहरीलाई अस्पताल भर्ना नगर्न माथिल्लो निकायबाट दबाब आएको स्रोतको दाबी छ ।

# भ्रामक र कपोलकल्पित अफवाहहरूको भ्रममा नपरौँ : अखिल क्रान्तिकारी

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) का अध्यक्ष चिरञ्जवी ढकालले अखिल (क्रान्तिकारी) र यसको नेतृत्वले कुनै पनि मूल्यमा आफ्ना शैक्षिक एजेन्डाहरूलाई आर्थिक लेनदेनको विषयसँग साट्ने स्थितिको कल्पना गर्न पनि गर्न नसकिने बताएका छन् । शनिबार विज्ञप्ति जारी गर्दै उनले भनेका छन्, 'हालै सामाजिक सञ्जालमा चितवन मेडिकल कलेजका हाम्रो सङ्गठनको नेतृत्वले शैक्षिक एजेन्डा बेचेको भन्ने भ्रामक टिप्पणीहरू गरिएकोप्रति गम्भीर ध्यानाकर्षण भएको छ । अखिल (क्रान्तिकारी) र यसको नेतृत्वले कुनै पनि मूल्यमा आफ्ना शैक्षिक एजेन्डाहरूलाई आर्थिक लेनदेनको विषयसँग साट्ने स्थितिको कल्पना गर्न पनि गर्न सकिन्न ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'नेपालको चिकित्सा शिक्षाको आन्दोलन अखिल (क्रान्तिकारी) र जनस्वास्थ्य महासङ्घको मुख्य पहल र नेतृत्वमा चितवन मेडिकल कलेजलगायत देशव्यापी रूपमा निरन्तर जारी रहेको विषय सर्वविदितै छ । नेपालको समग्र शैक्षिक आन्दोलन तथा चिकित्सा शिक्षाको आन्दोलनको एजेन्डालाई अन्य कुनै पनि विषयहरूसँग सम्झौता नगर्ने प्रतिबद्धता पनि गर्दछौँ । कुनै पनि प्रकारका राजनीतिक, साङ्गठानिक, सांस्कृतिक एवम् आर्थिक अराजकता हाम्रो पार्टी र सङ्गठनमा सैद्ध्य नहुने विषय पनि स्पष्ट गर्न चाहन्छौँ ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'पार्टीको विचार, मूल्य, मान्यता, आदर्श र संस्कृतिबाट विचलित भएका, पार्टीका विरुद्धमा दुस्मनसँग सुराकीका रूपमा काम गरिरहेका आफ्नो सक्कली अनुहारसमेत देखाउन नसक्ने सांस्कृतिक र नैतिक रूपले पतित, पार्टी, आन्दोलन, नेतृत्वको उचाइबाट विक्षिप्त केही व्यक्ति र तत्वहरू योजनाबद्ध रूपमा हाम्रो सङ्गठन र नेतृत्वका विरुद्ध आफ्नो निहित स्वार्थ पूरा गर्न नक्कली आईडी र छद्म नामहरू प्रयोग गरी निरन्तर रूपमा सामाजिक सञ्जालहरूमा विषवमन गरिरहेका छन् । ती तत्वहरू क्रान्ति, पार्टी, नेतृत्व र विद्यार्थी आन्दोलनलाई बदनाम गर्ने षड्यन्त्रमा लागिरहेका छन् । नेपाली क्रान्ति र यसको नेतृत्वका विरुद्ध लागिपरेको दलाल केपी वली सरकारका एजेन्टहरूलाई क्रान्तिकारी आन्दोलनले उचित समयमा जवाफ दिने नै छ । हामी हाम्रो सम्पूर्ण सङ्गठन, शुभचिन्तक, समर्थकलगायत आमजनसमुदायलाई यस्ता भ्रामक र कपोकल्पित षड्यन्त्रमूलक अफवाहहरूको भ्रममा नपर्न आह्वान गर्दछौँ । पार्टी, आन्दोलन र क्रान्तिमा यस्ता खराब तत्वहरू आन्तरिक र बाह्य दुवैतिर हुने भएकाले यसबाट सचेत रहन र यसको कडा प्रतिवाद गर्न पनि आग्रह गर्दछौँ ।'

# सहिदहरूको सम्झनामा देशभर स्मृतिसभा

**काठमाडौँ** : नेपालको परिवर्तनकारी आन्दोलनमा विभिन्न समयमा आफ्नो जीवनको बलिदान दिने महान् सहिदहरूको सम्झनामा बिहीबार देशभर सहिद दिवस मनाइएको छ । जहानियाँ राणाशासनविरुद्धको आन्दोलन, जनयुद्ध, विभिन्न जनआन्दोलन र एकीकृत जनक्रान्तिको कडीलाई जोड्नका लागि यस वर्षदेखि नेपाल कम्युनिस्ट पार्टीले सहिद दिवस मनाउने कार्यक्रमको शुभारम्भ गरेको हो ।

यसैक्रममा नेपाल कम्युनिस्ट पार्टीले देशव्यापी विभिन्न जिल्लामा माघ १६ गते सहिद दिवस कार्यक्रम गर्ने केन्द्रीय कार्यक्रमअनुसार दाङको ५ नम्बर एरियाको आयोजनामा घोराहीमा सहिद दिवस कार्यक्रम भएको छ । कार्यक्रमका वक्ताहरूले नेपालको हरेक परिवर्तनकारी आन्दोलनमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरेका थिए ।

कार्यक्रममा ५ नम्बर एरिया इन्चार्ज जनक विक, अखिल (क्रान्तिकारी) का दाङ जिल्ला अध्यक्ष अनिल केसी, भरतलगायतले बोलेका थिए भने कार्यक्रमको सञ्चालन एरिया सदस्य आक्रोशले गरेका थिए । राणाशासनका विरुद्ध सङ्घर्ष गर्ने क्रममा सन् १९९७ सालमा शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ र दशरथ चन्दको निर्ममतापूर्वक हत्या गरिएको थियो । त्यही सन्दर्भ पारेर नेकपाले सहिदहरूलाई सम्झँदै सहिद दिवस मनाएको हो ।

यसैगरी नेपाल कम्युनिस्ट पार्टीले देशव्यापी रूपमा माघ १६ गते सहिद दिवस कार्यक्रम गर्ने केन्द्रीय कार्यक्रमअनुसार नेपालको परिवर्तनकारी आन्दोलनमा विभिन्न समयमा आफ्नो जीवनको बलिदान दिने महान् सहिदहरूको सम्झनामा बिहीबार चितवनको भरतपुर महानगरपालिका, कालिका, राप्ती नगर समिति, माडीको खैरेनीलगायत ठाउँमा कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा वक्ताहरूले नेपालको हरेक परिवर्तनकारी आन्दोलनमा आफ्नो अमूल्य जीवन बलिदान गर्ने महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरेका थिए । वक्ताहरूले वैज्ञानिक समाजवादी व्यवस्थाको विकल्प नभएकाले नेकपामाथि लगाइएको प्रतिबन्ध खारेज हुनुपर्ने, अमेरिकी साम्राज्यवादको रणनीतिक योजनामा नेपालमा ल्याइएको इन्डोप्यासिफिक रणनीति र एमसीसी खारेज गर्नुपर्ने र राष्ट्रियताका पक्षमा थप सङ्घर्ष गर्नुपर्ने बताएका थिए । गतिशीलको अध्यक्षतामा सम्पन्न कार्यक्रमका प्रमुख वक्ता सेक्रेटरी जगदीश शर्मा थिए भने सञ्चालन ईश्वर लामाले गरेका थिए ।

# कैलालीमा युवा सङ्गठन नेपालको एरिया भेला सम्पन्न

**कैलाली** : नेकपा निकट युवा सङ्गठन नेपालको एरिया भेला कैलाली जिल्लाको कमाण्ड नं २ मा सम्पन्न भएको छ । मार्क्सलले अध्यक्षता र सञ्चालन गरेको भेलामा पार्टीका एरिया इन्चार्ज विकल्पले प्रमुख आतिथ्य, पार्टीको सहायक सङ्गठन युवा सङ्गठन नेपालका ब्युरो सदस्य दीपकले विशिष्ट आतिथ्य र ओम अतिथि रहेका थिए । भेलाले १७ सदस्यीय युवा सङ्गठन नेपाल कैलालीको एरिया कमिटी गठन गरेको छ । सङ्गठनमा प्रविन अध्यक्ष, रूपेश उपाध्यक्ष, सन्तोष सचिव, भीमसेन कोषाध्यक्ष र नरेश सहसचिव रहेका छन् । सदस्यहरूमा सरोज, कमल, शङ्कर, सोम, रतन, सन्तोष, सिद्ध, चित्कार, आकाश र पुकार रहेका छन् ।

# नेकपा रुपन्देहीले बुद्धि चौधरीलाई पार्टीबाट हटायो

**बुटवल** : नेपाल कम्युनिस्ट पार्टी रुपन्देही जिल्ला समितिले पार्टी सदस्य बुद्धि चौधरी आफ्नो पार्टीमा नरहेको बताएको छ । जिल्ला सेक्रेटरी विजयले आइतबार प्रसश विज्ञप्ति जारी गर्दै चौधरी लामो समयदेखि पार्टी सम्पर्कमा नआएको, विरोधीहरूसँग अनावश्यक साँठगाँठ गरेको र धार्मिक कार्यमा जोडिएर पार्टी नीति उलङ्घन गरेको भन्दै पार्टी सदस्य नरहेको जानकारी गराएको छ ।

सेक्रेटरी विजयले वली-दाहाल सरकारको सामाजिक फासिवादी सरकारले दमन र प्रतिबन्ध गरेको भन्दै त्यसलाई चिरेर पार्टी अगाडि बढिरहेको बताएका छन् । उनले यसबीचमा पार्टीभित्र शुद्धीकरण अभियान तीव्र भएको जानकारी पनि दिएका छन् ।

# जिल्ला जनपरिषद् पाल्पाको बैठक सम्पन्न

**तानसेन** : जिल्ला जनपरिषद् पाल्पाको बैठक सम्पन्न भएको छ । जनपरिषद् पाल्पाका प्रमुख मीनबहादुर आलेको अध्यक्षतामा सम्पन्न बैठकमा नेकपाका पाल्पा जिल्ला इन्चार्ज प्रवीण र दलित मुक्ति मोर्चाका केन्द्रीय सदस्य तथा लुम्बिनी संयोजक दीपबहादुर रसाइली अतिथिका रूपमा उपस्थित थिए । शनिबार सम्पन्न बैठकले वैज्ञानिक बन र सामुदायिक बनका नाममा बन विनास गर्ने कार्य भइरहेको भन्दै जनपरिषद्ले बनका कर्मचारी र बनव्यवसायीहरूलाई उक्त कार्य रोक्न चेतावनी दिएको छ । बैठकले महँगी, कालोबजारी, मिटर ब्याजे, लागूपदार्थ, वेश्यावृत्तिका विरुद्ध सङ्घर्ष गर्ने निर्णय गरेको छ । साथै जनपरिषद्ले व्यवसायी र उद्योगीहरूलाई दलाल सत्तालाई कर तिर्ने नभई जनताको आफ्नै सत्तालाई सहयोग गर्न आह्वान गरेको छ ।

यसैबीच दलित मुक्ति मोर्चा जिल्ला समिति पाल्पाको बैठक सम्पन्न भएको छ । नीरबहादुर विकको अध्यक्षतामा सम्पन्न बैठकमा अतिथिहरू प्रवीण, दिवबहादुर रसाइली, युवा सङ्गठनका जिल्ला अध्यक्ष लीला सारू, अखिल (क्रान्तिकारी) का जिल्ला अध्यक्ष लक्ष्क रानाको उपस्थिति थियो । मानव कलङ्कका रूपमा रहेको छुवाछूत र भेदभावका विरुद्ध सङ्घर्ष गर्ने तथा भण्डाफोर गर्ने निर्णय मोर्चाको बैठकले गरेको जनाइएको छ ।

# उपत्यकाका सबै क्याम्पसमा अखिल क्रान्तिकारीको मागपत्र

**काठमाडौँ** : अनेरास्ववियु (क्रान्तिकारी) ले त्रिभुवन विश्वविद्यालयले फागुन १६ गतेका लागि घोषणा गरेको स्वतन्त्र विद्यार्थी युनियनको चुनावमा सहभागी हुने वातावरण बनाउन भन्दै मागपत्र बुझाएको छ । त्रिविका उपकुलपतिलाई मङ्गलबार दुईबुँदे मागपत्र बुझाएको अखिल (क्रान्तिकारी) ले काठमाडौँका सबै ठूला क्याम्पसहरूमा मागपत्र बुझाएको छ । विद्रोही नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) को उपत्यका क्षेत्रीय समन्वय समिति अन्तर्गत क्याम्पस जिल्ला समिति काठमाडौँले चाबहिलस्थित पशुपति, सोह्रखुट्टेको अस्कल, सरस्वती क्याम्पससहित पब्लिक युथ, शङ्करदेव, ताहाचल, मानविकी क्याम्पस आरआरमा दुईबुँदे मागसहितको ज्ञापनपत्र बुझाएको छ । क्याम्पस जिल्ला समिति काठमाडौँकी अध्यक्ष तारा सञ्ज्यालका अनुसार ताहाचल क्याम्पस, नेपाल ल क्याम्पस, थापाथलीस्थित इन्जिनियरिङ क्याम्पसमा ज्ञापनपत्र बुझाउँदै क्रान्तिकारीले स्ववियु चुनावमा भाग लिने वातावरण बनाउन माग गरेको छ । आफ्नो सङ्गठनमाथि सरकारले अघोषित रूपमा प्रतिबन्ध लगाएको अवस्थामा गरिने स्ववियु चुनावको औचित्य नहुने अखिल (क्रान्तिकारी) ले ज्ञापनपत्रमा उल्लेख गरेको छ ।

ज्ञापनपत्र बुझ्दै ती क्याम्पसका प्रमुखहरूले अखिल (क्रान्तिकारी) लाई चुनावमा भाग लिन आग्रह गर्दै आवश्यक वातावरणका लागि आफूहरूले त्रिविमार्फत पहल गर्ने प्रतिबद्धता व्यक्त गरेको अखिल (क्रान्तिकारी) ले जनाएको छ । साथै क्रान्तिकारीले आफ्नो सङ्गठनले अगाडि सारेका माग पूरा नगरी त्रिवि जबर्जस्ती अगाडि बढे स्ववियु चुनाव बिथोल्ने चेतावनीसमेत दिएको छ । त्यसैगरी अखिल क्रान्तिकारीका भक्तपुर र ललितपुर जिल्ला समितिले पनि त्रिविका आङ्गिक क्याम्पसहरूमा सोही बेहोराको ज्ञापनपत्र बुझाएका छन् ।

## केरुङे गिटी ...

समाजवाद' त हुन सक्दैन होला । सबै लूटको वैधानिक परिवहनका सहयोगी बन्नकै लागि जनताले बलिदान गरिदिएजस्तो देखिनु आजको व्यवस्थाको निर्मम व्यङ्ग्य हो । श्रम नगर्ने, उत्पादन नगर्ने, व्यक्तिपूजा गर्ने, रातो वा कालो मालिकको परको नातेदारको घर कुकुर ब्याउँदा पनि शुभकामना टक्र्याउने, विदेशी पुँजीको एकाधिकार रहँदा आफ्नो फलिफाप देख्ने "उडुस वर्ग" ले समाजवाद उन्मुख भनिएको "उत्तरआधुनिक नवसामन्ती" व्यवस्था सर्लक्कै ढाकेको देख्दा लिअन ट्रोट्स्कीकृत 'रेभोलुसन बिट्रेड' को कम्तीमा एब्स्ट्र्याक्ट सम्झना आउनुपर्छ, सोभियतका लालनोकरशाहीहरूको सम्झना आउनुपर्छ जसले सोभियत हुँदा पनि फाइदा लिए र सोभियत ढलेपछि पनि "ओलीगार्च" भएर आफैँ उदाए ।

सारमा व्यवस्थाले कसको भाषा बोल्दैछ, कसको सेवा गर्दैछ भन्ने कुरा महत्वपूर्ण हुने रहेछ । व्यवस्थाले एलिटको मात्रै सेवा गरिरहँदा "म्लेच्छीय प्याकेज" मा 'स्वाङ्ग भाले हुने' राजनीति र त्यसको वरपर फलोत्पत्ति प्राप्त गरेका र गर्न कौतुकित "उडुस वर्ग" का निम्ति यो अप्रिय लाग्दैन । तर मरुभूमिमा सेकिन बाध्य, हुँदा मात्रै खाने, परियोजनाको प्रस्ताव लिएर दूतावास र दातृनिकाय छिर्न नजाने "सर्वसाधारण जनता" लाई भने भयानक अप्रिय लाग्न सक्छ । फलतः आफूले बुझ्ने सरल भाषा बोलिदिने व्यवस्थाका निम्ति, "उडुस वर्ग" मा टेकेको 'उत्तरआधुनिक नवसामन्ती' व्यवस्थाको पिरामिड भत्काउन विकल्प खोज्न थाल्न सक्छ- "बिटरफेल्ड वल्फन" वा "सोभियत" मा जस्तै । अर्थात् विलक्षण अनुराग कश्यप निर्देशित 'ग्याङ्स अफ वासिपुर' मा रामाधीरले आफ्नो "अति प्रिय तर निरर्थक" छोरालाई भनेको संवाद स्मरणं होला- 'बेटा तुमसे ना हो पाएगा' अनि "बिन्ड अफ चेन्ज" आउला अनि हाम्रा आफ्नै मौलिक नेपाली विचारधाराले हुर्कन पाउलान् ।

'कुन्साङ काका' द्वारा मुद्रित वर्णनाको अनुवचनले "उडुस वर्ग" र "उत्तरआधुनिक नवसामन्त" को संस्पर्श परिवर्तन भइदिए नेपाली "बिन्ड अफ चेन्ज" अत्यन्तै शीतल हुने थियो । डबलीका सेता परेवा वा सर्वप्रिय अनशनद्वारा "उत्तरआधुनिक नवसामन्ती" व्यवस्थामा सहजै भारतीय पुँजीको एकाधिकार तोडिएर राजनीतिक तथा भौगोलिक सिमानामा "म्लेच्छीय परमेश्वरता" नियन्त्रण भएदेखि निर्वाणीय सम्यक हुने थियो । तर पुँजीको एक तह विकास नभएको भूगोल, संसारसँग जोडिएको समय अनि काठमाडौँको राजधानी दिल्ली, दिल्लीको राजधानी ब्रसेल्स र ब्रसेल्सको राजधानी वासिङ्टन भएको परिवेशमा सलल र सहज कुनै निश्चित दर्शनले निर्देशन गरेभन्दा बेग्लै "वर्गसङ्घर्ष" को अप्रतीत र अचिन्त्य नयाँ र फरक स्वरूप पनि प्रकट हुन सक्छ । अर्थात् समाजवादको आवरणमा 'सीआईए', 'मोसाद', अनि 'र' सँगको निरन्तर र लामो सहकार्यमा आकार लिँदै गरेको प्रोइन्डोप्यासिफिक व्यवस्थामा "जनवाद" र "प्रजातन्त्र" का नाममा उदाएका काला र राता "उडुस वर्ग" र "उत्तरआधुनिक नवसामन्त" लाई अचानक सास फेर्न असहज पनि हुन सक्छ ।

जीवनी/इतिहास

सन्दर्भ : गङ्गालाल जन्मशताब्दी तथा सहिद दिवस माघ १६

# निरङ्कुश राणाशासकलाई दुत्कार्ने सहिद गङ्गालाल श्रेष्ठ



अशोक सुवेदी

*जेता-नेतादि सबले मर्नु साझा सबैको ।*
*सब शव गई बस्तछन् एक दिन काखमा चिताको ॥*
*किन डरूँ मृत्युदेखि मर्न कम्मर कसेको ।*
*हुँ एक वीर पुत्र म पनि वीर माँ नेपालको ॥*
*सहिद गङ्गालाल श्रेष्ठ*

## विषय परिचय

इतिहास निर्माणमाविरलै मात्र यस्ता पात्र वा व्यक्तित्वहरूको योगदान रहेको हुन्छ जसको जीवन नै ऊर्जाशील र प्रेरणादायी हुन्छ । उनीहरूको जीवनी नै गौरवशाली पनि हुन्छ । नेपालको राजनीतिक इतिहास निर्माण गर्ने महान् यात्रामा गङ्गालाल श्रेष्ठको योगदान त्यस्तो त्यागमय, ऊर्जाशील र प्रेरणादायी रहेको छ ।

नेपालमा माघ १६ गतेलाई सहिद दिवसका रूपमा मनाउने गरिएको छ यद्यपि तत्कालीन नेकपा (माओवादी) को आह्वानमा जनयुद्ध आरम्भ भएपछि तत्कालीन नेकपा (माओवादी) ले फागुन १४ देखि २१ गतेसम्म सहिद सप्ताह मनाउँदै आएको इतिहास छ । हाल यसलाई नेपाल कम्युनिस्ट पार्टीले अघि बढाइरहेको छ । माघ १६ राणा शासनका विरुद्ध सङ्घर्ष गर्ने योद्धाहरूगङ्गालाल श्रेष्ठ, दशरथ चन्द, शुक्रराज शास्त्री र धर्मभक्त माथेमाले बलिदान गरेको साताको सन्दर्भ हो । त्यस्तै फागुन १४ जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेलले बलिदान गरेको दिन हो भने फागुन २१ पञ्च शासकहरूले झापा विद्रोहका योद्धाहरूलाई जेल सार्ने बहानामा सुखानी जङ्गलमा लगेर हत्या गरेको दिन हो । यो २०७५ साल भने अमर सहिद गङ्गालाल श्रेष्ठको जन्मशताब्दी वर्ष पनि हो ।

१९९७ साल माघको दोस्रो साता गङ्गालाल श्रेष्ठ, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र दशरथ चन्दलाई राणा शासकहरूले मृत्युदण्ड दिएका थिए । यद्यपि राणाशासनविरुद्ध मकैको खेती पुस्तक लेखेर विद्रोह बोलेका सुब्बा कृष्णलाल अधिकारीले जेलमै बलिदानको बाटो रोजेर निरङ्कुश शासनलाई चुनौती दिइसकेका थिए । त्यसअघि जङ्गबहादुर राणालाई चुनौती दिने लखन थापालाई हत्या गरिइसकेको थियो । लखनलाई नेपालका प्रथम सहिद मानिन्छ । यसअघि पृथ्वीनारायण शाहको राज्यविस्तार अभियानका क्रममा र राज्यविस्तारपछि पनि विद्रोहीहरूको हत्या गरिएका अभिलेखहरू पाइन्छन् । मल्लकालमा पनि कयौँ विद्रोहीहरूले निरंकुश सत्ताको विरोध गर्दै बलिदानको बाटो रोजेका थिए । नेपालमा राणाशासनदेखि वर्तमान संसदीय व्यवस्थाविरुद्ध सङ्घर्षका क्रममा मात्र दस हजारभन्दा बढी जनताले बलिदान गरिसकेका छन् । यद्यपि राज्यले सबै विद्रोही र बलिदान गर्ने योद्धाहरूलाई सहिद घोषणा गरेको छैन । सत्ता नबदलिएको र सरकारहरू मात्र फेरिएको अवस्थामा यस्तो हुनु अन्यथा पनि होइन तर यो योद्धा र न्यायप्रेमीहरूमाथिको अन्याय भने हो । यो आलेखमा राणाविरोधी सङ्घर्ष र बलिदानीको केन्द्रमा गङ्गालालको बलिदानलाई समेट्ने प्रयास गरिएको छ । यो आलेख तयार पार्न सिद्धिचरण श्रेष्ठ, भुवनलाल प्रधान, डा. राजेश गौतम, शिवकुमार डाँगीलगायत अध्येता र स्रष्टाहरूका पुस्तकहरूको सहयोग लिइएको छ र त्यसमा पनि गङ्गालाल-पुष्पलाल जन्मिएको थलो र तीन लालको भूमि नामले परिचित रामेछाप जिल्लाको यात्रा गर्ने स्रष्टाहरूका अनुभूतिहरू उद्धरण गरिएको छ ।

## आरम्भ

## जीवनी र सङ्क्षिप्त परिचय

अध्येता भुवनलाल प्रधानले लेखेका छन्, 'यी युवक सहिद गङ्गालालको जन्म तत्कालीन पूर्व २ नं. रामेछापमा वि. सं. १९७५ साल फागुन पूर्णिमाको दिन भएको थियो । यिनी भक्तलाल श्रेष्ठ र तुलसीदेवीका जेठा छोरा थिए । त्यसबेला भक्तलाल रामेछापको माल अड्डाका हाकिम खरदार थिए ।'

भुवनलाल प्रधान, सहिद परिचय, गङ्गालाल, काठमाडौँ नगर पञ्चायत २०४३, पृ.१८

पाँच वर्षको उमेरमा गङ्गालालले रामेछापको भाषा पाठशालामा कखहरा सुरु गरेका थिए तर विसं १९८१ सामै बाबु भक्तलाल ओखलढुङ्गा खटिएकाले गङ्गालाल पनि बाबुसँगै जान बाध्य भए । उनलाई केही वर्षपछि अङ्ग्रेजी पढाउन भनेर काठमाडौँ ल्याइएको थियो । भुवनलालका अनुसार कलकत्तामा डाक्टरी पढ्न जाने उनका काका शङ्करलालले गङ्गालाललाई पनि सँगै लिएर गए । त्यहाँ दुई-तीन वर्ष पढेपछि गङ्गालाल काठमाडौँ नै फर्किए ।त्यसपछि गङ्गालालको पढाइ दरबार हाईस्कुलमा सुरु भयो । चौथो श्रेणीमा भर्ना भएर गङ्गालालले १९९५ सालमा पहिलो श्रेणीमा एसएलसी उत्तीर्ण गरेका थिए ।

जहानियाँ एकतन्त्रीय राणा शासनको अन्त्य गरी प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने महान् उद्देश्यका लागि सङ्कल्पबद्धगङ्गालाल श्रेष्ठले१९९५ सालमा दरबार हाईस्कुलबाट प्रथम श्रेणीमा एसएलसी परीक्षा उत्तीर्ण गरेका थिए । उनले बाल्यावस्थादेखि नै बुबासँग देशका विभिन्न भागमा पुग्ने क्रममा नेपाली जनताको दयनीय र चिन्ताजनक अवस्थाको जानकारी लिने अवसर पाएका थिए । गङ्गालालले काकाशङ्करलालसँग केही वर्ष कलकत्तामा बस्दा अङ्ग्रेज साम्राज्यवादका विरुद्ध भारतीय जनआन्दोलनको उभार देख्ने मौकासमेत प्राप्त गरेका थिए । नेपाली जनतामाथि राणाहरूको उत्पीडन र भारतीय जनताले अङ्ग्रेज उत्पीडनका विरुद्ध गरेको प्रतिरोध युद्ध दुवैको प्रेरणाले गङ्गालाललाई क्रान्तिकारी बाटोतर्फ मार्गनिर्देशित गरेको इतिहास पाइन्छ ।

गङ्गालाल श्रेष्ठले निरङ्कुश राणा शासनको अन्त्य र जनतन्त्र स्थापनाका लागि बलिदान गरेको ७९ वर्ष लागेको छ । यो गङ्गालालको जन्मशताब्दी वर्ष पनि हो । राणा शासनको विरोधमा राजनीति गरेको अभियोग लगाएर १९९७ सालमा गङ्गालाललगायत शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र दशरथ चन्दलाई मृत्युदण्ड दिइएको थियो । गङ्गालाललाई नेपालका प्रथम विद्यार्थी सहिद मानिन्छ ।राजनीतिक यात्रा : साहसको पर्यायवाची नाम

१९९४ सालमा नेपाली जनताको मुक्ति र प्रजातन्त्र स्थापनाका लागि नेपाल नागरिक अधिकार समिति गठन भएको थियो । युवा गङ्गालाल यस समितिको गतिविधिमा सक्रिय थिए । जनजागरण अभियान समितिले १९९७ साल कात्तिकमा काठमाडौँस्थित इन्द्रचोकमा आमसभा आयोजना गरेको थियो । उक्त सभामा गङ्गालालले पनि सम्बोधन गरेका थिए । त्रिचन्द्र क्याम्पसमा आईएस्सीमा अध्ययनरत होनहार युवा विद्यार्थी गङ्गालालको जोसिलो भाषणबाट आत्तिएका राणाहरूले उनलाई क्रूर पञ्जामा लिए । राणाहरूले गङ्गालाललाई माफी मगाउन कोसिस गरेका थिए तर स्वाभिमानी गङ्गालालले माफी मागेनन् । माफी मगाउन नसकेपछि १९९७ साल माघ १२ गते राति दशरथ चन्दसँगै सेन्ट्रल जेलबाट निकाली विष्णुमतीको किनारमा लगेर राणाशासकहरूले २२ बर्से गङ्गालालको छातीमा गोली हानेर क्रूरतापूर्वक हत्या गरे । उनले नेपालको प्रथम विद्यार्थी सहिदमा नाम लेखाए ।

त्यतिबेला भारतमा अङ्ग्रेज शासनको बन्धनबाट मुक्त हुन सञ्चालित आन्दोलनको प्रभाव बालक गङ्गालालमा परेको हुनसक्ने अनुमान इतिहासकारहरूले गरेका छन् । नेपाल फर्किएपछि गङ्गालालका कविता, प्रवचन र कुराकानीमा परिवर्तनको पक्षधरता पाइन थालेको थियो । यसै सिलसिलामा गङ्गालालले नागरिक अधिकार समितिको आयोजनामा काठमाडौँको इन्द्रचोकमा भएको कार्यक्रममा जोडदार र क्रान्तिकारी भाषण गरे । २० बर्से लक्का जवान गङ्गालालको विद्रोही चेतनाको वास्तविक अभिव्यक्ति थियो त्यो भाषण । उनले इन्द्रचोकमा भाषण गर्नु केही दिनअघि काठमाडौँ असनमा पुराण अवसान गरेको अवसरमा पनि क्रान्तिकारी लिखित भाषण गरेका थिए । उनका यी दुवै भाषण वैचारिक थिए र निरङ्कुश राणाशासनविरुद्ध केन्द्रित थिए ।

साहसी विद्यार्थी गङ्गालाल राणाहरूका अगाडि झुक्नुभन्दा गोली खाएर जीवन बलिदान गर्न तयार भए । त्रिचन्द्रमा अध्ययनरत युवा विद्यार्थी गङ्गालालको यो साहसिक बलिदानले नेपालीलाई विद्रोहमा उत्रिन प्रेरणा दियो । फलस्वरूपनिरङ्कुश राणाशासनका विरुद्ध विद्रोहको भुसको आगो दन्कियो र २००७ सालमा राणाशासन नै समाप्त भयो । यद्यपि राणाशासनको अन्त्यपछि आजसम्म पनि नेपाली जनताका सुखका दिन आएका छैनन् र जनताले विद्रोह र क्रान्तिमा लामबद्ध हुनुपर्ने अवस्था विद्यमान नै छ ।

## त्याग, शौर्य र बलिदानको नमुना

१९९० को आरम्भमै शुक्रराज शास्त्री नागरिक अधिकार समितिमा आबद्ध भइसकेका थिए । उनीलगायत प्रजापरिषद्का दशरथ चन्द, धर्मभक्त माथेमा र शुक्रराज शास्त्रीलाई सर्वस्वहरणसहित फाँसीको सजाय दिइएको थियो । कलिलै उमेर भएकाले गङ्गालाललाई माफी मागे आजन्म कारावास हुने सजाय सुनाइएको थियो तर उनले कसैले बकस दिएको जीवन बाँच्नुभन्दा सङ्घर्षमा नझुकी मर्नु नै उचित ठान्दै फाँसीको सजाय रोजे । राणाशासकहरूले प्रजापरिषद्का अन्य सदस्यहरूमध्ये टङ्कप्रसाद आचार्यलाई मुडीदामल गरी सर्वस्वसहित जन्मकैद, चन्द्रमान सैँजू, गोविन्दप्रसाद उपाध्याय, बनबहादुर पाण्डे, गणेशमान सिंह र हरिकृष्ण श्रेष्ठलाई सर्वस्वसहित जन्मकैदको सजाय सुनाएका थिए । प्रजापरिषद्का अरू सदस्यले पनि कठोर सजाय पाएका थिए ।

सजायस्वरूप १९९७ साल माघ ९ गते टङ्कप्रसाद आचार्य र रामहरि शर्मालाई चारपाटा मुडेर सुँगुरको पाठा बोकाईटुँडिखेलमा घुमाइएको थियो । शुक्रराज शास्त्रीलाई १९९७ साल माघ ११ गते पचली त्रिपुरेश्वरमा झुन्ड्याई मारिएको थियो भने धर्मभक्त माथेमालाई माघ १३ गते राति सिफलमा झुन्ड्याएर मारिएको थियो । गङ्गालाल श्रेष्ठ र दशरथ चन्दलाई माघ १४ गते राति सामाखुसी र विष्णुमतीको दोभानमा गोली हानी मारिएको थियो ।

## बलिदानको कारण क्रान्तिकारी राजनीति

नेपालमा क्रान्तिकारी आन्दोलनमा लामबद्ध भएर बलिदान गर्नेहरूको गौरवशाली इतिहास छ । अङ्ग्रेज शासकका विरुद्ध हजारौँ नेपालीले वीरतापूर्ण र बलिदानीपूर्ण सङ्घर्ष गरेका थिए । राष्ट्रियता, जनतन्त्र र जनजीविका तीनवटै आन्दोलनमा नेपाली जनताले इतिहासदेखि नै निर्भयपूर्वक लडेर बलिदान गरेका छन् । नालापानीदेखि सिन्धुलीगढीसम्मका लडाइँहरू चर्चित छन् । राजनीतिक रूपमा सङ्गठित भएर देशी-विदेशी अन्याय, शोषण र दमनका विरुद्ध सङ्घर्ष गर्ने र बलिदान गर्ने गौरवशाली इतिहासको आरम्भ भने गङ्गालाल श्रेष्ठहरूले नै सुरु गरेका हुन् । २००६ सालमा पुष्पलालको अग्रसरतामा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपछि भने आन्दोलन, सङ्घर्ष, विद्रोह, युद्ध र क्रान्तिको सङ्गठित ज्वारभाटा नै उठेको पाइन्छ । २०२८ सालको झापा विद्रोह र २०५३ सालदेखि सञ्चालित र २०६३ मा विसर्जित जनयुद्ध यसै शृङ्खलाका उत्कर्षहरू हुन् । यद्यपि अहिले पनि नेकपाको नेतृत्वमा वैज्ञानिक समाजवाद स्थापनाका लागि एकीकृत जनक्रान्ति सञ्चालनमा छ ।

विसं १९९० माशुक्रराज शास्त्रीको नेतृत्वमा केदारमान व्यथित, गङ्गालाल श्रेष्ठ, मुरलीधर शर्मा, आनन्दरामलगायत एक्काईसजना व्यक्ति मिली नेपाल नागरिक अधिकार समिति स्थापना गरेका थिए । शुक्रराज शास्त्रीले भारतीय स्वतन्त्रता सङ्ग्रामका नेता महात्मा गान्धी र सुवासचन्द्र बोससँग भेटघाट गरेका थिए । यसैकारण राणा सरकारले शुक्रराज शास्त्रीलाई नजरबन्दमा राखेको थियो । नागरिक अधिकार समितिले १९९५ साल मङ्सिर महिनामा इन्द्रचोकमा राखेको सभामा शुक्रराज शास्त्रीले नजरबन्द तोडेर भाषण गरे । त्यस सभामा गङ्गालाल श्रेष्ठले पनि जनताले अधिकारका निम्ति लड्नुपर्ने कुरा बोलेका थिए । सभामा देशको राजनीतिक, आर्थिक एवम् सामाजिक अवस्थाको विश्लेषण गर्दै राणाशासनको विरोध गरिएको थियो । यसै कारणले शुक्रराज शास्त्रीलाई



तीनबर्से काराबासको सजाय भएको थियो । उक्त सभामा पुराण भनेबापत पण्डित मुरलीधर उपाध्यायलाईसमेत जेल चलान गरिएको थियो ।

राणाशासनको अन्याय, अत्याचार र दमनको सर्वत्र विरोध भइरहेको समयमा निरङ्कुश राणाशासनको अन्त्य गरी सम्पूर्ण अधिकार जनतामा हस्तान्तरण गर्न राजनीतिक पार्टीको आवश्यकता महसुस गरिएको थियो । समाज सुधारका प्रयत्नहरूभन्दा अगाडि बढेर क्रान्तिको शङ्खघोष गर्ने राजनीतिक पार्टीका निम्ति सचेत युवा तथा विद्यार्थी समुदायले त्यतिबेला जोडदार ढङ्गले पहल गरेका थिए । त्यतिखेरका युवाहरू राणाविरोधी भावनाले ओतप्रोत भएका थिए । राणाहरूको अमानवीयता र अत्याचारका कारण व्यापक असन्तुष्टि र विरोध हुन थालेको थियो । विद्यार्थी आन्दोलनले सङ्गठित आन्दोलनका रूपमा नेपाल प्रजापरिषद्को स्थापनादेखि प्रारम्भ भएको देखिन्छ । १९९३ साल जेठ २२ गते धर्मभक्त माथेमाकी फुपूको झोछेँ ओमबहालस्थित घरमा टङ्कप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त माथेमा, रामहरि शर्मा, र जीवराज शर्मा भेला भएर नेपाल प्रजापरिषद् नामक राजनीतिक पार्टी स्थापना गरे । गङ्गालाल यही पार्टीको सदस्य भएका थिए । राणाशासनको अन्त्य गर्नु, प्रजातन्त्र र जनअधिकारको बहाल गर्नु उक्त पार्टीको प्रतिज्ञापत्रमा उल्लेख गरिएको छ ।

प्रजापरिषद्लाई तत्कालीन राजा त्रिभुवनबाट पनि सहयोग भएको कुरा उल्लेख भएको पाइन्छ तर प्रजापरिषद्का कार्यकर्ताहरूलाई फाँसी दिँदा राजा त्रिभुवनले कुनै प्रतिक्रिया देखाउनुको सट्टा उल्टै पञ्जापत्र नै गरेका थिए । त्यो एउटा प्रतिक्रियावादी अवसरवाद रहेको प्रगतिशील पक्षधर इतिहासकारहरूले उल्लेख गरेका छन् ।

प्रजापरिषद्को कार्यक्रम हस्तलिखित पर्चाबाटै सुरु भएको थियो । ९ असार १९९७ सालमा नेपाल प्रजापरिषद्का प्रेसिडेन्टका नामबाट जनताका बीचमा छरिएको उक्त पर्चामा लेखिएको थियो :

राणा वर्ग हो ! तिमीहरूलाई थाहा होला कि नेपाल प्रजापरिषद् भन्ने संस्था नेपाली प्रजालाई तिमीहरूको क्रूर पञ्जाबाट आजाद या स्वतन्त्र गराई शुद्ध ज्ञानको शिक्षा दिई आफ्नो जातिको मान, सम्मान, धन र धर्मको उपार्जन र उन्नतिद्वारा संसारका सभ्य जातिहरूमध्ये एक गराई आफ्नो देशको गौरव हजारौँ वर्षसम्म दिशा-दिशामा गुञ्जन गराउने उद्देश्य लिई यो नेपाल प्रजापरिषद् खुलेको हो ।

राणा हो ! तिमीहरूलाई मौकाले ठूलो सत्कर्म गर्ने सौभाग्य दिएको थियो तर तिमीहरूलाई स्वार्थले गुलाम बनायो । प्रजाको उन्नति गराउने सट्टामा प्रजाको रगत चुसी आफ्ना छोरा, नाति धनी गराउने कोसिस गर्‍यौ । यहाँभन्दा ठूलो कुकर्म अरू के होला ? आफैँ विचार गर । तिमीहरूलाई स्वार्थले कस्तो अन्धो बनाएको रहेछ ? यस्तो घोर कुकर्मले पनि तिम्रो कलेजोलाई जलाउन सकेन । जुन प्रजाहरूले आफ्नो मान, सम्मान, स्वतन्त्रताको रक्षाको भारत धर्म र जातीय उन्नति तिम्रो हातमा सुम्पेका छन्, तिनकै धन अपहरण गरी तिनैलाई गुलाम (कमारो) गराई तिनको अवनतिलाई आफ्नो उन्नति सम्झी तिनको मानसम्मानलाई लातले ठोकेर दिई तिमीहरूले कस्तो घोर कुकर्म गरिरहेका छौ । तिमीहरूको अरू केही ध्येय छैन । येनकेन प्रजालाई अन्धा बनाई तिनको पैसा लुट्नु, तिनका जहानबच्चा एक-एक अन्न अन्नका लागि प्राण दिऊन् । त्यसले उनको रगत र पसिनाले आफ्नो नीच भोग लिप्सा तृप्ति गर्नु ।

राणा हो ! यो आश्चर्यको कुरा हो कि तिमीहरू पशुपति गुह्येश्वरी गई देवतालाई मानिटोपल्दैछौ । होइन, होइन, कदापि होइन । यो तिमीहरूले प्रजाको आँखामा छारो हालेको हो । देवतालाई मान्नेले ईश्वरको डर लिन्छ । खोइ तिमीहरूलाई ईश्वरको डर ? तिमीहरूको क्रूर पञ्जामा परेका प्राणीहरू घोर दरिद्रताको मारले त्राहीत्राही भइरहेका छन् । तैपनि तिम्रो क्रूर पञ्जाले तिनको मुटुबाट रगत नीचोर्न छोडेको छैन । राणा हो ! हाल पनि तिमीहरूले स्वेच्छाचारिताको पूरा नक्सा देखायौ । अङ्ग्रेजको मदतलाई फौज पठायौ । लडाइँमा मद्दत दिनेजस्तो कुरामा तिमीहरूले कोसँग सोध्यौ ? युरोपको लडाइँमा हामीलाई फस्न के नाफा थियो ? १९१४ सालको लडाइँमा अङ्ग्रेजलाई मद्दत दिएर लड्न गएका सिपाहीमा प्रजालाई के नाफा भो ? नाफा तिमीहरूलाई भयो । वर्षको दस लाख बैंकमा जम्मा गर्न पायौ । हाल जर्मनीले पेरिस दखल गरिसक्यो । जर्मनीको जित भएमा आफू त गयौ गयौ । आफ्नो स्वार्थका लागि नेपाली जातिलाई पनि गुलाम और खोक्रो बनायौ र गयौ ।

होइन-होइन, त्यस बखतमा पनि अडौँला र प्रजाको रगत चुसौँला भन्ने तिमीहरूको आशा होला । दुष्ट हो ! तिमीहरूको दुष्टताको वर्णन ब्रह्माको चार मुखले गर्न सक्तैन ।

राणा हो ! यो नठान कि पापको पोल खुल्दैन र तिमीहरूले क्रूरताको फल पाउनेछैनौ । यो ईश्वरको कानुन हो । तिमीहरूले जुन भयंकरतामा क्रूर कर्म गरेका छौ, उही भयंकरतामा, त्यसको फल पाउनेछौ । प्रजाको आँखा मात्र खुलोस्, तिमीहरूका तरबारको बदजस्तो मुखले फुकेको बतासले आकाशको बादललाई हटाउने कोसिस गरी केही काम लाग्दैन, तिम्रो पनि त्यस्तै गरी विफल हुनेछ । झ पनि दश दान गर्ने समय छ, आशा छ मौका चुक्नेछैन ।

शिवकुमार डाँगी, सङ्घर्षका साठी वर्ष, पृ. १६७-१६८, ऐ ।

इतिहासमा उल्लेख भएअनुसार प्रजापरिषद्ले अन्तर्राष्ट्रिय क्षेत्र र विशेषगरी भारतसँग पनि सम्पर्क गरेको थियो । रुसमा लेनिनको नेतृत्वमा भएको बोल्सेभिक क्रान्ति तथा साम्यवादी विचारधाराबाट प्रभावित दशरथ चन्दले भारतसँग सम्पर्क गरेका थिए । उनका लेखहरू भरतबाट प्रकाशित हुने पत्रपत्रिकामा सेवक सिंहको नामबाट प्रकाशित भएका थिए । पछि हातहतियारका लागि सम्पर्क गर्न टङ्कप्रसाद आचार्य आफैँ भारत गए । १९९७ साल असार ९ गते प्रजापरिषद्ले उक्त पर्चा छर्ने काम गर्‍यो । काठमाडौँ उपत्यकाको कुनाकुनामा चारैतिर राणाविरोधी सङ्घर्षको आह्वान गर्दै छरिएका पर्चाहरू देखेर राणाहरू अत्तालिन पुगे । त्यसपछि १९९७ साल असार ३० गते पनि सो पार्टीले राणाशाहीलाई चेतावनी दिँदै अर्को पर्चा छर्ने काम गर्‍यो । यसका साथसाथै प्रजापरिषद्ले राणाविरोधी सङ्घर्षका निम्ति जनतालाई सङ्गठित गर्ने प्रयास पनि गर्‍यो । यी सबै कुराहरू राणाहरूले हेरिरहेका थिए । राणाहरू प्रजापरिषद्का कार्यकर्ताहरूलाई एकएक गरेर व्यापक रूपमा खोजतलाससमेत गर्न थाले । विरोधीहरूलाई सखाप पार्न उनीहरू ज्यान छोडेर खोजीमा निस्किए । १९९७ साल साउन ११ गते इस्तिहार जारी गरेर प्रजापरिषद्का कुनै पनि सदस्यलाई सुराक दिने वा गिरफ्तार गराउने व्यक्तिलाई पाँच हजार इनाम दिने घोषणा गर्‍यो । यसै समयमा गङ्गालाल श्रेष्ठ, गणेशमान सिंह हरिकृष्ण र रामहरि शर्मा पनि यस पार्टीका सदस्य बनिसकेका थिए ।

डाँगीको पुस्तकमा लेखिएको छ, 'प्रजापरिषद् पनि राणाशाहीको अन्त्य गर्ने शपथ खाएर लडाइँको मैदानमा उत्रिएको राजनीतिक पार्टी थियो । यस कुराको घोषणा भएको ६ दिनपछि उक्त इस्तिहारलाई चुनौती दिँदै अर्को पर्चा छर्ने काम भयो । यसबाट जनतामा राणाशासनविरुद्ध बोल्ने र अभिव्यक्ति प्रकट गर्नेखालको वातावरण त बन्यो तर राणाहरू भने त्यसबाट अत्यन्त आक्रोशित बने । उनीहरूले जथाभाबी धरपकड गर्ने र जेलसजाय दिन थाले । दुर्भाग्यवश प्रजापरिषद्का तीनजना सदस्यहरूले राणाहरूलाई सुराक दिएकाले १९९७ साल कात्तिक २ गते दुईजना सदस्यबाहेक प्रजापरिषद्का सम्पूर्ण सदस्यहरू गिरफ्तार भए । उनीहरू सबैलाई जेल, सिक्री र हथकडी लगाएर सिंहदरबारमा दाखिल गराई अत्यन्त निर्ममतापूर्वक यातना दिइयो । शङ्करशमशेरको अध्यक्षतामा राणाहरूले एक विशेष अदालत गठन गरी कठोर दण्डसजाय दिए ।'

ज्लेमा राखिएकै समयमा गङ्गालालले बाबु भक्तलाललाई क्रान्तिकारी भावना र देशभक्तिपूर्ण चेतनाले ओतप्रो एक पत्र लेखे । त्यस पत्रमा लेखिएको थियो :

## पिताका नाममा गङ्गालालको चिठी

बा !

तपाईंको आज्ञापालन गरेर शान्तिसित बसौँला भन्ने लागेको थियो । सक्तै सकिनँ । म सक्तिनँ । आज रातभर निद्रा परेन । बिर्से पनि हुने पाठ म घोकिरहेछु । सम्झिनुपर्ने पाठचाहिँ मैले बिर्सनै आँटेछु । आफ्नो पेटको अग्निलाई आफ्नै रगतले निभाइरहेका भोका अगणित भाइहरूको पहेला सुखसित डराएर आँखा चिम्लिन आँटेछु । तिनका पेटको गहिरो स्वरले मागेको सुन्न नसकी कान थुनेर भाग्न पो आँटेछु । आन्तस्करणबाट आगो रुमलिएर आयो । के के असह्य भयो । अब म सहन असमर्थ छु जताततै कोलाहलको ज्वाला देख्छु । आफैँ सल्कन लागेको छ ।मलाई त्यो निभाएर मर्न दिनोस् ।

तपाईं मेरो पिता हुनुहुन्छ तर हामी सबैजनाको जन्मभूमि माताप्रतिको हाम्रो कर्तव्यमा तपाईंको आज्ञाले म पछि हट्न सक्तिनँ । म तपाईंको आज्ञाले चूपचाप राष्ट्रको पाप बोक्न सक्तिनँ । अब मेरो माया मारिदिनोस् । मेरो अरू भाइहरू छँदैछन् । एउटा छोरालाई नेपाल आमाका निम्ति बलिदान दिनुहोला भन्ने देशभक्त पुत्र गङ्गालालको निवेदन छ । अत्याचार र अन्यायका विरुद्ध लड्दै म देशलाई छातीको ढाल थापेर बचाउँछु ।

बालक पुत्र गङ्गालालको दण्डवत् सेवा ।... अब मेरो माया मारिदिनोस् । मेरो अरू भाइहरू छँदैछन् । एउटा छोरालाई नेपाल आमाका निम्ति बलिदान दिनुहोला भन्ने देशभक्त पुत्र गङ्गालालको निवेदन छ । अत्याचार र अन्यायका विरुद्ध लड्दै म देशलाई छातीको ढाल थापेर बचाउँछु ।

बालक पुत्र गङ्गालालको दण्डवत् सेवा !

यो चिठी १९९७ सालमा गङ्गालाल पक्राउ भएपछि उनको घरमा खानतलासी भएर सिंहदरबारमा थुपारेको कागजबाट बालकृष्ण समले पाउनुभएको हो । गङ्गालालले 'अबदेखि राजनीतिमा काम गर्दिनँ, सिधा सोझो भएर पढेर कुनै रोजगार गर्छु' भनेपछि केही साता अघि मात्र जागिरे भएर पहाडी क्षेत्रमा गइरहेका आफ्ना पितालाई अब मैले सहन सकिनँ भनेर उनले चिठी लेखेका थिए ।

'सिद्धिचरणका जेल संस्मरण' पुस्तकबाट

हसिनादेवीको शालीन आक्रोश

सहिदका तस्बिरमा अबिरमाला गरेर मात्र सहिदको सम्मान हुँदैन

गङ्गालालको बलिदानको ६८ वर्षपछि गङ्गालालकी जीवनसँगिनी हसिनादेवीले भनेकी थिइन् : इतिहास र इतिहास निर्माताहरूको आत्मिक सम्मान हुन नसक्दा देशले दुर्गति बेहोर्नु परिरहेको वास्तविकता हाम्रासामु छ । बलिदानपूर्ण विगतलाई बिर्सेर अगाडि बढ्न खोज्ने शासकीय प्रवृत्तिले गर्दा नै मुलुकले नयाँ निकास पाउन नसकेको हो । मैले मेरो जीवनलाई एक्लो अनुभूति गर्नु परे पनि देशले मुहार फेर्ने आशा गरेकी थिएँ । ६७ वर्ष बितिसक्दा पनि गङ्गालाल र उहाँहरूजस्ता हजारौँ योद्धाहरूले परिवर्तनका लागि बगाउनुभएको रगतले सम्मान पाएको अनुभूति गर्न नपाउँदा पीडा भएको छ । आशा छ, आगामी आन्दोलनहरूले अपूर्ण प्रक्रियालाई पूर्ण गराउनेछन् र गौरवपूर्ण विगतको सम्मान हुनेछ । सहिदका तस्बिरमा अबिरमाला गरेर मात्र सहिदको सम्मान हुँदैन । उनीहरूको महान् विचारको सम्मान गर्न सके मात्र उनीहरूको रातो रगतले बनाएको इतिहासको वास्तविक सम्मान हुनेछ । यसका लागि अपूर्णतामा लगेर टुंग्याइएका आन्दोलनहरूलाई पूर्णतामा पुर्‍याउन आवश्यक छ । गौरवपूर्ण परम्परालाई कायम गर्दै यस्तो आन्दोलनको उठान विद्यार्थीहरूले गर्नेछन् विश्वास छ ।

(हसिनादेवी, आन्दोलनको मार्गदर्शन, लेखक : शिवकुमार डाँगी, सङ्घर्षका साठी वर्ष : नेपाली विद्यार्थी आन्दोलनको गौरवशाली इतिहास, सम्पादन : अशोक सुवेदी र अरूहरू, प्रकाशक : सरस्वती पोखरेल, २०६४)

## हुने बिरुवाको चिल्लो पात

नेपाली जनसमुदायमा चलेको एउटा पुरानो भनाइ छ- हुने बिरुवाको चिल्लो पात । यो भनाइ गङ्गालाल श्रेष्ठमा ठ्याक्कै लागू हुन्छ । पढाइमा मेधावी, तीक्ष्ण मस्तिष्क, बौद्धिक-वैचारिक र दृढ अडानका व्यक्तित्व थिए गङ्गालाल । गङ्गालालको २२ बर्से जीवनको समग्र र सूक्ष्म अध्ययनबाट के निष्कर्ष निकाल्न सकिन्छ भने उनी अदम्य साहस, आँट, विचार र दूरदृष्टिसहितका क्रान्तिकारी योद्धा थिए । यही आत्मत्यागमय इच्छाशक्तिले नै उनलाई निरङ्कुश राणाशासनका विरुद्ध निर्भीक बनेर लड्न र बलिदान गर्न उत्प्रेरित गरेको थियो ।

## जोशिला गङ्गालाल

युवक गङ्गालालको भावना र विचारधारा, उत्साह र उमङ्ग १९९५ साल मार्गमा इन्द्रचोकमा भएको आमसभामा नै प्रदर्शित भएको थियो जुन राजधानीमा नै भएको थियो ।त्यस कार्यक्रममा खुलेआम सरकारको भण्डाफोड गरियो जसमा आफ्नो हक पाउनसरकारसँग

# निङ्कुश ...

सङ्घर्ष गर्न आह्वान गरियो । १९९७ सालमा सहिद भएका वीरहरूमध्ये नौजवान गङ्गालाल उमेरमा त सबभन्दा कान्छा थिए तर राजनैतिक चेतना, देशप्रेम, कुर्वानीको आदर्श आदि गुणमा उनी अरूभन्दा कम थिएनन् ।

भुवनलाल प्रधान, ऐ पृ.१७-१८

१९९३ साल आसपासको समयमै दशरथ चन्द-धर्मभक्त माथेमाहरूले स्थापना गरेको नेपाल प्रजापरिषद्मा गङ्गालालको आबद्धता र यसै वर्ष चिनियाँलाल सिंहले खिलटोलस्थित आफ्नै घरमा स्थापना गरेको महावीर इन्स्टिच्युट नामको पब्लिक स्कुलमा गङ्गालाल शिक्षक बनेर अध्यापन गर्नु, पाठ्यक्रमबाहेक राजनीतिक विषयमा पनि अध्यापन र विचारविमर्शहरू हुनु राणाशासनविरुद्ध युवाहरूको सङ्गठित राजनीतक-वैचारिक कार्यक्रमहरू थिए । १९९४ सालमा स्थापित नेपाल नागरिक अधिकार समितिमा त गङ्गालाल प्रत्यक्ष रूपमै आबद्ध थिए । यो संस्थाले नियमित रूपमा छलफल, बहस र भाषण कार्यक्रम आयोजना गरेर निरन्तर जनचेतना जगाइरहेको थियो ।

भुवनलाल श्रेष्ठले लेखेका छन्, '१९९७ सालको काण्डको सिलसिलामा बाँसमा झुन्ड्याइएर पिटिँदा पनि उनको साहस अदम्य थियो, उनको दिल अडिग थियो । माफी मागे ज्यान बचाइदिने सरकारी आश्वासनको हँसी उडाउनेमा दशरथ चन्दको साथै गङ्गालाल पनि थिए ।'

ऐ. पृ. २०-२१

इतिहासका अध्येता भुवनलालले पनि माघ १५ गते राति गङ्गालाललाई दशरथ चन्दका साथै सेन्ट्रल जेलबाट प्याफलको बाटोबाट विष्णुमती लगिँदा प्याफलको बाटो छेउमै बस्ने उनकी एक दिनकी सुत्केरी पत्नी हसिनादेवीलाई 'हसिना' भनेर बोलाएको उल्लेख गरेका छन् । कतिपय सन्दर्भमा इतिहासकार हरूले गङ्गालालले हसिनादेवीलाई छोराको राम्रो हेरचाह गर्न र आफ्नो अनुपस्थितिमा कुनै चिन्ता नलिन सुझाव दिएको चर्चा गरेको पाइन्छ । यो लेखकले २०६४ सालमा शिव डाँगी लिखित सङ्घर्षका साठी वर्ष पुस्तक सम्पादन गर्ने समयमा हसिनादेवीको शुभकामना लिन जाने र सोही वर्ष एबीसी टेलिभिजनको आत्मवृत्तान्त स्तम्भमा अन्तर्वार्ता लिन जाने क्रममा हसिनादेवीले भनेकी थिइन्, 'फाँसी दिन लगिँदै गरेका गङ्गालालले आफू देशका लागि सहिद हुन लागेकाले कुनै पनि चिन्ता नलिनू भन्नुभएको थियो । आफू राणाशासनबाट उत्पीडित सबै जनता र देशको मुक्तिका लागि सहिद हुन लागेकाले कुनै दिन देश र जनताले त्यसको प्रतिफल प्राप्त गर्ने बताउनुभएको थियो ।'

भेटका क्रममा गङ्गालालकी पत्नी हसिनादेवीले राणाशासकहरूले गोली हान्ने क्रममा पनि गङ्गालालले हाँसीहाँसी छाती थापेको सन्दर्भ उल्लेख गरेकी थिइन् । गोली प्रहार गर्न खटाएको मानिसले गङ्गालालमाथि गोली हान्न डराएपछि नरशमशेर आफैँले गोली प्रहार गरेको तर खुट्टामा गोली लागेपछि गङ्गालालले उसलाई दुत्कार्दै 'म देश र जनताको मुक्तिका लागि हाँसीहाँसी सहिद बन्न लागेकाले हिम्मत भए छातीमै गोली हान् कायर' भनेको पनि स्मरण गराएकी थिइन् ।

यो सन्दर्भ भुवनलालले पनि आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । उनले लेखेका छन्, 'विष्णुमतीको बगरमा बाँसमा हातखुट्टा बाँधिएर सँगसँगै ठडाइए । यस्तो हालतमा पनि उनीहरू झन् निर्भीक र उत्साही बनेका थिए । निक्कै बेरको भनाभनपछि जनरल नरशमशेरले गङ्गालाललाई कुठाउँमा गोली चलाई अन्तिम बार माफी माग्न आग्रह गरे । तर रक्ताम्य भएका गङ्गालालले त्यस सुझाउको झन् कडा शब्दमा तिरस्कार गरे । अनि मात्र उनीमाथि ठाउँमा गोली चलाइयो ।'

ऐ. पृ. २२-२३

डा. राजेश गौतमले 'नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजा-परिषद्को भूमिका' शीर्षक शोध-पुस्तकको पाँचौँ अध्याय 'नेपाल प्रजापषिद्का कार्यकर्ताहरूमाथि दमननीति' शीर्षकको दशरथ चन्द र गङ्गालाल श्रेष्ठको गिरफ्तारी उपशीर्षकमा नेपाल प्रजापरिषद्का संस्थापक, आबद्ध र सहयोगीहरूको गिरफ्तारीको शृङ्खलामा दशरथ चन्द र गङ्गालाल श्रेष्ठको गिरफ्तारीबारे विस्तृत परिचर्चा गरेका छन् ।

उनले १९९७ सालको कात्ति २ गते बिहान ८ बजेतिर वेदबहादुर सिलवाल कृष्णबहादुर थापालाई भिन्दाभिन्दै खड्ग निशाना दिई केही सिपाहीहरू र एउटाएउटा मोटरसहित वेदबहादुर सिलवाललाई प्याफल बस्ने गङ्गालाल श्रेष्ठलाई र कृष्णबहादुर थापालाई पकनाजोल बस्ने दशरथ चन्दलाई समातेर ल्याउन भनी शङ्करशमशेरले आदेश दिएको लेखकसँग वेदबहादुर सिलवालले ०३९ साल माघ ६ गते लिएको अन्तर्वार्ताको स्रोत उल्लेख गर्दै लेखेका छन् ।

(पृष्ठ १२४)

कृष्णबहादुर थापा सिंहदरबारबाट दशरथ चन्द बसेको घर घेर्न र उनलाई गिरफ्तार गर्न पकनाजोल गए तर त्यतिखेर उनी घरमा थिएनन् । कृष्णबहादुर घर घेरेर बसिरहे । केही समयपछि दशरथ चन्द डम्बरकुमारीको खास्टो ओढेर आए । कृष्णबहादुरले उनलाई घरबाहिर समाती उनको कोठामा लगे । सिपाहीहरूले घर खानतलासी गर्न थाले । त्यही समय दशरथ चन्दलाई खाना खाने मौका पनि दिए । उनको कोठामा त्यस्तो कुनै पनि वस्तु र सामानहरू प्राप्त भएन । उनको एउटा ट्रक, बेडिङ र केही किताबहरू मत्र लिई दशरथ चन्दलाई गिरफ्तार गरी सिहंहदरबार पुऱ्याई सैनिक स्कुलमा राखिएको गौतमले कृष्णबहादुर थापासँग ०३९ साल माघ ६ गते गरेको अन्तर्वार्ताको सन्दर्भ उल्लेख गर्दै पुस्तकमा लेखेका छन् ।

उनका अनुसार दशरथ चन्द गिरफ्तार हुँदा नहडबडाई सबैसँग हँसिलोमुखले अभिवादन गरी गएका थिए । दशरथ चन्दलाई गिरफ्तार गर्दा देख्ने त्यतिखेर करिब १२/१३ वर्ष पुगेका तिलकराज शाहीलाई सोध्दा त्यही कुरा दोहोऱ्याएको गौतमले उल्लेख गरेका छन् ।

गङ्गालाल श्रेष्ठलाई गिरफ्तार गर्न वेदबहादुर सिलवाल गएका थिए । वेदबहादुर सिलवालले गङ्गालाल श्रेष्ठ बसेको घर प्याफलमा गई घर घेरेका थिए । त्यस समयमा गङ्गालाल पनि घरमा थिएनन् । केही समयपछि कोठामा आएका गङ्गालाललाई वेदबहादुरले समातेका थिए । उनलाई पनि दशरथ चन्दलाई जस्तै खाना खान दिइएको थियो । खाना खान दिएपछि कोठामा ल्याएर कोठाको खानतलासी गरियो । खानतलासीमा धेरै किताब र कलमहरूमात्र प्राप्त भए । गङ्गालाल श्रेष्ठका सबै परिवारलाई तल छिँडीमा सिपाहीहरूको निगरानीमा राखी गङ्गालाललाई सिंहदरबार पुऱ्याइएको लेखकले वेदबहादुरसँग लिएको अन्तर्वार्ताको सन्दर्भ उल्लेख गर्दै गौतमले लेखेका छन् । बिहान १०-११ बजेतिर समातिएका गङ्गालाललाई सिंहदरबार पुऱ्याई शङ्करशमशेरलाई बुझाइएको थियो ।

पृ. १२४-१२५

## फैसला सहर्ष स्वीकार

नेपाल प्रजापरिषद्का बारेमा सूक्ष्म अध्ययन गरेका गौतमले निरङ्कुश राणा शासनविरुद्ध सङ्घर्ष गरिरहेका प्रजापरिषद्का सदस्यहरूले आफूहरूमाथि सरकारले गरेको फैसला सामान्य रूपमै स्वीकार गरेको उल्लेख गरेका छन् । उनका अनुसार सुब्बा महेन्द्रबहादुर महतले एउटा लामो कागत हेर्दै अभियुक्तहरूले पाएको सजाय सुनाउन थाले । सर्वप्रथम शुक्रराज शास्त्रीलाई सर्वस्वहरणसहित फाँसी (मृत्युदण्ड) को सजाय सुनाइयो । त्यसको प्रत्युत्तरमा शुक्रराज शास्त्रीले ओम शान्ति भनी एक पाइला अगाडि बढी उक्त सजायलाई स्वीकार गरेको दर्साई पुनः पछाडि आफ्नो ठाउँमा फर्के । त्यसपछि दशरथ चन्दलाई अंश सर्वस्वसहित फाँसीको सजाय सुनाइयो । प्रत्युत्तरमा छाती फुलाई ' फाँसी क्या चीज है ?' भनी ठूलो ठूलो स्वरले हाँसी अगाडि बढेर सजाय सुनी पछाडि फर्किए । गङ्गालाल श्रेष्ठलाई अंशसहित फाँसीको सजाय सुनाए तापनि कलिलै उमेरका भएकाले माफी मागे आजन्म काराबास भनेर सजाय सुनाइयो । कसैले बक्स दिएको ज्यानलाई स्वीकार गरेर बाँचिँदैन भन्ने खरो जबाफ दिएर उनी अडिएको जानकारी गौतमले चन्द्रमान सैँजू, टङ्कप्रसाद आचार्य र वेदबहादुर सिलवालसँग गरेको अन्तर्वार्ताका क्रममा लिएका हुन् । तुरुन्तै उनलाई पनि फाँसीकै सजाय सुनाइएको थियो । प्रत्युत्तरमा उनी पनि दशरथ चन्दजस्तै युवाजोस देखाई हाँसेर अघि बढी सजाय स्वीकार गर्दै पछाडि फर्किएका थिए ।

## गङ्गालालमाथि चरम यातना

गिरफ्तारीपछि प्रजापरिषद्का सदस्यहरूलाई चरम यातना दिइएको थियो । गङ्गालाल श्रेष्ठलाई दिइएको यातनाका बारेमा उनका फुपूका छोरा चन्द्रमान श्रेष्ठले आफूसँगको अन्तर्वार्तामा भनेको कुरालाई गौतमले यसरी उद्धरण गरेका छन् :

'...एक दिन म बहादुरशमशेरसित सिंहदरबारको पुतली बैठकमा रहेको कठघरामा गएको थिएँ । त्यहाँ मैले गङ्गालाल श्रेष्ठलाई पिटिरहेको जुन दृश्य देखेँ त्यो आजसम्म पनि झलझली मेरो आँखाअगाडि आउँछ । उनका दुवै हात पछाडि लगेर बाँधिएको थियो । बाँधिएको हातको बीचबाट एउटा बाँस छिराएर त्यसलाई दुवैतिर २-२ जना सिपाहीहरूले उचालेर बोकेका थिए । जसले गर्दा उनी जमिनबाट एक-एक हात माथि उचालिएका थिए । त्यसरी उचालिएका गङ्गालालका खुट्टा पनि एकआपसमा जोडेर बाँधिएका थिए । सिपाहीहरूले उनको खुट्टाको नलीहाडमा छालाको कोर्राहरूले हानिरहेका थिए । जुन कोर्रा उनको खुट्टामा बेरिन्थ्यो । सिपाहीहरू त्यसलाई एकै झटकमा तान्दथे । त्यसरी तान्दा उनको खुट्टाका मासुहरू खुट्टाको हाडबाट छुट्दथे । मासुहरू फुट्दथे । त्यसमा राणाहरू आइडिन खनाउनु भन्दथे । यसरी उनी कुटाइ खाइरहेका थिए । तर उनी थाकेका थिएनन् । सिपाहीहरू थाक्दथे र पालो फेर्दथे ।'

(पृ. १३५)

गङ्गालाललाई यातना दिएको देख्ने नेपाल प्रजापरिषद्का सदस्य हरिकृष्ण श्रेष्ठको भनाइलाई गौतमले यसरी प्रस्तुत गरेका छन्-

'...उनको सुरुवाल धुजाधुजा भएर घाउभित्र पसेका थिए । दिनभर कुटेर बेलुकी बाँसबाट ओराल्दा उनी पुर्लुङ्ग ढले जसरी गुलेलीबाट हानेको ढुङ्गा लागी भँगेरा ढल्दछ । म त्यहीँ थिएँ । म गएर उनलाई समातेँ । नरशमशेरले तेरो ज्वाइँ (गङ्गालालकी पत्नी हसिनादेवी हरिकृष्ण श्रेष्ठका मामाकी छोरी थिइन्) को के गति भएको छ तेरो पनि त्यही गति हुनेछ, सबै कुरा बता भनेर भने । म चुप लागिरहेँ । गङ्गालाललाई त्यहाँबाट दुईजनाले घिसारेर लगे ।'

## 'खतरनाक' गङ्गालाल

गङ्गालाल उमेरमा कान्छो भए पनि एकदमै निर्भीक र आफ्नो उद्देश्यप्रति प्रतिबद्ध थिए । त्यसैले उनलाई राणाशासकहरूले खतरनाक व्यक्तिका रूपमा लिएका थिए । उनलाई माफी मगाउन सकिए त्यसले अरूलाई पनि क्रान्तिको मार्गबाट फर्काउन सकिन्छ भन्ने भ्रम राणाशासकहरूमा थियो । त्यसैले गिरफ्तारीदेखि फाँसीको समयसम्म पनि उनीमाथि बारम्बार माफी माग्न भनिएको थियो । कहाँसम्म भने दुई गोली हानिसक्दा पनि माफी माग्न भनिएको थियो तर उनले कसैको बक्सिसको जीवन नबाँच्ने, छातीमा गोली थापेरै देश र जनताका लागि सहिद बन्ने प्रतिबद्धता दोहोऱ्याए । झुन्ड्याएर मारिनुभन्दा गोली खाएर मर्नु ठूलो साहसको काम हुन्छ भनेर दशरथ चन्द र गङ्गालालले सल्लाह गरेरै राणा शासकहरूसँग आफूलाई गोली हानेर मार्न सुझाव दिएका थिए ।

गङ्गालाल श्रेष्ठलाई फाँसीको सजाय सुनाउँदा उनकी पत्नी हसिनादेवी गर्भवती थिइन् । श्रीमती गर्भवती भएको अवस्था देखेर पनि हुनुपर्छ गङ्गालाललाई फाँसीको सजाय सुनाए पनि माफी मागेमा आजन्म काराबासको सजाय दिने भन्ने भित्री निर्णय गरिएको पनि इतिहासकारहरूले कहीँकहीँ उल्लेख गरेका छन् । गौतमका अनुसार गङ्गालालको कलिलो उमेर देखेर सजाय सुनाइसकेपछि बहादुरशमशेरकी छोरी पुकुमैयाँ र अरू घरबेटीहरू मिलेर प्रधानमन्त्री जुद्धशमशेरकहाँ गई गङ्गालाललाई माफी दिन अनुरोध गरेका थिए । उनीहरूले त्यस्तो बालकलाई कसरी मारिसिन्छ भनी जुद्धशमशेरलाई सोध्दा उनले कुनै पनि प्रत्युत्तर नदिएको र फेरि अर्कोपल्ट पनि उनीहरूले अनुरोध गर्दा ' तिमीहरू त्यसलाई केटाकेटी भन्छौ, त्यसले कस्तोकस्तो काम गऱ्यो थाहा छैन ? तिमीहरू नै केटाकेटी छौ, बुझ्दैनौ, जाऊ भनेर गाली गरेर पठाएका थिए । तर जुद्धशमशेरले गङ्गालालले अन्तिम समयसम्म पनि माफी मागेको खण्डमा माफी दिने गोप्य निर्णय गरेका थिए र त्यस्तै निर्देशन पनि दिएका थिए भन्ने कुरा गौतमले ब्रह्मशमशेर, ज्यानबहादुर नेवा, वेदबहादुर सिलवाल र कृष्णबहादुर थापासँग गरेको अन्तर्वार्तामा उल्लेख गरेका छन् । तर गङ्गालाल भिक मागेर ज्यान बचाइमाग्ने पक्षमा थिएनन् । उनले माफी माग्ने कुरा कहिल्यै सोचेनन्, बरु त्यस्तो तुच्छ कार्यलाई घृणा गरिरहे । लोकतन्त्रका नाममा शासन गरिरहेको वर्तमान सरकार क्रान्तिकारीहरूप्रति क्रूर र निरङ्कुश बन्दै गएको सन्दर्भमा पनि नेपाली जनता विद्रोह र क्रान्तिको बाटोमा लामबद्ध छन् । महान् सहिदहरूको त्याग, शौर्य र बलिदान जनताका लागि उत्प्रेरणाको स्रोत बनिरहेको छ ।

राणाहरूले शुक्रराज शास्त्रीलाई मारिसकेपछि दशरथ चन्दले गङ्गालाललाई भनेका थिए, 'वीरले झैँ गोली खाएर मर्नुपर्छ, झुन्डिएर मर्नु हुँदैन ।'गङ्गालाल पनि झुन्डिएर भन्दा गोली खाएरै बलिदान दिने पक्षमा थिए । उनीहरूले जेलको कर्नेललाई बोलाए' हामी झन्डिएर होइन, गोली खाएर मर्न चाहन्छौँ । त्यसैले तिम्रो महाराजालाई हाम्रो सजायमा फाँसी भए पनि गोली हान्ने आदेश दिन अनुरोध गर्न चाहन्छौँ' भनेको कुरा चन्द्रमान सैँजुले गौतमसँग बताएका थिए । जुद्धशमशेरले दशरथ र गङ्गालालको इच्छाबमोजिम गोली हानेरै मार्नू भन्ने आदेश दिँदा दुवैजना खुसी भएर हाँसेको चन्द्रमान सैँजुले बताएका थिए ।

१९९७ साल माघ ११ गते गङ्गालाल र दशरथ चन्दलाई थुनिएको सिंहदरबारभित्रको एउटा कोठाबाट सदर जेलमा ल्याइएको थियो किनकि त्यस दिन गङ्गालाललाई भेट्न उनका आफन्त आउँदै थिए । गङ्गालाललाई भेट्न गएका चन्द्रमान श्रेष्ठले त्यतिबेलाको कुरा सम्झिँदै भनेका छन्, '...भेट्न बोलाएपछि गङ्गालालका पिता भक्तलाल, शम्भुराम, आनन्दरामलगायत म पनि थिएँ । भक्तलाल गङ्गालाललाई देख्नासाथ रोएर फर्के । हामीले भेट्यौँ । उनलाई भेट गराउन ल्याउँदा दुवै हात पछाडि लगेर बाँधिएको र हतकडी लगाइएको थियो । मैले उनकी पत्नी र आमाले माफी मागिरहेको कुरा बताएँ । तर उनले त्यसतर्फ वास्ता गरेनन् र अगाडि रहेको कल्पवृक्षको रूख र जगन्नाथको मन्दिरलाई उदाहरण बनाएर यो रूख पनि पुरानो र बूढो भएपछि आफैँ ढल्छ । त्यस्तै गरी यो मन्दिर पनि पुरानो भएपछि चुहन्छि र भत्किन्छ । हाम्रो जीवन पनि त्यस्तै हो, केही छैन भनी हामीलाई नै सान्त्वना दिन थाले । त्यसपछि भेट्ने समय सकिएकाले गङ्गालाललाई जेलभित्र लगे ।'

पृ. १७९

गङ्गालालसँग आफन्तहरूले करिब आधा घन्टाजति भेटेका थिए । गङ्गालाल जेलभित्र पसेपछि उनीसँग अङ्कमाल गरेर दशरथले चिउँडो समाती टाउको उठाउँदै अनुहारतिर हेरेर गम्किँदै भनेका थिए, 'स्याबास् मेरो भाइ कहिल्यै रुँदैन ।' गङ्गालालको आँखामा आँसु थिएन । गङ्गालाल जेलभित्र पसेको केही समयपछि उनलाई भेट्न पुगेकी साथी कामक्षदेवीले भेट र कुराकानीबारे भनेकी छिन्, ' दाइ केही भन्नु छ कि भन्नुस् भन्दा मैया बहिनी, मेरो जीवनी दमनराज तुलाधरलाई भनेर, सोधेर लेखाउनू, साथीहरूलाई बनाएको बाटो नभुल्नू भनिदिनू ।'

पृ. १८०

माघ १३ गते गङ्गालालकी पत्नी हसिनादेवीले छोरो जन्माइन् । छोरो जन्मिएको खबर गङ्गालाललाई जेलमा सुनाइयो । छोराको नाम शशि राख्नू भनेर गङ्गालालले घरमा खबर पठाएको चन्द्रमानले बताएका छन् ।

## पाशविक, कायरतापूर्ण र क्रूर हत्या

शासकहरू क्रूर हुन्छन् । सत्ताका सामुन्ने तिनीहरू अन्धा हुन पुग्छन् । माघ १४ गते राति जेलबाट सिक्री र नेलसहित निकालेर एउटै गाडीमा विष्णुमती किनार शोभाभगवतीतिर लगिएको थियो । फाँसी दिनुअघि र फाँसी दिँदाको अवस्थाका बारेमा प्रत्यक्षदर्शी वेदबहादुर सिलवालले भनेका छन्, '...उनीहरूलाई त्यहाँ पुऱ्याएपछि नरशमशेरले गङ्गालालको अन्तिम इच्छा सोधे । गङ्गालालले नुहाई केही पाठ गर्ने इच्छा भएको कुरा बताए । उनलाई ती कार्य गर्न अनुमति दिए । त्यसपछि नरशमशेरले दशरथ चन्दलाई उनको अन्तिम इच्छा सोधे । उनले मेरो इच्छा तैँले पुऱ्याउन सक्छस् ? भनी सोधी राणाशासन खतम भएको हेर्ने इच्छा छ भनी भने । त्यसपछि नरशमशेर रिसाएर उनलाई गाडिएको लठ्ठामा बाँध्ने आदेश दिए । सिपाहीहरूले दशरथ चन्दलाई बाँध्न लागेको देखेर गङ्गालाल ननुहाईकनै त्यहीँ आए । नरशमशेरले उनलाई पनि बाँध्ने आदेश दिए । त्यसरी बाँध्दा दशरथ चन्दलाई उत्तरपट्टि र गङ्गालाललाई पश्चिमपट्टि फर्काएर बाँधिएको थियो । ती दुवैजनालाई बाँधिसकेपछि नरशमशेरले गङ्गालाललाई हेरेर 'हेर, माफी मागिस् भने अझै पनि तँलाई समय छ' भनेर भन्दा 'मैले माफी माग्नुपर्ने काम के नै गरेको छु र ? फेरि म तँजस्तो कसाईजस्तो मानिससित किन माफी माग्छु ? बरु तैँले, तिमीहरूले गरेको अत्याचारका लागि हामीसँग माफी माग' भनी भनेका थिए ।'

पृ. १८१-१८२

त्यसपछि दशरथ चन्द र गङ्गालालको बीच पहिले को मर्ने भन्ने विषयमा कुराकानी भएको थियो । राणा सरकारले दशरथलाई पहिले गोली हानी मार्ने र गङ्गालाललाई तर्साएर माफी मगाउने भित्री योजना बनाएको थियो । त्यो कुरा दुवैले थाहा पाएका थिए । त्यसैले दशरथ चन्दले पहिले गङ्गालाललाई गोली हान्न अनुरोध गरेका थिए । तर गङ्गालालले दशरथ चन्दको कुरा बुझिसकेका थिए । उनले भने, 'दाइ, म तपाईंको मनको कुरा बुझ्छु । तपाईं ढुक्क हुनुहोस् म माफी कहिल्यै माग्दिनँ ।'

त्यसपछिको अवस्थाका बारेमा वेदबहादुरले भनेका छन्, 'यसपछि उनीहरूलाई मार्न भनी त्यहाँ उपस्थित गराइएका दुई पोडेहरू ल्याइयो र पहिलो पोडेलाई दशरथ चन्दको घुँडामा गोली हान्न लगाइयो । उसले नगिचै गएर गोली हान्यो । यसले उनलाई कुनै असर परेन । त्यसपछि त्यही पोडेलाई दोस्रो गोली तिघ्रामा हान्न लगाइयो । उसले फेरि नगिचै गई हान्यो । दशरथ चन्द छटपटाउन थाले । अनि गङ्गालाल रिसाएर सक्छस् भने तेरो बाउलाई एक गोली हानेर मार भनी कराए । नरशमशेर रिसाएर एक गोली स्वयम्ले गङ्गालालको घुँडामा हाने । तर त्यसले उनलाई कुनै असर पारेन । गङ्गालाल नरशमशेरलाई गाली गरिरहे । यही बेला फेरि तेस्रो गोली दशरथको कोखामा हान्न भनियो । उसले नगिचै गएर कोखामा गोली हान्यो । उनी झन् छट्पटाउन थाले । यी सबै दृश्य देखाएर नरशमशेर गङ्गालाललाई माफी मगाउन चाहन्थ्यो तर त्यसले गङ्गालाललाई झन् उत्तेजित र जोशिलो बनायो ।

त्यही समय नरशमशेरले दोस्रो गोली गङ्गालालको तिघ्राभन्दा अलि तल हाने । उनले फेरि नरशमशेरलाई गाली गर्न थाले । त्यतिन्जेलसम्मदशरथ छट्पटाइरहेका नै थिए । नरशमशेरको आदेशमा पहिलो पोडेले अर्को चौथो गोली दशरथ चन्दको छातीमा हान्यो र उनलाई सहिद बनायो । ...त्यसपछि नरशमशेरले गाली गरिरहेका गङ्गालालको तिघ्रामा नै तेस्रो गोली हाने । गङ्गालाल छट्पटाउन थाले । त्यो सबै दृश्य दोस्रो पोडेले हेरिरहेको थियो । नरशमशेरले दोस्रो पोडेलाई बोलाई गङ्गालाललाई गोली हान्ने आदेश दिए । तर उसले गोली हान्न अस्वीकार गऱ्यो र रुन थाल्यो । नरशमशेरले फकाउँदा पनि पोडे गोली हान्न तयार भएन । गोली हान्न तयार नभएको भन्दै उक्त पोडेलाई ६ महिनासम्म सिंहदरबारमै थुनिएको पनि गौतमको पुस्तकमा उल्लेख छ ।

त्यसपछिको अवस्थाबारे प्रत्यक्षदर्शी वेदबहादुर सिलवालले भनेका छन्, 'यसपछि नरशमशेरले पहिलो पोडेलाई ल्याई गङ्गालाललाई गोली हान्न भने तर यतिखेर उसले पनि नगिचै गएर गोली हान्न नसक्ने र टाढाबाट हानेको गोली पनि लाग्न नसक्ने बताई गोली हान्न अस्वीकार गऱ्यो । यतिखेर ऊ पनि कामिरहेको थियो तैपनि नरशमशेरले त्यस पोडेलाई अँगालो हाली फकाउन थाले । टाढैबाट गोली होली हान्न अँगालो हाली पिस्तोल समाउन मद्दत दिए । त्यसप्रकार मद्दत दिँदादिँदै पिस्तोलबाट दुईवटा गोली छुट्यो जुन क्रमशः गङ्गालालको पेट र कोखामा लाग्न गयो । गङ्गालाल पनि सहिद भए ।'

पृ. १८३

गङ्गालाल सहिद हुँदा राति (बिहान) को दुई बजेको थियो । यसरी गङ्गालालले निरङ्कुश राणाशासनको अन्त्य र नेपाली जनताको मुक्तिका लागि आफ्नो ओजस्वी र गौरवशाली मृत्यु वरण गरे । उनलाई नेपालका प्रथम विद्यार्थी सहिद मानिएको छ ।

१९९७ सालको सहिदकाण्डबारे अध्ययन

१९९७ सालको सहिद पर्व र निरङ्कुश राणाशासनकालको इतिहासका विषयमा नेपालका धेरै अध्येताहरूले कलम चलाएका छन् । कयौँ अध्येता र स्रष्टाहरूले त राणाशासनका विरुद्ध लड्दालड्दै सहिद बनेका गङ्गालाल श्रेष्ठ र कृष्णलाल अधिकारी जन्मिएको जिल्ला रामेछाप र सहिदहरूको जन्मथलो भँगेरी र कठजोरको यात्रा गरेरै लेख, संस्मरण, पुस्तक र पत्रिकाहरू लेखेका छन् । प्राडा सुरेन्द्र केसी, नेत्री एवम् स्रष्टा शान्ता श्रेष्ठ, प्रा. राजेन्द्र सुवेदी, डा. रामप्रसाद ज्ञवाली, प्रा. पुष्कर लोहनी, अनिल शर्मा ' विरही', नारायण शर्मा 'कमलप्रसाद', सरला रेग्मी, हीरामणि दुःखी, लेखनाथ न्यौपाने, प्राडा जगदीशचन्द्र भण्डारी, अशोक सुवेदी, मधुसूदन पाण्डेय, झपेन्द्र वैद्यलगायतले गङ्गालाल, पुष्पलाल र कृष्णलालको जन्मथलोमै पुगेर अनुभूतिहरू लेखेका छन् । (उनीहरूका लेख/संस्मरण/अनुभूतिका अंशहरू यसै आलेखमा विभिन्न सन्दर्भमा दिइएका छन्- लेखक)

इतिहासका अध्येता राजेश गौतमले नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजा-परिषद्को भूमिका विषयमा विद्यावारिधि गरेका छन् । यद्यपि निरङ्कुश राणाशासनका विरुद्ध लखन थापाको विद्रोह, सुब्बा कृष्णलाल अधिकारीको मकैको खेती पुस्तक, उनले गरेको साहित्यिक विद्रोह र बलिदानका बारेमा अध्येताहरूले विभिन्न समयमा अध्ययन गरी पुस्तक, लेखरचनाहरू प्रकाशित गरेका छन् । बालचन्द्र शर्माको नेपालको ऐतिहासिक रूपरेखा, जीवराज शर्माको नेपाल प्रजापरिषद्को सङ्क्षिप्त इतिहास, वीणा दैवज्ञको २००७ सालमा राजनीतिक दलहरूको भूमिका, जगतबहादुर सिंहको नेपाल प्रजापरिषद्को सङ्क्षिप्त इतिहास, पुष्पलाल श्रेष्ठको कालकोठरीबाट, धर्मरत्न यमीको नेपालको कुरा, डिल्लीरमण रेग्मीको अ सेन्चुरी अफ फेमेली अटोक्रेसी इन नेपाल, एरिका ल्युस्टाकको विथ ए किङ इन द क्लाउड, भुवनलाल जोशी र लिओ ई रोजको डेमोक्रेटिक इनोभेसन इन नेपाल, भोला चटर्जीको ए स्टडी अफ रिसेन्ट नेपलिज पोलिटिक्स, खड्गमान सिंहको जेलमा बीस वर्ष, चन्द्रकान्ता मल्लको मेरो आत्मकथा, दमनराज तुलाधरको कन्टेम्पोररी नेपाल, श्यामप्रसाद शर्माको थुनुवाको डायरी, डा. हरिराज भट्टराईको सम्पादकत्वको चन्द्रधर उप्रेती स्मृतिग्रन्थ, चन्द्रविक्रम बुढाथोकीको डेमोक्रेटिक मुभमेन्ट इन नेपाल, दुर्गादेवी श्रेष्ठको प्रधानमन्त्री जुद्धशमशेरको शासनकाल : एक परिचय, भीमबहादुर पाँडेको त्यसबखतको नेपाल, राजेश गौतमको नेपालका प्रजातन्त्रका प्रवर्तक श्री ५ त्रिभुवन, टङ्कप्रसाद आचार्यको प्रजातन्त्र आउन अझै २५ वर्ष लाग्छ (अन्तर्वार्ता), राजेश गौतमकै गङ्गालाललाई गोली कसले हान्यो ?,शान्ता श्रेष्ठको मान्छेभित्रको मान्छे, चन्द्रकान्ता जोशीको...., अशोक सुवेदीको लेखन/सम्पादन र हितप्रसाद उपाध्याय जूनमाया सुवेदी साहित्य प्रतिष्ठानको प्रकाशनका नेपालका प्रथम साहित्यिक सहिद कृष्णलाल अधिकारी र मकैको खेती, नौलो बिहानी वर्ष १, अङ्क १, लालभूमिको यात्रा, लालबस्ती, बन्द कोठादेखि युद्ध-कला सङ्ग्रहालयसम्म, रामेछाप जिल्लाका साहित्यकार र कवि हितप्रसाद उपाध्याय सुवेदीलगायत पुस्तक, पत्रिकाहरूमा रामेछाप जिल्ला, रामेछापमा जन्मिएका सहिदहरूगङ्गालाल श्रेष्ठ, कृष्णलाल अधिकारी र नेकपाका संस्थापक महासचिव पुष्पलालका बारेमा पर्याप्त चर्चा गरिएको छ ।

## निष्कर्ष

गङ्गालाल श्रेष्ठ नेपालको राजनीतिक इतिहासका अत्यन्त इमानदार, होनहार, बौद्धिक व्यक्तित्वका साथै प्रथम विद्यार्थी सहिद हुन् । निरंकुश राणाशासनको अन्याय, अत्याचार, विभेद र दमनका विरुद्ध राजनीतिक सङ्गठन खोलेर सङ्गठित हुँदै विद्रोह बोल्ने गङ्गालाल लखन थापा, योगमाया र कृष्णलाल अधिकारीहरूका उत्तराधिकारी हुन् भने कृष्ण सेन इच्छुक, दिलमाया बम्जनलगायत दसौँ हजार सहिदहरूका विचार, विद्रोह र बलिदानका ऊर्जा हुन् । गङ्गालालले राणा शासनविरुद्ध विद्रोह बलेर बलिदान नगरेका हुन्थे भने पुष्पलाललाई कम्युनिस्ट घोषणापत्र नेपाली भाषामा अनुवाद गरी नेपाल कम्युनिस्ट पार्टी स्थापना गर्ने प्रेरणा जाग्थ्यो कि जाग्दैनथ्यो, भन्न सकिन्न । जसरी लेनिनका दाजु अलेक्ज्यान्डर उल्यानोभले जारशाहीका विरुद्ध बलिदान गरेपछि लेनिन क्रान्तिकारी आन्दोलनमा अग्रपङ्क्तिमा लामबद्ध भएर क्रान्तिको नेतृत्व गर्नुभएको थियो, त्यसैगरी गङ्गालालको बलिदानले पुष्पलाललाई नेकपा स्थापना गर्न र कम्युनिस्ट आन्दोलन सञ्चालन गर्न प्रेरित गरेको थियो । त्यसैले गङ्गालाल सहिद त हुनुहुन्छ नै नेपालका क्रान्तिकारी आन्दोलनका उत्प्रेरक पनि हुनुहुन्छ । सबैखाले शोषण, अन्याय, अत्याचार, विभेद र दासताविरुद्ध विद्रोहको झन्डा उचाल्ने गङ्गालाल श्रेष्ठ नेपाल र नेपालीको मुक्तिका पथप्रदर्शक हुनुहन्छ । उहाँका योगदानहरूको कदर गर्नु, उहाँ हिँडेको बलिदानको बाटो हिँड्नु र कुनै किसिमको डर, धाक, धम्की र लोभलालचमा नफसी निरन्तर देश र जनताका लागि समर्पित हुनु गङ्गालाल बन्नु हो । उहाँको व्यक्तित्व र कीर्तित्वले स्वाभिमानी नेपालीहरूलाई सदा प्रेरित गरिरहेको छ, गरिरहनेछ । गङ्गालालको नाम अमर सहिदका रुपमा स्थापित भए पनि उहाँमाथि जति काम हुनुपर्थ्यो त्यति हुन सकेको छैन । प्रतिष्ठान निर्माण गरी उहाँ र पुष्पलालको जन्मथलो भँगेरीमा सालिक, उद्यान, पुस्तकालय, सङ्ग्रहालय निर्माण गर्नु आवश्यक छ । जति भएको छ त्यो अपुग छ । उहाँहरूका अनुयायी हौँ भन्दै सत्तामा ढलिमली गर्ने, सत्ताको दुरुपयोग गर्ने, उहाँहरूको नाममा सत्ताको दोहन गर्ने गलत संस्कार बढेको छ । त्यसलाई निरुत्साहित गर्दै उहाँहरूका योगदान स्थापित गर्नुपर्छ । उहाँहरूका नाममा विश्वविद्यालय र अनुसन्धान केन्द्रहरू निर्माण हुनुपर्छ ।जनउत्तरदायी वैज्ञानिक समाजवादी सत्ताले मात्र सहिदहरूको लक्ष्य र उद्देश्य पूरा गर्नसक्छ । चेतनशील जनसमुदाय त्यस बाटोतर्फ अग्रसर हुनुपर्छ । अहिलेलाई यत्ति नै ।

१६ माघ, २०७५

## सन्दर्भसूची


- सिद्धिचरणका जेल संस्मरण
- भुवनलाल प्रधान, सहिद परिचय, गङ्गालाल, काठमाडौँ नगर पञ्चायत २०४३ ।
- नौलो बिहानी मासिक वर्ष १, अङ्क १, फागुन, २०५४
- डा. राजेश गौतम, नेपालको प्रजातान्त्रिक आ(न्दोलनमा नेपाल प्रजा-परिषद्को भूमिका, दोस्रो संस्करण, २०६२
- शिवकुमार डाँगी, सङ्घर्षका साठी वर्ष : नेपाली विद्यार्थी आन्दोलनको गौरवशाली इतिहास, सम्पादन : अशोक सुवेदी र अरूहरू, प्रकाशक : सरस्वती पोखरेल, २०६४)
- अशोक सुवेदी, नेपालका प्रथम साहित्यिक सहिद कृष्णलाल अधिकारी र मकैको खेती, प्रकाशक : हितप्रसाद उपाध्याय-जूनमाया सुवेदी साहित्य प्रतिष्ठान, २०६७ ।
- लालभूमिको यात्रा, २०६७
- रामेछाप जिल्लाका साहित्यकार र कवि हितप्रसाद उपाध्याय सुवेदी, २०६७
- लालबस्ती, २०७१
- बन्द कोठादेखि युद्ध-कला सङ्ग्रहालयसम्म, नौलो बिहानी मासिक, २०७५
- हसिनादेवीसँगको अन्तर्वार्ता, २०६४


*(साभार : 'क्रान्तिवीर सहिद गङ्गालाल श्रेष्ठ' पुस्तकमा प्रकाशित लेख)*

हुलाक द. नं. ११/०७२/७३ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२
वर्ष ५, अङ्क ३२, पूर्णाङ्क २२७
रातोखबर

## नियमित

# जहाँ सरकारी प्रतिबन्धको कुनै प्रभाव छैन


समरकुमार धामी

एकीकृत जनक्रान्तिको उद्गमथलो कर्णाली-भेरी ब्युरोअन्तर्गत कालीकोटमा नेपाल कम्युनिस्ट पार्टीको ठूलो प्रभाव छ। त्यहाँको करिब १,३६,९४८ जनसङ्ख्यामध्ये यो पार्टीमा ४५ प्रतिशतभन्दा बढी जनता आबद्ध छन् । पलाता गाउँपालिका, नरहरिनाथ गाउँपालिका, रास्कोट नगरपालिका, सान्ने त्रिवेणी गाउँपालिका र पचाल झरना गाउँपालिका नेपाल कम्युनिस्ट पार्टीको आधारइलाका हो भने शुभकालिका गाउँपालिका, तिला गुफा नगरपालिका र खाँडाचक्र नगरपालिका महत्वपूर्ण क्षेत्र हुन् । २०७५ साल फागुन २८ गते केपी वली सरकारले प्रतिबन्ध लगाएपछि देसैभरि त्यसको ठूलो प्रभाव पऱ्यो तर कालीकोट एउटा जिल्ला होला जहाँ प्रतिबन्धको केही प्रभाव परेको छैन । राजनीतिक क्रान्तिप्रतिको चेतनाले कालीकोटे जनतामा विद्रोहको भावना प्रबल भएर प्रकट भएको छ ।

हामीले ४३ वटा ठूला जनसभा गरेका छौँ । करिब ४५,००० जनता प्रत्यक्ष रूपमा सहभागी भए । अप्रत्यक्ष रूपमा ६०,००० जनताले हाम्रो कार्यक्रम हेरे । केन्द्रीय सामना परिवार भन्नेबित्तिकै जनताले असाध्यै रुचाएका छन् । दसबर्से महान् जनयुद्धको ठूलो प्रभाव रहेको थियो यहाँ । स्थानीय प्रहरी प्रशासन पनि खासै हाम्रो पार्टीप्रति नकारात्मक देखिएन । जे होस्, कालीकोटको जनउभारले देशभरि क्रान्तिकारीहरूलाई ठूलो प्रेरणा मिलेको छ ।

१५ देखि २० वर्ष उमेरसमूहका युवाहरूको आकर्षण पार्टीप्रति निकै छ । राजनीतिक रूपमा कालीकोटमा ठूलो उपलब्धि हासिल भएको छ । यो पार्टी बाहिर अन्य जिल्लाभन्दा निकै शक्तिशाली रहेको छ । कथित सत्तारूढ नेकपा, प्रतिपक्षी नेपाली काङ्ग्रेस र अन्य पार्टीका नेता-कार्यकर्ताको नेपाल कम्युनिस्ट पार्टी नेता पार्टी बनेको छ । जनताको अगाडि जुनसुकै तागत पनि निरीह बन्छ भन्ने कुरा कालीकोट जिल्ला पार्टीले पुष्टि गरेको छ । २०७६ पुस १ गतेदेखि शुभकालिका १ छातीबाट सुरु भएको जनसभा तथा सांस्कृतिक कार्यक्रम २०७६ माघ १० गते नरहरिनाथ गाउँपालिका वडा ८, लालुमा पगेर समापन भएको थियो ।

हिउँसँग मित्रता गाँस्दै लालबस्तीमा जनताको प्यारो सामना परिवार जनताको घरआँगनमा पुगिरहेको छ । मङ्सिर महिनाको मसान्तताका मौसमी प्रतिकूलता पनि उत्तिकै थियो । २०७६ मङ्सिर ३० गते शुभकालिका १ छातीमा कालीकोट जिल्ला सङ्गठन समितिका सदस्य धनबहादुर कमरेडले स्वागत गर्नुभयो । हामी टाढाबाट आएकाले थकित थियौँ । मगरबस्तीमा जनशैली अपनाउँदै छाती ढुक्कै भएर रात काट्यौँ । पुस १ गते नयाँ महिनाको सुरुमै सयौँ जनताका बीचमा जनसभा तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो ।

जनतासँग बिदा माग्दै पुस २ गते छातीदेखि भर्तातिर हिँडियो । सबै कमरेड गाउँमा लामबद्ध भएर हिँड्दा विशिष्ट खालको अनुभूति भएको थियो । पहिलोचोटि सायद हिउँमा २ घन्टा हिँड्ने अवसर पाइयो । निकै रमाइलो भयो । हामीले दलित बस्तीका बासिन्दासँग पार्टीको आमनीतिसम्बन्धी विशेष छलफल गरेका थियौँ । पुस ३ गते श्री जनज्योति मावि शुभकालिका ३ भर्तामा सयौँ जनता, विद्यार्थी, कर्मचारी, जनप्रतिनिधिका बीचमा पार्टीका जिल्ला सेक्रेटरी रणदीपले सम्बोधन गर्नुभएको थियो । पुस ४ गते भर्ताबाट सामना कलाकार र जिल्ला पार्टीका साथीहरू हिँड्यौँ । शुभकालिका वडा २ कालप्कोटमा रहेको केन्द्रीय सामना परिवारका सदस्य पल रावलकी दिदीको घरमा बास बसियो ।

पुस ५ गते कालीकोटमा भव्य कार्यक्रम गरियो । मौसमी प्रतिकूलताका बीच कालीकोटपूर्वको अन्तिम दैलेख जिल्लाको सामरिक क्षेत्रसँग जोडिएको डिल्लीकोटमा पुस ९ गते कार्यक्रम भयो । हिउँले ढाकिएको डिल्लीकोट सौन्दर्यको हिसाबले निकै मनमोहक थियो । हामीले त्यहाँ पनि जनतासँग घनिष्ट समन्वय गर्दै नयाँ क्रान्तिकारी भाव पैदा गऱ्यौँ । त्यहाँ पार्टीको कार्यदिशा एकीकृत जनक्रान्तिका विषयमा छलफल भएको थियो । पुस १० गते डिल्लीकोटबाट करिब ८ घन्टाको बाटो लगातार हिँडियो । साँझ छाप्रेमा अवस्थित कमरेड रमेशको घरमा पुगियो । पुस ११ गते हजारौँ जनतामाझ कार्यक्रम सम्पन्न गऱ्यौँ । पुस १२ गते त्यहाँबाट बिदा माग्दै कालीकोट र जुम्लाको सिमानामा पर्ने फुई महादेपमा पुग्यौँ । पुस १३ गते त्यहाँ पनि कार्यक्रम गऱ्यौँ । पुस १४ गते त्यहाँबाट करिब ३ घन्टाको यात्रा गाडीबाट जितेमा पुगेर बास बसियो । त्यसपछि साँझ खाना खाएपछि रातको समय त्यो ठाउँमा बस्न त्यति अनुकूल नभएकाले बिहान हामी आधारक्षेत्रमा प्रवेश गऱ्यौँ ।

पुस १४ खिनमा पुग्यौँ । १५ गते त्यही गाउँमा कार्यक्रम गरियो । जनमुक्ति सेनासँग भेट भयो । त्यो भेटघाटले हामी थप रोमाञ्चित भयौँ । त्यहाँबाट क्रमशः छलाहा, धौलागाउँ र लार्फको राडुनेटामा भव्यताका साथ कार्यक्रम सम्पन्न गऱ्यौँ । मौसमी प्रतिकूलताका बीच पनि हाम्रो कार्यक्रममा पुरानो सत्ताका प्रतिनिधिहरू आएर कार्यक्रम हेरे । पार्टीको विचार पनि सुने । जे होस्, हजारौँ जनताका बीचमा पार्टीको विचार पुऱ्याउन ठूलो सहयोग पुगेको महसुस भयो । पुस २१ गते नानीकोटमा कार्यक्रम गरियो । पुस २२ गते भूकोटमा सांस्कृतिक कार्यक्रम गरियो । त्यहाँ भेरी-कर्णाली ब्युरोस्तरीय कलाकारको टिम र जनमुक्ति सेनाका कमरेडहरूसँग भेट भयो । पुस २४ गते श्रीपाट, पुस २६ गते मुम्रा, पुस २८ गते मेलमुडी, पुस २९ गते लुइटा, माघ १ गते राकु, माघ २ गते कोटबाडा, माघ ५ डाँडाखोला, माघ ६ गते रूपसामा भएका कार्यक्रमहरू निकै प्रभावकारी रहे । माल्कोट, कुमालगाउँ, लालुमा कार्यक्रम गर्दा तथा जनताको प्रत्येक घरमा पुग्दा जनताले नेपाल कम्युनिस्ट पार्टीमाथि निकै भरोसा गरेको कुरा गहिरो गरी महसुस भयो । त्यहाँ जनमुक्ति सेना र कलाकार बन्छु भन्ने युवाहरूमा पार्टी र क्रान्तिप्रति ठूलो आकर्षण र प्रभाव परेको पाइयो ।

हामीलाई लाग्छ, कालीकोटजस्तो देशका अन्य जिल्ला भएको भए क्रान्तिको लहर अर्कै हुने थियो । हाम्रो अभियानात्मक कार्यक्रममा ९९ प्रतिशत सफलता मिलेको छ । यसले हामीलाई निकै हौसला पनि दिएको छ । यहाँ फासिवादी प्रतिबन्धको कुनै महसुस गर्नु परेन । स्थानीय प्रशासन र प्रहरीकै अगाडि कार्यक्रम सम्पन्न भएका छन् । प्रतिबन्धको महसुस नै नहुने पार्टीको व्यापक प्रचारले कथित जनप्रतिनिधिहरूको सातो गएको छ । यसले हामीलाई मात्र होइन, सिङ्गो पार्टीलाई सकारात्मक सन्देश दिएको हामीले महसुस गरेका छौँ । साथै, एकीकृत जनक्रान्तिको उज्ज्वल भविष्य देखेका छौँ ।

# साउदीस्थित नेपालीले दिए सामना परिवारलाई किबोर्ड उपहार



नेपाल कम्युनिस्ट पार्टी मध्यपूर्व जिल्लाअन्तर्गत नेपाली जनप्रगतिशील मोर्चा साउदीको क्षेत्रीय समिति दमामले अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय टोली सामना परिवारलाई किबोर्ड उपहार प्रदान गरेको छ ।

नेपाली जनप्रगतिशील मोर्चाका केन्द्रीय कोषाध्यक्ष राम थापाको संयोजकत्वमा क्षेत्रीय इन्चार्ज वीरबहादुर खड्का, सचिव तोया भट्टलगायत सम्पूर्ण क्षेत्रीय सदस्यले गरेको सहयोगबाट सङ्कलित ४१ हजार रुपैयाँबाट किनिएको किबोर्ड साउदी मोर्चाका केन्द्रीय अध्यक्ष युवराज कार्कीले सामना परिवारका इन्चार्ज सरल माझीलाई हस्तान्तरण गरेको जानकारी मोर्चाले दिएको छ । सामना परिवार यतिबेला देशव्यापी जागरण अभियानमा क्रियाशील छ ।




| क.सं. | काठमाण्डौ उपत्यका खानेपानी सुधार आयोजना | लक्ष्य | इकाइ | प्रगति |
|---|---|---|---|---|
| १ | थोक वितरण प्रणालीको निर्माण | ७७ | कि.मि | ७५ |
| २ | थोक वितरण प्रणालीको सफाइ तथा परीक्षण | ७७ | कि.मि | ५९.७८ |
| ३ | पानीपोखरीहरूको निर्माण | १० | वटा | ९ |
| | कूल क्षमता | ७४,५०० | घन मिटर | ९७.२९५% |
| ४ | घरधारा जडान | १,०२,५७४ | वटा | ६९,३७७ |
| ५ | सडक पुर्नस्थापन | ११० | कि.मि | ४० |

| | कार्यहरू | लक्ष्य | इकाइ | प्रगति |
|---|---|---|---|---|
| १ | **नदी खोलाको दुबै किनारमा इन्टरसेप्टर ढल निर्माण** | | | |
| | हनुमन्ते इन्टरसेप्टर (IS-01) पाइप बिछ्याउने काम | २५.३५ | कि.मि. | १६.३२ |
| | मनोहरा इन्टरसेप्टर (IS-02) पाइप बिछ्याउने काम | ११.३६ | कि.मि. | ५.५ |
| | खस्याङखुसङ इन्टरसेप्टर (IS-03) पाइप बिछ्याउने काम | ७.६८ | कि.मि. | ७.१ |
| २ | **फोहर पानी प्रशोधन केन्द्रहरू (WWTP) को निर्माण** | | | |
| | गुह्येश्वरी WWTP (प्रशोधन क्षमता ३ करोड २४ लाख लिटर प्रतिदिन) | | प्रतिशत | ९५.९ |
| | सल्लाघारी WWTP (प्रशोधन क्षमता १ करोड ४२ लाख लिटर प्रतिदिन), बालकुमारी WWTP (१ करोड ७५ लाख लिटर प्रतिदिन) तथा धोबीघाट WWTP (७ करोड ४० लाख लिटर प्रतिदिन) | | प्रतिशत | १६.३ |

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
अनामनगर, काठमाण्डौ
टोल-फ्रि नम्बरः ११३९, फोन नं: ४२२२९८६, ४२२४९८६ एक्स्टेन्सन १३१, फ्याक्सः ४२२४०५७
www.kuklpid.org.np

## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।

२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।

३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**


१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।

२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।

३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५




निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ